CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निशान्त

मुखपत्र

२०५८

प्रकाशक :

महेन्द्र संस्कृत विश्वविद्यालय

हजारी जनक विद्यापीठ (क्याम्पस)

जनकपुरधाम, धनुषा

नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजारी जनक विद्यापीठ (क्याम्पस) को

वार्षिक मुखपत्र

निशान्त

अंक : ८ वर्ष : २०५८

संरक्षक :

प्राचार्य श्री कार्तिकेय झा

सल्लाहकार :

प्राध्यापक डा० श्री गोविन्द चौधरी
उप-प्राध्यापक श्री केशवशरण उपाध्याय
उप-प्राध्यापक श्री दुर्गाप्रसाद घिमिरे

सम्पादक मण्डल :

उप-प्राध्यापक श्री शिवप्रसाद निरौला (प्रधान सम्पादक)
उप-प्राध्यापक श्री देवीकान्त लाल कर्ण (सदस्य)
उप-प्राध्यापक श्री माधवप्रसाद चालिसे (सदस्य)
उप-प्राध्यापक श्री विजय कुमार दत्त (सदस्य)
सहायक प्रशासक श्री सुधाकर चौधरी (सदस्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक :

महेन्द्र संस्कृत विश्वविद्यालय

हजारी जनक विद्यापीठ (क्याम्पस)

जनकपुरधाम, नेपाल

फोन नं० २०६६५

प्रकाशन :

१५० प्रति

प्रकाशन मिति :

२०५८।१२।२७ गते

मुद्रक :

मजदूर छापाखाना

जानकी चौक, जनकपुरधाम

फोन नं. २२७४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

हजारी जनक विद्यापीठको मुखपत्रका रूपमा "निशान्त" पत्रिकाको आठौं अङ्क प्रकाशित गर्न लागिएकोमा हर्षित छु। मूलतः भाषिक शुद्धता नै पत्रिकाको पहिलो शोभा हो भने अनि मात्र अरू शैलीगत र विषयगतको पालो आउनुपर्दछ। जब कसैको अभिव्यक्तिले उसको मर्म र मार्मिक विचारलाई राम्ररी संप्रेषण गर्न सक्दैन भने त्यस लेखको कुनै अर्थ रहन्न।

प्राचीन कालदेखि सम्पूर्ण भाषाको मूल स्रोतको रूपमा रहेको संस्कृत शिक्षा ज्ञानको विशाल भण्डार हो। मानव जीवनका यावत् विषयको गहिराइमा पुग्ने सशक्त माध्यमको रूपमा रहेको यस प्राचीन सम्पत्तिलाई जनमानसमा लोकप्रिय बनाई यसबाट यथेष्ट लाभ प्राप्त गर्न नसक्नु नै आजको हाम्रो प्रमुख चुनौती हो।

संस्कृत शिक्षाप्रति जवर्जस्ती विकृति सृजना गर्न खोजिएको हालको अवस्थामा यस मुखपत्रको प्रकाशनले संस्कृत वाङ्मय र अध्यात्म ज्ञानको यथार्थ वोध गराउँदै संस्कृत भाषा जति प्राचीन छ, त्यति नै नवीन र आधुनिक पनि छ भन्ने सन्देश सहित संस्कृतको क्लिष्टतालाई सरल व्यावहारिक र जीवनोपयोगी बनाउदै संस्कृत भाषाको विकासमा महत्त्वपूर्ण योगदान पु-याउन सक्नेछ भन्ने विश्वासका साथ यस मुखपत्रको पूर्ण सफलताका लागि शुभकामना व्यक्त गर्दछु।

आचार्य पूर्णचन्द्र ढुङ्गेल
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

विदेहराज जनकको राज्यस्थल र जनकनन्दिनी जानकीजीको क्रीडा-भूमिका रूपमा सुपरिचित जनकपुरधामस्थित संस्कृत शिक्षणको केन्द्रका रूपमा प्रतिष्ठित हजारी जनक विद्यापीठको मुखपत्रका रूपमा प्रकाशित हुँदै आएको "निशान्त" को आठौं अङ्कको प्रकाशनको शुभ समाचार-वाट अत्यन्त हर्षको अनुभव भएको छ ।

संस्कृत शिक्षाको औचित्य र नेपालीमात्रका निमित्त यसको अपरिहार्यताको वोध गराउँदै समय सापेक्ष नव सृजनाका माध्यमवाट संस्कृत साहित्य एवं नेपाली वाङ्मयको श्रीवृद्धिमा निशान्तको योग-दान महत्त्वपूर्ण हुने कुरामा विश्वस्त छु । यस पत्रिकाको गरिमा बढाउन आफ्ना अमूल्य रचना उपलब्ध गराई सहयोग पुऱ्याउने महानुभावहरूप्रति धन्यवाद दिंदै "निशान्त" को स्तरीयता तथा निरन्तरताको निमित्त हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रा. डा. माधवशरण उपाध्याय

शिक्षाध्यक्ष

महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

यस महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गतको ऐतिहासिक महत्त्वको संवाहक हजारी जनक विद्यापीठ जनकपुरबाट वार्षिक मुखपत्र को रूपमा "निशान्त" नामक पत्रिकाको आठौं अंक प्रकाशन हुन लागेको सुन्दा ज्यादैं खुशी लागेको छ ।

प्रकाशोन्मुख यस वार्षिक मुखपत्रले "तमसोमा ज्योतिर्गमय" "वसुधैव कुटुम्वकम्" जस्ता आदर्श वाक्यहरूलाई चरितार्थ गर्दै राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृतिका साथै संस्कृत वाङ्मयमा निहित ज्ञान विज्ञानका कुराहरूलाई समेत जनसमक्ष पुर्याई समयोचित मार्ग निर्देश गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

प्रा. स्थानेश्वर गौतम
कुलसचिव
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

यस विदेहराज जनकको तपोभूमि जनकनन्दिनी जानकीको पावन नगरीमा अवस्थित हजारी जनक विद्यापीठवाट वार्षिक मुखपत्र-का रूपमा प्रकाशित हुने "निशान्त" पत्रिकाले आठौं अङ्क पार गर्दै छ। यसले धेरै विद्वान्हरू र प्रतिभा सम्पन्न छात्र-छात्राहरूलाई आ-आफ्नो दक्षता प्रदर्शन गर्दै विचारात्मक, भावात्मक, ऐतिहासिक, दार्शनिक तथा समालोचनात्मक लेख रचनाहरूले आफ्नो प्रतिभालाई पल्लवित र पुष्पित वनाउने अवसर प्रदान गर्दै आएको कुरा सर्वविदितै छ। यसमा संस्कृत, नेपाली मैथिली र अंग्रेजी लेख रचनाहरू समावेश छन्। युगानुकूल सवैलाई समान अवसर दिनुपर्ने भएको हुँदा मान्यता प्राप्त सबै भाषा भाषिकाहरूलाई समेटेर लैजाने "वसुधैव कुटुम्बकम्" को मान्यतालाई यसले स्वीकार गर्दै आएको छ।

चारै तर्फवाट संस्कृत भाषालाई प्रहार भैरहेको यस अवस्थामा आ-आफ्नो भाषा भाषिकाको माध्यमद्वारा संस्कृतलाई सरल र सुबोध वनाई वचाउने वेला आइसकेको छ। संस्कारमा वाँधिएको संस्कृत भाषा भएता पनि आज संस्कार विहीन वाह्य धर्म र भाषाहरूले छिन्न भिन्न हुन पुगेको छ। संस्कार प्रदान गर्ने गुरुकुल आश्रमहरू प्रायः विलुप्त भैसकेका छन्। संस्कृत दलित र तल्लो जातले पढ्नु हुँदैन भन्ने कलंक गाउँ घर सबैतिर यथावत् छँदैछ। विरोधीहरूले संस्कृत क्षेत्री र वाहुनको मात्र भाषा हो भन्ने प्रचार गरेर निमुखा मानिसहरूलाई लडाउँदै छन्। यसैको परिणाम विश्वविद्यालय, पुस्तकालय, कार्यालय, औद्योगिक पूर्वाधारहरू खरानीमा परिणत हुँदै छन्। आधुनिक वोक्रे सभ्यताले प्राचीन धरोहरहरू हल्लिइरहेका छन्। सत्यताको कुरै छोडौ मानिसमा नैतिकता, सहिष्णुता, सहनशीलता यी सबै लाचार भैसकेका छन्। मानिसको मूल्य मान्यता र जीवन खसी, वोका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो सस्तो भैरहेको छ। राम्रो सोच्ने समय पनि कसैसंग छैन सबैलाई राता रात धनी हुनु छ, सबैतिर लुटालुट, मारामार, भागाभाग मच्चिइ रहेछ। लक्ष्य विहीन दिग्भ्रमित भएर अहिले हाम्रो समाज दौडिरहेछ । "बुद्धको देश" "जनकको देश" "सीताको देश" आज यस्तो कसरी ? हामीले आफ्नो संस्कृत वाङ्मयले दिएको मौलिकतालाई त्यागेर नै यी विषमपरिस्थिति हाम्रा समक्ष छन् भन्ने कुरा बिसर्नु हुँदैन।

महेन्द्र संस्कृत विश्वविद्यालयले केही सकारात्मक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ–जस्तै–प्राचीन संस्कृत ग्रन्थहरूको नेपालीमा अनुवादसहित प्रकाशन, भाषाप्रशिक्षण, कर्मकाण्डप्रशिक्षण, आयुर्वेद शिक्षाको लागि विभिन्न स्वायत्त शिक्षण संस्थालाई मान्यता प्रदान इत्यादि। यी कार्यक्रमहरूलाई अझ सशक्त र सुदृढ तथा दीर्घकालीन बनाउन विश्वविद्यालयले प्रयास गर्दै रहोस् भन्ने हामी सबैको चाहना छ।

यो कम्प्युटर युगमा मानिसहरू कठिन परिश्रम गर्न चाहदैनन्, सरलता र सुगमता हुन आवश्यक देखिन्छ। तल्लो स्तरमा अध्ययन गर्ने छात्र-छात्राहरूको लागि आफैले अध्ययन गर्न सक्ने तरिकाले पाठ्यक्रमको तयारी गर्नु पर्ने परिस्थिति आइसकेको छ। जति प्रतिकूल परिस्थिति भएतापनि संस्कृतको उत्थानका लागि हामीहरूले नै प्रयाश गर्नु पर्दछ।

"विघ्नैः पुनः पुनरपि प्रतिहन्यमानाः ।
प्रारब्धमुत्तमजना न परित्यजन्ति ॥"

यो भर्तृहरिको कथनलाई चरितार्थ गर्नु परेको छ।

अन्त्यमा शुभकामना, लेख, रचनाहरू दिएर यो "निशान्त" नामक पत्रिका प्रकाशन गर्न सहयोग पु-याउनु हुने विद्वद्वर्गमा धन्यवाद प्रदान गर्दै समयमै प्रकाशन गर्नमा सहयोग पु-याउने मजदूर छापाखाना प्रति आभार व्यक्त गर्दछौं ।

जयतु संस्कृतम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

सि. नं.	विषय	लेखक	पेज नं.
१.	स्वागतगानम्	—सुश्री हीरा कुमारी	१
२.	करोमि देवि स्वागतम्	—पार्वती मिश्रा	२
३.	विहरति वागिह सरसवसन्ते	—डा० गोविन्द चौधरी	३
४.	काशिकाकारस्येतिवृत्तयः	—प्रा० कार्तिकेय झा	४
५.	कार्यकारणमूलकत्वं संसारस्य	—डा० गोविन्द चौधरी	७
६.	Sanskrit Language	–Vijay Kumar Datta	११
७.	Our Life	—Ravit ranjan Kumar	१२
८.	All the word's a Stage	—Kalpana Kafle	१५
९.	वेदान्त दर्शनको सापेक्षतामा 'आदर्श राघव'	—नुरापति पोखरेल	१७
१०.	वाजसनेयी प्रातिशाख्यमा सन्धिको अध्ययन	—मतिप्रसाद ढकाल	२५
११.	मोतीरामको संझनामा	—माधवप्रसाद चालिसे	३१
१२.	"के गर्नु हुन्छ अपघात थला थलामा"	—केशवप्रसाद खतिवडा	३३
१३.	अव हामीले…………	—विपीराज दहाल	३५
१४.	सिन्धुली गौरव	—सुजाता दहाल	३६
१५.	हरिदासको दुःखद अन्त्य	—श्री दुर्गाप्रसाद घिमिरे	३७
१६.	संसद	—नीलकण्ठ भट्टराई	४३
१७.	शान्तिको आग्रह	—घनश्याम घिमिरे	४७
१८.	तिमी नजानु पर्ने गयौ	—सन्तोष कुमार ठाकुर	४८
१९.	गरौं स्वदेश चिन्तन	—चन्द्रकान्त कोइराला 'रौतेली'	४९
२०.	उपहार	—अन्जना श्रेष्ठ	५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१. हत्या हिंसा र आतंक रोक्न जीवन होम्दछौं
—जनार्दन भट्टराई 'त्रियुगेली' ५१
२२. सदुपदेश —भोला ठाकुर ५३
२३. प्रत्यक्ष प्रजातन्त्रको प्रतीक स्विट्जरलैण्ड
—भेषराज अर्याल ५४
२४. चिन्तनको परिधिमा 'हिटलर र यहूदी' उपन्यास
—नारायण चालिसे ६२
२५. हाम्रो संस्कृत भाषा —झरिराज काफ्ले ७२
२६. श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको सम्झनामा
—विक्रमराज भण्डारी ७३
२७. दु:खबाट बच्ने उपाय —जनक पोखरेल ७४
२८. मर्म —ध्रुवराज आचार्य ७५
२९. "पहिरो जान्छ" —शिवराज उपाध्याय ७६
३०. हरिमोहन झा —देवीकान्त लाल कर्ण ७७
३१. दहेजक विकृति —सुधाकर चौधरी ७९
३२. आजुक दिन —विमलेन्द्र कुमार उपाध्याय ८४
३३. "जो मरि जो" —अमरकान्त ठाकुर 'अमर' ८५
३४. सत्य आओर न्याय —विजयन्त झा 'पप्पु' ८६
३५. आहाँ सोचु —संजय कुमार झा ८७
३६. अध्यात्म योग र लक्ष्य —भानु कोइराला ८८
३७. मेरो "व्यथा" तिमीप्रति —विष्णुप्रसाद पौड्याल ९०
३८. केही नगर —देवराज उपाध्याय ९१
३९. ब्रह्माजीलाई चिठ्ठी —देवीप्रसाद न्यौपाने ९३
४०. पितामही प्रति श्रद्धाञ्जलि —माधवप्रसाद पोखरेल ९६

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वागतगानम्

सुश्री हीरा कुमारी
ह० ज० विद्यापीठ, जनकपुर

स्वागतं स्वागतं सादरं स्वागतम्
तावकी भावना कृपया रञ्जिता
मामकी याऽर्चना शारदे गृह्यताम्
दीनहीना वयं प्रार्थनाः कुर्महे
स्वागतम्.... .... ॥१॥

श्रीमता पूजिता शारदे सर्वदा
पण्डितानां मुखे भावनालंकृता
आगतामालये भारति स्वागतम्
स्वागतं स्वागतं सादरं स्वागतम् ॥२॥

ज्ञानदे बुद्धिदे सिद्धिदे मङ्गले,
अर्थदे दृष्टिदे मानवैः पूजिते,
धूर्जटेर्भावनां स्वीकृतां सर्वदा,
तां सुरैर्वन्दितां चण्डिकां स्वागतम्
स्वागतं स्वागतं सादरं स्वागतम् ॥३॥

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करोमि देवि स्वागतम् ।

–पार्वती मिश्रा
ह० ज० विद्यापीठ
जनकपुर

विनम्रशान्तचेतसा सुनम्रभालपाणिना
नमामि पादनिर्मलं करोमि ते सुवन्दनम् ।।
करोमि देवि स्वागतम् करोमि देवि स्वागतम् ।।१।।

ललित कुसुममालया सुबुद्धिदे सुशारदे
सरोजपादसुन्दरं विधाय रम्यमानसे ।
नवेद्मि ध्याननिर्मलम् करोमि देवि स्वागतम्
करोमि देवि स्वागतम् ।।२।।

सुरम्यशान्तमन्दिरे सुबुद्धिज्ञान चन्दिरे
सुभव्यहंसनिर्मले सुसिद्धिदे सुपुण्यदे
सुदिव्यभावसुन्दरं करोमि देवि स्वागतम्.......... ।।३।।

सुरम्यनीरचन्दनैः वसन्तपुष्पकोमलैः ।
सुगन्धदीपसुन्दरैः फलादिपक्वकेवलैः ।।
सुधामयूखभासितं करोमि देवि स्वागतम्.......... ।।४।।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विहरति वागिह सरसवसन्ते

डा० गोविन्द चौधरी
प्राध्यापक (नव्य न्याय)
ह० ज० विद्यापीठ, जनकपुर

कुसुमितसुमनसुरभिपरिशीलन-कोमल-विमलसमीरे ।
अलिकुलकोकिलकलरवकूजितसुरभितरम्यकुटीरे ॥
विहगविहारसुशोभितसुन्दरमण्डितदिव्यदिगन्ते ।
विहरति वागिह सरसवसन्ते ॥१॥

नवकिसलयरमणीयलताविधुवन्दितभव्यप्रभाते ।
विकसितसरसिजमधुकरगुञ्जनगुञ्जितचूतसुहासे ॥
वनिताधररम्यसुशीतल कोमललज्जितचूत विम्बफलान्ते ।
विहरति वागिह सरसवसन्ते ॥२॥

वीणामधुरकरम्बितकरतलपञ्चमरागविलासे ।
मणिमयहाररसनातनधवलितकवलितकोकिलरागे ॥
हरिहरसेवितचरणमनोहरभूषितभव्यवनान्ते ।
विहरति वागिह सरसवसन्ते ॥३॥

भयविह्वलशङ्कितनरपानपकरुणाकलितकदम्बे ।
रुधिरविन्दुसन्दोहसरोवरक्षालितभूमिनितम्बे ॥
करुणाकवलित कल-कलभवचत्वरकलुषितकूरदिनान्ते ।
विहरति वागिह सरस वसन्ते ॥४॥

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काशिकाकारस्येतिवृत्तयः

प्रा. कार्तिकेय झा
प्राचार्य
ह. ज. वि. पी. जनकपुर

पाणिनीयव्याकरणसूत्रेषु वह्व्यः वृत्तयः रचिता इति सम्भाव्यते, किन्तु इदानीं काशिकावृत्तिरेवोपलभ्यतेऽखण्डतया। काशिकायाः प्रारम्भे लिखितश्लोके वहूनि वृत्तिकाराणां दुर्विनीत-चूल्लिनिलूरादीनां नामान्युपलभ्यन्ते। मन्ये काशिकावृत्तौ ताः प्राचीनाः वृत्तयः यथास्थानं सङ्गृहीताः। काशिकावृत्तिः जयादित्यवामनाभ्यां लिखिता, आदिमाध्यायषट्के जयादित्यस्य काशिकातः सप्तमाष्टमाध्याययोः वामनस्य काशिका उपलभ्यते। जयादित्यस्य शैल्यपेक्षया वामनस्य शैली ललिता गभीरार्था चास्ति। इत्सिङ्गेन चीनीयात्रिणा भारतयात्रावर्णने केवलः जयादित्य एव काशिकाकार इति लिखितः। सृष्टिधराचार्येण भाषावृत्तिटीकाकारेण च जयादित्यस्यैवकाशिकाकाररूपेण नामोल्लेखः कृतः। काशयति प्रकाशयतीति तदर्थः जयादित्यविरचिता वृत्तिः। वालशास्त्रिणा सम्पादितकाशिकाग्रन्थे आदिमाध्यायाच्चतुष्टयान्ते जयादित्यस्य शेषाणां चतुर्गामध्यायानामन्ते वामनस्य नामोल्लेखो दृश्यते। हरिदीक्षितेन प्रौढमनोरमाशब्दरत्नव्यख्यायामादिमाध्ययषट्के जयादित्यस्य शेषेऽध्यायद्वये वामनस्य च नाम रचनाकाररूपेणोल्लिखितम्। अन्यत्र प्राचीनमन्त्रकाराणामुद्धरणे जयादित्यस्याध्यायपञ्चकर्तृत्वं वामनस्य चान्तिमाध्यायत्रये कियान् भागः जयादित्यस्य कियांश्चवामनस्य इति कथनं सन्देहास्पदम्। तथापि अन्तिमाध्यायद्वयं वामनस्य अवशिष्टाः अध्यायाः जयादित्यस्य इति ये चान्येषां तिदुषां मतम्। युधिष्ठिरमीमांसके न तु शैलीगतभेदमुत्प्रेक्ष्य अन्तिमाध्यायत्रयं वामनकृत्तं यतो हि तत्र लेखे प्रौढ़त्वमुपलभ्यते। इत्सिङ्गस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखानुसारेण जयादित्यस्य मृत्युर्विक्रमे सम्वत्सरे ७१८, तस्मिवर्षे ऽभवत् । काशिकायां कविभारवे पद्यांश: "संशयकरणादिषु तिष्ठते य:" इत्युपलभ्यते । दुर्विनीतस्य टीका किरातार्जुनीये उपलभ्यते । दुर्विनीतश्च ५३९/५६९/ पर्यन्तं राज्यं चकार । अत: भारविविक्रम संवत् ५९ त: पूर्ववर्ती । अत: अस्य काल: सप्तमशताब्द्या उत्तरार्ध: । वामन: संस्कृत-वाङ्मये प्रसिद्धोलेखक: तत्रानेकलेखकेषु एको विश्रान्तविद्याधरनाम्न: जैनव्याकरणस्य कर्ता । द्वितीय:—काव्यालङ्कारस्य रचयिता: । तृतीयो लिङ्गानुशासनस्य निर्माता । किम् मैत्रेय एक एव विद्वान् अथवा पृथक् पृथग् इत्यत्र विदुषां मतैक्यं नदृश्यते । युधिष्ठिरमीमांसकेन त्रयोऽपि पृथक् पृथग्रिति साधितम् । भाषावृत्तिकारेण पुरुषोत्तमदेवेन काशिकायामस्य वृत्योरनेकेपाठा उद्धृता: । तेषां तुलनात्मके अध्ययनेकृते स्पष्टं प्रतीयते यत् भागवृत्तिकार: यथास्थानं खण्डयति । अतो भागवृत्ते: काल: ७०१ विक्रमसंवद् वर्तते । अतो वामनस्य कालस्तत: प्राक्स्वीकर्तव्य: । अलंकारलिङ्गानुशासनयो: प्रणेता वामनो विक्रमस्य नवमेशताब्द्या आसीत् । विश्रान्तविद्याधरो व्याकरणस्य कर्ता वामनो विक्रमस्य पञ्चमशत्ताब्द्या: पूर्ववर्ती, काशिकाकारोवामनस्तेभ्य: पृथग् विक्रमस्य-सप्तमशताब्द्यां विद्यमान: । शिशुपालवधे "अनुत्सूत्रपदन्यासा" इति श्लोकस्य व्याख्यायां सद्वृत्तिपदं व्याचक्षाणैरनेकै विद्वद्भि: काशिका-नाम्नीवृत्ति: गृहीता । तन्न, अनेकेषां वृत्तिग्रन्थानां काशिकात: प्राक्का-लेऽपि वर्तमानत्वात् । अतस्तत्रत्यन्यासपदेन यथा न जितेन्द्रबुद्धेर्न्यासो गृह्यते, तथैव सद्वृत्तिपदेनापि काशिका नगृह्यते । यद्यपीदानीं जया-दित्यस्य काशिका सम्पूर्णाष्टाध्यायीसूत्रेषु नोपलभ्यते, न वा वामनस्या-ष्टाध्यायिप्रारम्भिकाध्यायेषु वृत्तिर्दृश्यते, तथापि वाह्यशास्त्रैर्ज्ञायते यत् जयादित्येन वामनेन च पृथक् सम्पूर्णाष्टाध्यायिसूत्रेषुवृत्तिर्लिखिता, अत्र प्रमाणं "ग्लाजिस्थश्चग्स्नु:" ३/२/१३९/ "श्र्युक: किति" ७/२/-११९ "उभयत्रापिदृश्यते" न्यासग्रन्थे उल्लेखो यद् गकारोऽप्यत्र चर्त्व-भूतो निर्दिश्यते, ग्लुश्नुरित्यत्र यथास्यात् जयादित्य: वामनस्य तु एतत्सर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र्नाभिमतम् । एतेन सिद्धमुभयत्रापि उभयोः रचिता वृत्तिरासीत् ।

एवमेव ६/४/२२/ सूत्रे न्यासकारोलिखति, अनित्यत्वं प्रतिपादयिष्यते । जयादित्येन एतेन सिद्धं, षष्ठेऽध्यायेऽपिजयादित्येन वृत्तिर्लिखिता । हरदत्तेनापिपदमञ्जर्याः ६/१/१३९ सूत्रव्याख्यायां लिखितेन ग्रन्थेन प्रतीयते यत् चतुर्थेऽध्यायेऽपि वामनस्य वृत्तिरासीत् ।उभयोर्वृत्त्योः सम्मिश्रणं केन कृतमिति नज्ञायते । जितेन्द्रबुद्धिपादेन उभय लेखकयो रचितयो वृ्त्योर्न्यासग्रन्थो लिखितः । अतः ज्ञायते यत् न्यासरचनातः प्रागेव वृत्तिसम्मिश्रणं जातम् । हरदत्तेन उक्तम् काशिकादेशतोऽभिधेनस्" काश्यां भावा इति व्युत्पत्त्या, इयं वृत्तिः काश्यां रचिता, इति ज्ञायते । अस्याः वृत्तेर्महत्वम् –१ काशिकातः=प्राचीनासुकुणि प्रभृतिवृत्तिषु सुगणपाठोनासीत् । अत्र तु यथा स्थानं गणपाठः निर्दिष्टः । २– अष्टाध्यायिनमधिकृत्य रचितासु किन्तु विलुप्तासु वृत्तिषु यानि अनेकानि मतानि उद्धृतानि तेषामुल्लेखः अत्रैव वर्तते । ३– प्राचीनां वृत्तिमधिकृत्यकाशिकावृत्तिर्लिखिता । अतः प्राचीनवृत्तिकातःसूत्रार्थ ज्ञाने इयं वृत्तिःसहायिका ४– काशिकायां क्वचित्क्वचिन्महाभाष्यविरूद्धं मतं प्रस्तुतमस्ति ।तन्मतं प्रायः प्राचीनान वृत्तिकाराणां भवेत् । आधुनिकैः वैयाकरणै स्तानि भाष्यविरूद्धानि मत्वा तिरस्क्रियन्ते । तन्नयुक्तम् । ५– काशिकायां दत्तानि उदाहरणप्रत्युदाहरणानि प्राचीनवृत्तिषुप्रस्तुतानि । अतः ऐतिहासिकतथ्यानां ज्ञानं भवति । ६– भट्टोजिदीक्षितेन तानि उदाहरणानि नदत्तानि । किन्तु स्वीयानि नूतनानि उदाहरणानि निर्माय प्रस्तुतीकृतानि तानितान्याधारीकृत्य प्राचीनैतिहासिकतथ्यज्ञानं न शक्यते कर्तुम् इति खेदस्य विषयः । काशिकायाः व्याख्यातारौ जितेन्द्रबुद्धिहरदत्तौ एव प्रसिद्धौ । अन्येतु भागवृत्तिकारादयः तां वृत्तिमधिकृत्य ये ग्रन्थाः रचितास्ते पूर्णतयानेदानी मुपलभ्यन्ते । इति शुभम् ।

★★
★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यकारणमूलकत्वं संसारस्य

डा० गोविन्द चौधरी
प्राध्यापक (नव्य न्याय)
ह० ज० विद्यापीठ, जनकपुर

श्रीगोविन्दसविभ्रमेक्षण घनप्रस्यन्दमानैः रसैः ।
नाभीचारुतरालवालवलयात् पूर्णादिव प्रोद्गताम् ।
तारुण्यस्य मठद्वयीं सुललितामारोढुमुज्जिजृम्भिताम्
राधाया रुचिरोदराम्बरगतां शृङ्गारवल्लीं भजे ॥

इह किल प्रतायमाने वैरिञ्चप्रपञ्चप्रत्ययाञ्चिते मही मण्डले वैविध्यविधानमण्डने नियतिकृतिकृतनियमव्यवस्थापरिहास विलाससोल्लासापेक्षासापेक्षविचारवैभवपरिपूरिते जगज्जीवननैसर्गिकसंसर्ग सन्दर्भ सौन्दर्यमेवाऽऽकलयन्तो भौतिकवादिनः केवलं तस्यैवाऽऽवश्यकत्वं-भजमानाःसन्तः भौगिकसुखभोगविलास्यैव परमपुरुषार्थतया तमेव भजन्तेतारामिति विदाङकुर्वन्त्येवाऽप्रतिमप्रतिभाविभाविभासितानाञ्चेतांसीति नापरोक्षं प्रेक्षावताम् ।

अत एवाऽऽचार्याणामियमुक्तिः संगता भवति—यत्
"कुतर्कोऽयं कांश्चिन् मुखरयति मोहाय जगतः ॥'

नाति चित्रं विचित्रं किमपि जगतीतलेऽस्मिन् । यतोहि—सन्तः केचन लक्ष्मीलास्यविलासभावनाभाविताः केवलं वृहदट्टालिकाऽवष्टम्भकभूतानां वहुवित्तनिकराऽऽयासवचनानि सदाऽवलम्बन्तेतराम् । तदपरे कुञ्चितचिकुरकुलकदम्वमालया मुखमण्डलं मण्डली कृत्य द्रुत-गतिवाहन सम्भार लालसाऽऽकुलचेताः तस्यैव प्राध्यान्य—मङ्गीकुर्वते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्युच्च शिखरासक्ति भावनापरायणपरिणतचतुरा: सदा तमेव पक्ष-माकलय्य सदाचार विचार स्वाध्यायपराङ्मुखा: नितरामद्वैतवादिनो मायेव वैलक्षण्यं वैचक्षण्यञ्च भजमानाः दृष्टिपथे पथिकायन्ते क्रमाम।

किमत: परं किमिति कार्यकारणभावस्य नाति भार: येन समेषां बुद्धिमन्वीतवतां धीधनेशानां केषां कथमिः क्वचिदपि किमर्थं प्रवृति-रिति निश्चयं प्रतीमः । किमर्थोऽयं संसारस्य भोगविलासपारावार प्रवाहः। किमिति प्रयोजनं तप: स्वाध्यायपरिपूत विमलान्तः करणानां निर्मलानुष्ठानं । वैदिकानां प्रवृतिपरकत्वञ्चेति सत्यमेवेतिनैववैविध्यः कालवेगम् ।

अत एव कविशिरोमणिना मणिना साहित्य–संगीतसंवेदसहृदय हृदयस्येति विद्वद्विभूतिभवभूतिमहाभागेन इत्थमाचार्याणां तात्पर्यं प्रतिभाति यत्—

प्रत्यक्षविषयत्वत्र भाववति परमात्मनि कुतः सन्तिष्ठते योग्यानुपलब्धिः। केवलं तत्राऽनुपलब्धिमात्रं वरीव्रतीति । न नदभावं प्रतिषेद्धु क्षमते कदापि । अन्यथाऽनुपलब्धिमात्रस्यैवाऽभावसाधकत्वे धर्माऽधर्मादि विलोपापत्तेः। योग्यानुपलब्धि मात्रस्यैवाभावसाधकत्वे शशश्रृङ्गस्याप्य-भावत्वं नैवसिद्ध्येत्। परन्तु प्रकृती नेयं गतिः समुपलभ्यते। अपितु शशश्रृङ्गं नैव वाध्यते किन्तु शशेश्रृङ्गसंयोगस्यैव निषेधः । श्रृङ्गे क्वचिदपि योग्यत्वमस्त्येव कथं प्रतिवन्धिः सम्भवति। अतएवाऽनुप-लब्धि: परमात्मानं सेद्धुं नैव क्षमते ।

केषां मते तु नास्ति परमात्मा शरीर सम्वन्धाभावात् प्रयोजना-भावाच्चेति परमात्मानं निराकरोति । तन्न स्मरणस्य जनकानुभव समान विषयकत्वेन तत्प्रामाण्याधीनप्रामाण्यकत्वेन सापेक्षत्वं ज्ञात-व्यम्। अत एव स्मृतौ नैव प्रामाण्यमव गन्तव्गम् । नैव स्मृतिः प्रमा। किन्तु यथार्थानुभवः प्रमाणमित्याचार्यः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि नाम कार्यकारणयोस्तादात्म्यं स्वीकुर्वता शङ्करकपिलाभ्यां ज्ञानविषययोः तादात्म्यं चाङ्गीकृत्य सामाधातुं शक्यते। परन्तु ज्ञानस्य विषयंप्रति अन्यथा नियमो नस्यात् । अत एवाऽऽचार्याणां विचारपक्षे उपादानगोचरापरोक्षज्ञानचिकीर्षाकृतिमत्वमेव कर्तृत्वम् । तदेव कर्तृत्वं परमात्मनि। उपादानगोचरापरोक्षज्ञानचिकीर्षा कृतिमत्त्वेनेश्वरसिद्धिरभ्युप गन्तव्या।

तीर्थंक्रिया व्यसनिनो स्वमनीषिकाभि
रुत्प्रेक्ष्य तत्त्वमभितो हि यतो वदन्ति ।
तत्तत्त्वमेव भवतोऽस्ति न किञ्चिदन्यत्
संज्ञासु केवलमसौ विदुषां विवादः ॥१॥ (अभिनवगुप्तपादाः)

"एकं सद् विप्राः बहुधा वदन्ति" (ऋगवेद)

निरटङ्कि स्ववचनारविन्द कदम्ब मातम्,

यत् –

ये नाम किञ्चिदिह नः प्रथयन्त्यवज्ञां
जानन्तु ते किमपि तान् प्रति नैष यत्नः ।
उत्पस्यतेऽस्ति मम कोऽपि समानधर्मा
कालो ह्ययं निरवधि विपुलाच पृथ्वी ॥ उत्तरराम चरितम् ।

एतावतावचनकदम्बप्रबन्धेन संसारसागरतरङ्गप्रवाहस्याऽनादिमूलकत्वमेव समुट्टङ्कितं वन्दनीयपदाराविन्दद्वन्द्वैः परमर्षिभिः सूक्ष्मातिसूक्ष्मचिन्तनपरायणैः। तेन तस्य कार्यकारण प्रवाहस्याप्यनादित्वमगादि द्वैपायनैः । अत एव वादरायणेन ब्रह्मसूत्रे प्रथमसूत्रं तात्पर्यमिदमालक्ष्य प्रत्यपादि "जन्माद्यस्ययतः" ब्रह्मसूत्रम्, श्रीमद्भागवतेऽपि व्यलेखि, तेनैव महता किल–"जन्माद्यस्य यतोन्वयादितरतश्चार्थेष्वभिज्ञः स्वराट्" यतोहि यस्य जगतः अन्वयव्यतिरेकाभ्यां जन्मस्थिति विनाशादयश्च जायन्ते। वाण भट्टोऽपि कादम्बरी प्रबन्धे तदित्थमाचचक्षे यत्—

रजोजुषे जन्मनि सत्त्ववृत्तये स्थितौ प्रजानां प्रलये तमस्पृशे। अजाय सर्गस्थितिनाशहेतवे त्रयीमयाय त्रिगुणात्मने नमः । आगमवाक्यमपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तमेव पक्षं प्रमाणीकरोति "द्यावाभूमी जनयन् देव एकः विश्वस्य कर्ता भुवनस्य गोप्तेत्यादि"। न चाकाशस्य नित्यत्वेन व्यापकत्वेन चोक्तवाक्य विरोधः, स्यादितिशङ्क्यम्, प्रकाशकत्वस्यैव कर्तृत्वेन वोधात्। तेन "यथापूर्वमकल्पयत्" इत्यादि वैदिक वचनं संगच्छते।"

न च गुणगुणिनोः कथमभेदः सम्पत्स्यते, तयोः समवायात्, अभेदस्तु भेदात्यन्ताभावएव विवक्षितः। भेदस्य च नित्यत्वात्। भेदस्तु तादात्म्यसम्वन्धावच्छिन्न प्रतियोगिताकाभाव एव। तादात्म्यञ्च तद्-भिन्नत्वेसति तदभेदेनप्रतीयमानत्वमेव। कथं तर्हि भेदाभेदयोः सामानाधिकरण्येनाभ्युयगमः, "सत्यंज्ञानमानन्दंब्रह्म" इति वेदवाक्य स्यापि आनन्दवत्त्वमेवेति तात्पर्यमवधार्यते। मत्वर्थीयोऽच् प्रत्ययानुरोधात्। "अर्शआदिभ्योऽच्" महर्षिपाणिनिव्याख्यानुरोधाच्च।

किं तर्हि वेदान्तराद्धान्त सम्पादिताद्वैत व्याख्यानप्रगल्भविचार पुण्डरीकमार्तण्डमण्डलमण्डितेन श्रीमता पूज्यपादेन शङ्करशङ्करेण कृताऽद्वैत सिंहनाद विजयघोषः सङ्गच्छते। किञ्च नागेशेनापि कथम-भाणि यत्—"एष वन्ध्या सुतो याति खपुष्पकृपतशेखरः, कूर्मक्षीरचयः-स्नातः शशशृङ्ग धनुर्धरः। अत्र पौर्वापर्यविधारणस्य दुरुपपादत्वेन प्रलापवचनस्यैव युक्तियुक्तत्वेनैवेति सुधिभि र्विभावनीयम्।

वेदान्तानुयायिनस्तु घटाभाववद् भूतलमित्यत्र भूतले घटाभावस्य सत्त्वेनानुपलब्ध्या घटस्य भूतले घटाभावो गृह्यते तथेश्वरस्याऽनुपलब्धेः तदभावोऽपि गृह्येत इत्यभिप्रायमवलम्ब्य व्याचक्षते तदभावम्। परमा-त्मनोऽयोग्यतया योग्यानुपलब्धेः विरहात् न तदभावग्रहो यदि तर्हि शश शृङ्गस्याप्ययोग्यस्य कथमभावः सिद्धयेत्।

अत्राचार्यास्त्वित्त्थं व्याचक्षते—

योग्यादृष्टिः कुतोऽयोग्ये प्रतिवन्धिः कुतस्तराम्।
क्वायोग्यं वाध्यते शृङ्गं, क्वानुमानमनाश्रयम्॥"

"न्याय कुसुमानजलि" (उदयनाचार्यः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Sanskrit Language

Vijay Kumar Datta
(English Lecturer)
H. J. Campus, Janakpur

Sanskrit,
the mother of languages
be used
in all the ages.
It is,
medium of God
Compel us to thought.
Applied first
in the Lichhbi Age
used then
in the Malla phase,
Broken down
by Ranarchy
risen up
by Monarchy.
'Padhm' announced
the language dead
his reign went
for always shed,
Tried 'Dev' its
well promotion,
'Chandra' did it
be demotion.
Late 'Father'
done it well,
Mahendra did

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

continuous mail,
King 'Birendra'
established University,
that made it
more Probability.

Now HMK
done good work
People think
it won't have jerk,
MSU has
to do good action
that makes
much more be strengthen.

★

Our Life

Ravet ranjan Kumar
P. C. L. 2nd Year
H. J. B. P. Janakpur

Life is the path of miseries and suffering but in this path few moment came which change the direction of our life. Few relation which plays great role in our life,

(1) Friend relation
(2) Love
(3) Family Relation

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(1) FRIEND RELATION :

Friendships need constant care to survive and become strong. Where there is neglect of such relationship, there misunderstandings arise which finally rapture trust and destroy friendships. Friendships are necessary for every life. Especially they are necessary to give the heart an opportunity to share love and care and to express its deep concerns.

LOVE

Love is unification of two seared souls.

Love is heart that reaches out to touch, a friend with understanding and care. It is being able to take another into your heart and smooth their hurt. In the love, any individual is walking with some one who is hurting and feeling a pit of that hurt. as your own. Love is listening with the heart, when someone is sharing their heart and heartache. Love is the ability to keep a good and right respective when another has done you wrong.

FAMILY RELATION

Family is the first school of our life. In where we learn all the first adaptive character. Which halp us in adaptation in world. Without family man lives as like live in hell. In family few relation which is important for us.

1. Parent
2. Brothers

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

3. Sisters 4. Wife

Parent

They give always good decision for our life. They always think beneficial things for us parent relation is host and parasitie relation.

In this relation our role is parasitic and parent roles are host. Parent are as like sky, Ocean earth which has capacity to digest all the things and good things. We can't camparing any things or any relation with parent. No any word which are denoted parent relation. This relation is very........ great relation.

Brothers & Sister

This relation is very neat and clean relation. This relation is as like "Body and Blood" relation. In this no an one can survive with other.

Wife

Wife and husband relation is like a two wheal of a motor cycle, in which one can not be run. In this relation both are alive for each other. No one has any personal "Dream". In our culture wife have to keep few essential things.

- Wife has to always loves to her husband.
- She has to give good advice when her husband's life makes great question mark.
- She prays vitues of husband and ignore his faults. Chose his cloths, select his diet tolerates his friends, care to his relatives.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- She has to build him up when be has been "put down" make his dreams seem like real possibilities.
- If there is something to be done she have to doit.

Husband's esential things.

- Wife's companionship is his delight, Her dough-ter is his joy, Her dreams are his goal. Her faith is his strength. Her loyaty keeps his world steady and as year follows year.

After then

Wife and husband prove the life of and becomes perfect and themselves good relation.

★

All the word's a Stage

Kalpana Kafle
U. M. 2nd Year
H. J Campus Janakpur

"All the world's a stage is a passage taken from shakspeares comedy. "As you like it."

According to the dramatist, the world is a stage with people as players upon it. On this stage they come and go. Each man plays seven parts. The first one is the part of the infant. He plays this part by crying softly and vomitting in the arms of a nurse. The second one is the part of the school boy. He acts this part by pulling himself towards school reluctantly. After this comes the part of a lover.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

This part requires him to write poems on the eye-brow of his mistress. He does this part with long and loud sighs.

The third and fourth parts are played when he reaches his adult hood. The fourth part it that of a soldier. At this part as a soldier he learns to make strange oaths. His appearance would become simllar tp leopard. He world be jealous to get honour. He would be quarrel same and risk his life for the momentary fame.

The fifth part is of judge or administrater. At this instance his appearance needs to have a complete change He will have potbelly (by eating capons) and beard of farmal cut. His eyes would be unkind. He would be much experienced with proverbs and up to date examples.

The sixth part is of a man entering the old age. In this age he gets transformed in to a lean and old fool. In this stage everything change about him. He begins to use spectacles with a pouch on side. His manly voice turns into a tremble with a whistin sound. With his lean body and his youthful cloth on him he looks like a scarecrow. After this part comes the last part. The last part is the part of an oldman at the verge of his death.

According to shakespear this old age is the second childhood and death lacking .teeth, sight taste, and everything is the sings of this stage. Thus a man plays all these seven parts from his birth to death.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्तदर्शनको सापेक्षतामा 'आदर्श राघव'

नरापति पोखरेल
(उप-प्राध्यापक)
ह० ज० वि० पी०, जनकपुर

सोमनाथ सिग्द्यालद्वारा लिखित आदर्श राघव (२००२) महाकाव्य व्युत्पत्ति तत्त्वका दृष्टिकोणले अध्ययन गर्ने हो भने यसमा वेदान्त दर्शनको त्यसमाथि पनि अद्वैत वेदान्त दर्शनको सर्वाधिक प्रभाव पाइन्छ। वेदान्तको अर्थ वेदको अन्तिम अंश हुन्छ र वेदको सारभूत अंश किं वा ज्ञानात्मक तत्त्वलाई प्रतिपादन गर्ने उपनिषद् नै वेदान्त ठहरिन्छन्। उपनिषद्हरूमा आपातत विरूद्ध जस्ता प्रतीत हुने वाणीहरूलाई सामञ्जस्य र व्यवस्थित वताउने उद्देश्यले वादरायण द्वारा "ब्रह्मसूत्र" को निर्माण हुन्छ र यसैलाई नै वेदान्त सूत्र समेत भनिन्छ। ब्रह्मसूत्रका व्याख्याकार र उनीहरुका दृष्टिकोणका आधारमा वेदान्तदर्शनको अद्वैत, द्वैत, द्वैताऽद्वैत आदि दशवटा शाखाहरूको प्रतिष्ठापन हुन्छ। उपनिषद्, ब्रह्मसूत्र र उपनिषद्हरूको सारांशलाई प्रस्तुत गर्ने भगवद्गीता वेदान्त दर्शनका आधारशीला हुन्, जसलाई प्रस्थानत्रयी पनि भनिन्छ। शङ्कराचार्य द्वारा प्रस्तुत अद्वैत वेदान्त सर्वाधिक चर्चित शाखा हो र आदर्श राघवमा यसै दर्शनको अत्यधिक प्रभाव देखा पर्दछ। प्रस्तुत प्रसङ्गमा आदर्श राघवमा प्रभावका रुपमा स्वीकृत वेदान्त सम्वन्धी तत्त्वहरू क्रमशः प्रस्तुत गरिन्छ।

ब्रह्म :—ब्रह्म वेदान्त दर्शनको महत्वपूर्ण तत्त्व हो। वेदान्तकानुसार एउटा ब्रह्म तत्व मात्र सत्य छ र सम्पूर्ण चराचर अनित्य छ।[1] सत् चित् र आनन्द ब्रह्मको स्वरूप लक्षण हो। सोमनाथ पनि यस

1. ब्रह्म सत्यं जगन्मिथ्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमा सबै चराचर अनित्य छन् र यस भन्दा बाहिर उज्वल सत्य नित्य पदार्थ छ भन्दछन् [2] । उज्वल सत्य र नित्य पदार्थ भनेको ब्रह्म आत्म तत्त्व हो । यस नित्य पदार्थको अन्वेषण बाहिर कहीं गएर होइन अष्टाङ्गयोगका माध्यमले आफैमा नै गर्नु पर्दछ । सोमनाथ सहृदय (आत्मज्ञानी) ले आफू भित्रको अमेय पदार्थको अन्वेषण गर्दछ भन्दछन् [3] । आत्मज्ञानी द्वारा खोजिने ब्रह्म अजर छ अमर छ, सच्चिदानन्दरूप छ, निर्मल छ र अद्वितीय छ, सोमनाथ ब्रह्मका यी वैशिष्टयलाई स्पष्ट उल्लेख गर्दछन् [4] । ब्रह्म तत्त्व मूलतः सच्चिदानन्दस्वरूप र निर्गुण हुन्छ भन्ने कुरा मङ्गलाचरण पद्यबाटै बोध हुन्छ [5] ।

जीव —वेदान्तका अनुसार अन्तकरणावच्छिन्न चैतन्य जीव अर्थात् आत्मा हो । ब्रह्म शुद्ध चैतन्यमय हुन्छ भने जीव अन्तकरणावच्छिन्न चैतन्यमय हुन्छ । यही नै जीव र ब्रह्मका बिचको अन्तर हो । गुरुको कृपाले तिमी नै ब्रह्म हौ [6] भन्ने तत्त्वोपदेश प्राप्त गरेर मायाको आवरण हटे पछि जीवात्माले परमात्मा (ब्रह्म) स्वरूपलाई ग्रहण गर्दछ र "म नै ब्रह्म हुँ" भन्ने अनुभव गर्दछ । आत्मा प्रत्येक प्राणीमा भिन्न-भिन्न जस्तो प्रतीत हुन्छ तर त्यो अनेकत्व प्रतीति औपाधिक हो । मायाको आवरण हटेर ब्रह्मको साक्षात्कार भए पछि एक मात्र तत्त्व अवशिष्ट रहुने हुनाले आत्मा एउटै मात्र छ । रावणको दुष्प्रकृति वर्णन गर्ने प्रसङ्गमा सोमनाथ सबै मानिसको आत्मा एउटै हो र मूल तत्त्व पनि एउटै छ भन्दछन् [7] । रामलाई प्रबोधन गर्दै वशिष्ठ अजरामर

---

2. संसारमा चराचर छन् अनित्य त्यो देखि बाहिर छ उज्वल सत्य एक (आ. रा. १/४८)
3. सहृदय खोज्दछ भित्रको अमेय (आ. रा. ४/६)
4. अजाराम सत्य चिन्मय विमल तत्त्व छ ब्रह्म अद्वय (आ.रा. ५/२१)
5. सच्चित्सुखात्मक निरञ्जन तत्त्वरूप (आ. रा. १/१)
6. तत्त्वमसि
7. "सो ऽहमस्मि"
8. आत्मा एकै सकलजनको एक हो मूल तत्त्व (आ.रा. ७/३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वितीय ब्रह्म नै उपाधिले भिन्न जस्तो प्रतीत हुन्छ र त्यसैलाई नै जीव भनिन्छ भन्दछन् [1]। उपाधि अन्तकरणका माध्यमले उत्पन्न हुन्छ। यसैले नै जीव अन्तकरणावच्छिन्न हुन्छ भन्ने सिद्ध हुन्छ। आदर्श राघव-बाट पनि यस कुराको ज्ञान हुन्छ [2]। ऐनामा विम्बहरू प्रतिबिम्बित भए भैं अन्तकरणावच्छिन्न आत्मामा शुभ-अशुभ कर्महरू प्रतिबिम्बित हुन्छन् र जीव अनेक जस्तो प्रतीत हुन्छ। सोमनाथ यसै दार्शनिक कथनलाई हृदयरूपी पटमा विभिन्न वासना (रङ्ग) हरू रङ्गीचङ्गी रसहरू भरी विभिन्न चित्रहरू वनाउँछन् भनी प्रकट गर्दछन् [3]। वेदान्त का अनुसार आत्मा हृदयमा अन्वेषण गरिन्छ। सीतालाई प्राप्त गरी हर्षोल्लसित भएका राम हृदयाकाशका आत्म चन्द्र मग्न छन् भन्दछन् [4]। यति मात्र होइन साहित्यिक रुपमा आत्म चन्द्रद्वारा नै ब्रह्मचन्द्र पनि प्रकाशित भएको छ भनी स्वीकार्दछन् [5]।

ईश्वर :— ब्रह्मका दुई स्वरूप हुन्छन् (क) निर्गुण ब्रह्म (ख) सगुण ब्रह्म। ब्रह्मका दुई स्वरूप भएकाले यसका लक्षण पनि दुई प्रकार का हुन्छन् (क) स्वरूप लक्षण (ख) तटस्थ लक्षण। स्वरूप लक्षणद्वारा निर्दिष्ट ब्रह्म निर्गुण ब्रह्म हो भने तटस्थ लक्षण द्वारा निर्दिष्ट ब्रह्म सगुण ब्रह्म हो। परमार्थत सच्चिदानन्द स्वरूप ब्रह्म नै लीलामय शरीर धारण गरी विभिन्न आकारमा परिणत हुँदा सगुण ब्रह्म भनिन्छ र त्यही सगुणब्रह्मलाई नै ईश्वर भनिन्छ। अर्को शब्दमा भन्नु पर्दा

---

१. भई भिन्न उपाधिले, त्यही भावमा घुम्दछ, जीव हो यहीं (आ. रा) (५।२१)

२. जस्तो होओस शुभ अशुभ भई भित्र छन् चित्त सत्त्व (आ.रा. ७।३)

३. विम्बग्राढी हृदयपटमा वासनाका विभेद
रङ्गीचङ्गी रसहरू भरी गर्दछन् चित्र भेद (आ. रा. ७।३)

४. ५. हृदयाकाशमा मग्न छन् आत्म चन्द्र महाकाशमा प्रस्ट छन् पूर्ण चन्द्र प्रसन्न प्रभा पूर्ण अन्त स्वरूप खुली देखिएको छ यो वाह्य रूप (आ. रा. १४।१८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायावच्छिन्न चैतन्य नै ईश्वर हो । ब्रह्म शुद्ध चैतन्य स्वरूप छ भने ईश्वर मायावच्छिन्न चैतन्य स्वरूप छ । आदर्श राघवको मङ्गलाचरणात्मक पद्यबाट नै ब्रह्मका दुवै स्वरूपको बोध हुन्छ[6] । पद्यको पूर्वार्द्धमा सगुण पञ्चमुख शंकरको स्तुति गरिएको छ भने उत्तरार्द्धमा निरञ्जन स्वरूपको स्मरण गरिएको छ । अनेक प्रसङ्गमा वेदान्तीय वैशिष्ठ्यले युक्त ईश्वरको उल्लेख पाइन्छ ।

माया :— मायालाई अज्ञान पनि भनिन्छ । यो सविशेष ब्रह्मको शक्ति हो । यसैका आधारमा ईश्वर द्वारा यस संसारको निर्माण गरिन्छ । वेदान्त दर्शनमा सत् र असत् भन्दा परको पदार्थलाई अनिर्वचनीय पदार्थ भनिन्छ । शुद्ध ब्रह्मको साक्षात्कार हुँदा मायाको प्रतीति न हुने भएकाले यसलाई सत् पदार्थ भन्न सकिन्न र कार्यरूप जगत् अवभासित हुने हुनाले असत् पदार्थ पनि भन्न सकिन्न । अतः मायालाई अनिर्वचनीय पदार्थ भनिन्छ। मायाका दुइवटा शक्ति हुन्छन् (क) आवरण शक्ति (ख) विक्षेपशक्ति । आवरण शक्तिले वस्तुको वास्तविकतालाई आच्छादित गर्दछ भने विक्षेपशक्तिले नयाँ स्वरूप उत्पादन गर्दछ । शङ्कराचार्य मायाँलाई ईश्वरेच्छारूप मान्दछन् । आदर्श राघवमा माया शब्दको अनेक ठाउँमा उल्लेख भएको छ । आनन्दले उल्लसित राम संसारलाई नै माया भनिन्छ भन्दछन्[7] । ईश्वर मायामा अवभासित हुन्छ भन्ने सङ्केत गरिएको छ[8] ।

जगत् :— जगत् सविशेष ब्रह्म द्वारा निर्माण हुन्छ । सविशेष ब्रह्म द्वारा निर्माण हुने भएकाले जगत्लाई मायामय अज्ञानमय र अनिर्वचनीय भनिन्छ । जगत्लाई रज्जु सर्पमय मानिन्छ । सत्कार्यवादी वेदान्तका अनुसार जगत् ब्रह्मको विवर्त हो । ब्रह्म साक्षाकार भए पछि

---

६. आदर्श राघव १।१

७. त्यसैले त भनिन्छ संसारमायाँ (आ. रा. १४।२५)

८. निज मायाँबिच भासमान भै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगतको भान स्वतः विलीन हुने हुनाले र व्यवहार दशामा यसको प्रतीति हुने हुनाले अनिर्वचनीय संसार पारमार्थिक रूपमा विनाशशील र सारहीन छ। सोमनाथ पनि दर्शनानुसार नै संसारमा चराचर अनित्य छन् भन्दछन् [1]। अनेक ठाउँमा संसार र सांसारिक पदार्थ प्रतिको अनित्यता प्रकट गरेका छन्।

शरीर :—विक्षेपशक्तिले युक्त अज्ञानोपहित चैतन्यबाट सूक्ष्मतन्मात्रा आदिको निर्माण हुँदै जाने क्रममा पञ्चमहाभूतहरूबाट स्थूल शरीरको निर्माण हुन्छ। स्थूल शरीरमा आधा भाग स्वभूतको हुन्छ भने अष्टमांश (12½%) अन्य भूतहरूको समानुपातिक रूपमा रहन्छ। यस शरीरमा अस्थि मज्जा आदि सात धातु रहन्छन्। वशिष्ठ प्रबोधनमा सातवटा धातुरूपी पिंजडामा परेको जीव पछि उम्कन पाउँछ भने किन न उम्कोस भनिएको छ[2]। स्थूल शरीरको झैं सूक्ष्म शरीरको पनि यहाँ सङ्केत पाइन्छ, जुन अन्नमय, प्राणमयादि कोषबाट बनेको हुन्छ। वशिष्ठ प्रबोधनमा सोमनाथ देदीप्यमान पञ्चकोषको बीचमा उज्वल रत्नपुञ्ज सदृश आत्मा छ भन्ने सङ्केत गर्दछन् [3]। यसै प्रसङ्गमा शरीर क्षण भंगुर छ भन्ने कुरा अनेक उपमानबाट प्रकट गरेका छन् [4]।

ईश्वर र जीवको सम्बन्ध :—ईश्वर मायावच्छिन्न चैतन्य हो भने जीव अन्तकरणावच्छिन्न चैतन्य हो। ईश्वर र जीवका बीचको सम्बन्ध कस्तो मान्ने भन्ने सम्बन्धमा पनि आचार्यहरूका दुई प्रकारका मत

---

१. संसारमा सब चराचर छन् अदित्य (आ रा १।४८)
२. गरि लालच तुच्छ वस्तुको पिजडामा परि सप्त धातुको
   जब उम्कन पाइने भयो किन वस्थ्यो तव जीव हंस यो (आरा. ५।२६)
३. झलमल छ पञ्चकोषको बिचमा उज्ज्वल पुञ्ज रत्नको (आरा. ५।३८)
४. जल बुदबुद मेघ मञ्जरी, विजुली स्वप्न विकल्प झैं गरी, क्षण नश्वर
   यो शरीरमा, स्थिर छैन कसै यथार्थमा (आ.रा. ५।२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइन्छन् —(१) प्रथम मत अनुसार चैतन्यांश र विम्वस्थानीय हुन्छ र उक्त चैतन्य मायामा प्रतिविम्वित भएमा ईश्वर चैतन्य र अन्तकरणमा प्रतिविम्वित भएमा जीव चैतन्य हुन्छ । यसरी चैतन्य विम्वस्थानीय र ईश्वर र जीव प्रतिविम्वस्थानीय देखा पर्दछन् । (२) प्रथम मत स्वीकार्दा मायाका अवगुणहरूको सम्वन्ध ईश्वरमा पनि स्वीकार्नु पर्ने हुन्छ तर ईश्वर त मायावाट निर्लिप्त छ । अतः ईश्वरीय चैतन्य विम्ब-स्थानीय र जीव चैतन्य प्रतिविम्वस्थानीय हुन्छ भन्ने द्रोस्रो मत पाइन्छ [5] । वशिष्ठ प्रवोधनमा सोमनाथ जलमा प्रतिविम्व भासित भए झैं आफ्नो मायामा भासमान ईश्वर सुख दुखाकुल जीवभावमा परिणत हुन्छन् भन्दछन् [6] । सोमनाथको यहाँ प्रथम मत तर्फ नै सङ्केत पाइन्छ ।

जीव र शरीरको सम्वन्धः- वेदान्तका अनुसार जीव नित्य हुन्छ र शरीर नश्वर हुन्छ । शरीरका धर्म सुख-दुःख पनि अनित्य नै हुन्छन् । नित्य शुद्ध जीवात्मा उपाधि विशिष्ट भएर नानाकारमा परिणत हुन्छ । वेदान्तका अनुसार अनित्य शरीरको आश्रय लिएर जीव घुमिरहेको हुन्छ । वेदान्तीय यस जीव र शरीरको सम्वन्ध स्पष्ट पार्न अनेक रुपकको कल्पना गरिएको छ । पितृशोकले विह्वल भएका रामलाई वशिष्ठ जसरी पुतली एक ठाउँवाट अर्को ठाउँमा घुम्दछ त्यसरी नै जीव कर्मसूत्रमा उनिई विश्वमा सञ्चार गर्दछ भन्दछन् [1] । शरीरमा जीवात्माको भूमिका रङ्गमञ्चमा विभिन्न रूपको अभिनय गर्ने नटको जस्तो हुन्छ [2] । जसरी मानिसले पुराना कपड़ा फाली नयाँ

---

५. भारतीय दर्शन :-वलदेव उपाध्याय

६. जलमा प्रतिमा समान भै निजमायां वीच भासमान झै परमेश्वर
   वन्ध विश्वमा सुख दुःखाकुल जीव भावमा (आ. रा. ५।२२)

१. उनिई नित कर्मसूत्रमा पुतली झैं, सब जीव विश्वमा ।
   तल माथि गरेर नाच्तछन् चटकी चाल लिएर चल्दछन् (आ.रा.५।२३)

२. नट वेष लिंदै थरी थरी नट झै जीव भई नयाँ सरी । भव नाटक
   खेल खेल्दछन् हद पुरा गरि झट्ट लुक्तछन् (आ. रा. ५।२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपड़ा ग्रहण गर्छ त्यसरी नै जीवात्माले पनि जीर्ण शरीर त्यागी नयाँ शरीर ग्रहण गर्दछ [३]। ब्रह्म साक्षात्कार गरेपछि नयाँ शरीर ग्रहण गर्ने प्रक्रया समेत समाप्त हुन्छ।

जीव शरीरमा प्रवेश गरी केही समय सम्म त्यसलाई क्रियाशील वनाई अन्त्यमा त्यस शरीरलाई त्याग गर्दछ भन्ने कुरा रूपकीय आधारमा वशिष्ठ यसरी व्यक्त गर्दछन् – भ्रमराहरू जसरी घटमा प्रवेश गरेर केही समय सम्म गुञ्जन गरी वाहिर निस्की लुकामारी गर्दछन् त्यसरी नै जीव पनि शरीरमा पसी केही समय सम्म गुञ्जन गरी वाहिर निस्केर देशान्तरमा लुकामारी गर्दछ [४]। जीवले शरीर त्याग्ने कुरालाई स्वाभाविक रूपमा प्रस्तुत गर्दै एउटा अर्को रूपक यसरी उभ्याइएको छ जसरी पिञ्जडामा थुनिएको हाँसले त्यहाँवाट उम्कने मौका पायो भने पिजडाको माया गरेर त्यहाँ बस्ने काम गर्दैन, त्यसरी नै आत्मा पनि मुक्त स्वभाव वाला भएकाले समय पाउँनासाथ देह त्याग गर्दछ [५]। प्रस्तुत रूपकले आत्मामा पनि कर्म वन्धन रहन्छ भन्ने तर्फ सङ्केत गर्दछ। एउटा अर्को रूपकमा सोमनाथ शरीर पञ्चमहाभूत (पञ्चीकरण) बाट उत्पन्न हुने भएकाले पाँच तत्त्वको पुतली (खेलौना) हो र जीवतत्त्वको सहयोगले चलायमान हुने भएकाले जीव तत्त्व निस्किए पछि पुतली निस्क्रिय भई ढल्दछ भन्दछन् [५]। एउटा अर्को अप्रस्तुत प्रशंसा र श्लेष संवलित रूपकमा जीवले शरीरलाई त्याग्ने प्रक्रयालाई केही भिन्न पाराले वर्णन गर्दछन्–पञ्चकोषरूपी कोषको

---

३. वासांसि जीर्णानि यथा विहाय नवानि गृह्यति न रो पराणि। तथा शारीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही (भगवदगीता)
४. घट भित्र पसी थरी थरी, भमरा झैं क्षण गुञ्जना गरी। सब जीव तुरन्त निस्कदै लुकामारी गरी खेल्दछन् सधैं (आ रा ५।२५)
५. गरि लालच तुच्छ वस्तुको पिंजडामा परी सप्त धातुको
जव उम्कन पाइने भयो, किन बस्थ्यो तव जीव हंस यो (आ.रा.५।२६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीचमा उज्वल रत्न सदृश आत्मा रहेको हुन्छ र कोष जर्जर भएपछि उज्ज्वल आत्मा पनि समय क्रमले हरिन्छ [6] ।

सोमनाथ द्वारा लिखित प्रौढ तथा व्युत्पत्तिमय काव्य आदर्श राघवमा ब्रह्म आदि वेदान्त दर्शनका प्रमुख तत्त्वको प्रशस्त उपयोग गरिएको छ । विवर्तको स्वरूप वर्णनको साथ साथै संसार ब्रह्मको विवर्त हो भन्ने स्पष्ट उल्लेख गरिएको छ [8] । उपनिषद्को [9] आत्मा सम्बन्धी रूपकलाई अझ विस्तृत रुपमा व्याख्यान गरिएको छ [10] । यी सबै कुराले गर्दा आदर्श राघव वेदान्तीय तत्त्वहरूवाट ओतप्रोत छ भन्न सकिन्छ ।

---

६. लिई मद्दत जीव सत्त्वको पुतली चल्छ पञ्च तत्त्वको । जव जीव दगुर्छ वाहिर पुतली निर्बल ढल्छ आखिर (आ.रा. ५।२७)

७. झलमल्ल छ पञ्चकोषको वीचमा उज्ज्वल रत्न-पुञ्जको ढुकुटी जव हुन्छ जर्जर, सहजै हर्दछ काल-लस्कर (आ. रा. ५।२८)

८. नव वुद्बुद चित्समुद्रमा कति उठ्छन् वहँदा तरङ्गमा ।
जव वायु फुट्यो विलाउँछन्, निलमूलस्थिति, फेरि पाउँछन ॥
सव यो परिचित्स्वरूप हो भव सारा उसकै विवर्त हो ।
न त आदि न अन्त वास्तव भ्रम हो गैह्र विकल्प-वास्तव
(आ. रा. ५।३०-३१)

९. आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु । बुद्धि तु सारथिं विद्धि मनः प्रग्रहमेव च इन्द्रियानि हयानाहुर्विषयास्तेषु गोचारान् । आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुमनीषिणः (कठोपनिषद १।३।३।४-५)

१०. तेजी इन्द्रिय अश्व, दुर्विषयको चिप्लो र टेढो पथ,
एको ह्रो फितलो लगाम मनको, काया निकम्मा रथ,
काम क्रोध गम्भीर भीर पहरो दायाँ र वायाँ तिर,
पुग्ने पार कसो गरी भर विना सद्धर्मको आखिर (आ.रा. ५।६)

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाजसनेयी प्रातिशाख्यमा सन्धिको अध्ययन

मतिप्रसाद ढकाल
सहायक प्राध्यापक
हजारी जनक क्याम्पस जनकपुर

वैदिक वाङ्मयका साथै लौकिक वाङ्मयमा पनि प्रातिशाख्य-शास्त्रको विशिष्ट स्थान र महत्त्व छ। वैदिक मन्त्रहरूको उच्चारण गर्दा विशेष सावधान हुनुपर्ने र मन्त्रोच्चारणमा अलिकति पनि यताउता हुन गएमा उच्चरित मन्त्रले विपरीत फल दिन्छ भन्ने कुरा वृत्रासुरले इन्द्रको विनाश गर्ने उद्देश्यले गरेको यज्ञमा वृत्रासुरकै मृत्यु भएबाट प्रमाणित हुन्छ। यस कारण मन्त्रहरूको समुचित ढङ्गले उच्चारण गर्न सकियोस् भन्ने विचारले वर्ण, पद, सन्धि, स्वर, मात्रा आदि विषय-हरूको विशिष्ट नियम र पाठ सुरक्षा गर्नका लागि प्रातिशाख्य ग्रन्थ-हरूको आवश्यकता वैदिक वाङ्मयमा देखा परेको हो। त्यसै गरी आधुनिक भाषाविज्ञानका क्षेत्रमा देखापर्ने समस्याहरूलाई समाधान गर्न वेदहरूको अध्ययन आवश्यक मानिएको वर्तमान समयमा वेदको अध्ययनमा सहयोग गर्ने प्रातिशाख्य ग्रन्थहरूको आवश्यकता विशेष रूपमा खट्किँदै गएको छ। साथै प्रातिशाख्य ग्रन्थहरूमा गरिएको ध्वनिविज्ञान र सन्धिविज्ञानको विशेष प्रकारको अध्ययन अन्यत्र नपा-इनुले पनि प्रातिशाख्य ग्रन्थहरूप्रति भाषाशास्त्री एवं व्याकरणविद्-हरूको चासो दिनानुदिन बढ्दै जानथालेको हो।

चारै वेदका सन्दर्भमा धेरै प्रातिशाख्य ग्रन्थहरूको रचना भए पनि ऋग्वेदप्रातिशाख्य, वाजसनेयीप्रातिशाख्य, तैत्तरीयप्रातिशाख्य, चतुराध्यायिका, ऋक्तन्त्र र अथर्ववेदप्रातिशाख्य मात्र हाल उपलब्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनसक्ने प्रातिशाख्यभित्र पर्दछन् । यी प्रातिशाख्य ग्रन्थहरूको रचना कहिले भयो भन्ने बारेमा अन्वेषक एवं विचारकहरूमा मतैक्य नभए पनि सामान्यतया यास्क भन्दा पछि र पाणिनि भन्दा पूर्व नै यिनीहरूको रचनाकाल मानिन्छ । पाणिनिको अष्टाध्यायीसंग प्रातिशाख्यको तुलनात्मक अध्ययन गर्ने गोल्डस्कर बाहेक लाइबिज, मैक्समूलर, बेबर, राथ आदि विद्वान्हरूले प्रातिशाख्य ग्रन्थको रचनाकाल पाणिनि भन्दा पूर्व नै मानेका छन् । यी प्रातिशाख्यहरूमध्ये वाजसनेयी प्रातिशाख्य सबैभन्दा पुरानो मानिन्छ । शुक्लयजुर्वेदसँग सम्बद्ध भएको हुँदा यस प्रातिशाख्यलाई शुक्लयजुर्वेदीय प्रातिशाख्य पनि भन्ने गरिन्छ र यसका रचनाकार कात्यायन हुन् ।

वाजसनेयी प्रातिशाख्यलाई आठ अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायमा न्यूनतम १२ देखि अधिकतम १९८ सूत्रहरू समावेश गरिएका छन् । संस्करणगत भिन्नताका कारण यस प्रातिशाख्य अन्तर्गत सम्पूर्ण सूत्रहरूको संख्या ७२४ देखि ७४० सम्म पाइन्छ । यस प्रातिशाख्यको पहिलो अध्यायमा शब्दको उत्पत्ति, वेद अध्ययन गर्ने विधि, संज्ञा र परिभाषा, वर्णहरूको उच्चारण स्थान र करणको चर्चा गरिएको छ भने दोस्रो अध्यायमा स्वरसम्बन्धी नियमहरूको उल्लेख गरिएको छ । तेस्रो अध्यायमा सन्धिनियमहरू समावेश भएका छन् भने चौथो अध्यायमा पनि सन्धिनियमहरूका साथै पदपाठ र क्रमपाठका नियमहरू पाइन्छन् । पाँचौं अध्यायमा समास शब्दलाई अलग्याउने प्रक्रिया अवग्रह (विग्रह) सम्बन्धी नियम निर्धारण गर्ने सूत्रहरूको उल्लेख भएको छ भने छैठौं अध्यायमा आख्यात (क्रियापद) र उपसर्ग सम्बन्धी स्वरनियमका साथै पदस्वरूपका बारेमा पनि विचार गरिएको छ । यसै गरी बीचमा 'इति' राखेर पदलाई दोहोर्‍याउने प्रक्रियालाई सातौं अध्यायमा बताइएको छ भने अन्तिम तथा आठौं अध्यायमा वर्णसमाम्नाय, वेद अध्ययन गर्ने विधि र त्यसको फल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्णका देवता, चारप्रकारका पद र तिनको लक्षण आदिका बारेमा चर्चा गरिएको पाइन्छ ।

"स्वरसंस्कारयोश्छन्दसि" वाजसनेयी प्रातिशाख्यको पहिलो सूत्र हो । यस सूत्र अनुसार वाजसनेयी प्रातिशाख्यले विशेष गरी वैदिक स्वर र संस्कारका बारेमा अध्ययन गर्दछ । यहाँ संस्कार शब्दको प्रयोग सन्धि शब्दको पर्यायका रूपमा भएको छ र यस सूत्रको भाष्यमा उवटले संस्कार भन्नाले लोप, आगम, वर्णविकार र प्रकृति भावलाई जनाउँछ भनेका छन् । यस प्रकारको सन्धिवर्गीकरणको आधारलाई संयोजनगत आधार भन्न सकिन्छ । यसै गरी वाजसनेयी प्रातिशाख्यकै "पदान्तपदाद्योः सन्धिः" भन्ने सूत्रले सन्धि कहाँ गर्ने ? भन्ने बारेमा स्पष्ट पारेको छ । जुन दुई शब्दका बीचमा सन्धि गर्न खोजिएको छ त्यसमा बायाँतर्फ रहेको पदान्त अर्थात् शब्दको अन्तिम वर्ण र दायाँतर्फ रहेको पदादि अर्थात् शब्दको सुरुको वर्णका बीचमा मात्र सन्धि गरिन्छ । त्यसैले सन्धिका नियमहरू वैदिक र लौकिक संस्कृतमा पदान्त र पदादिमा नै लागू हुन्छन् । नेपाली भाषामा चाहिं एउटा शब्दभित्र पनि सन्धिकार्य स्वीकारिएको पाइन्छ । उक्त "पदान्तपदाद्योः सन्धिः" सूत्रकै भाष्यमा उवटले सन्धिका चार प्रकारको उल्लेख गरेका छन्— स्वरसन्धि, व्यञ्जनसन्धि, स्वरव्यञ्जनसन्धि र व्यञ्जनस्वरसन्धि । यस प्रकारको सन्धिवर्गीकरणको आधारलाई क्षेत्र वा प्रभावगत आधार भन्न सकिन्छ । दुई स्वरका बीचमा हुने सन्धि स्वरसन्धि हो भने दुई व्यञ्जनका बीचमा हुने सन्धिलाई व्यञ्जनसन्धि भनिन्छ । त्यस्तै स्वर र व्यञ्जनका बीचमा हुने सन्धिलाई स्वरव्यञ्जनसन्धि भनिन्छ भने व्यञ्जन र स्वरका बीचमा सन्धि हुँदा व्यञ्जनस्वरसन्धि हुन्छ । पाणिनीय व्याकरणपरम्परामा भट्टोजिदीक्षितले सन्धिवर्गीकरण गर्दा स्वर र व्यञ्जनका आधारमा गरेका छन् ।

वाजसनेयी प्रातिशाख्य अन्तर्गत तेस्रो अध्यायका सम्पूर्ण १५१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्र र चौथो अध्यायका सम्पूर्ण १९८ सूत्रमध्ये १९७ सूत्र समेत जम्मा ३१८ वटा सूत्रमा कात्यायनले सन्धिको चर्चा गरेका छन् । यसमध्ये १९ सूत्रले लोप, २२ सूत्रले आगम, १६५ सूत्रले वर्णविकार र बाँकी सूत्रले प्रकृतिभावको विधान गरेकाछन् । यस प्रातिशाख्यमा लोपसन्धि अन्तर्गत अ, आ, इ, न्, नि, य्, व्, स् आदि वर्णको लोपविधानका सूत्रहरू पाइन्छन् भने आगमसन्धि अन्तर्गत क, च, त, र, ल, श, ष, स व्यञ्जनवर्णको आगम गर्ने सूत्रहरूको व्यवस्था गरिएको देखिन्छ। त्यस्तै वर्ण विकार सन्धिको निषेध गरिएका नियम सूत्रहरूमा नै विशेषतः प्रकृतिभाव सन्धिको अध्ययन भएको पाइन्छ । यस प्रातिशाख्यमा चर्चा गरिएका लोप, आगम, वर्णविकार र प्रकृतिभावमध्ये वर्णविकारसन्धिका नियमसूत्रहरू विस्तृत रूपमा पाइन्छन् । वाजसनेयी प्रातिशाख्यमा वर्णन गरिएका वर्णविकार सन्धिनियमहरूले लौकिक संस्कृत वाङ्मयका साथै नेपाली भाषामा समेत विशेष महत्त्व राख्न सक्ने भएकाले वर्णविकार सन्धिका त्यस्ता केही नियमलाई संक्षिप्त रूपमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

वाजसनेयी प्रातिशाख्यमा वर्णविकार सन्धि अन्तर्गत एकीभाव, अन्तस्थीभाव, अयादिभाव, पूर्णरूपता र दीर्घीभाव जस्ता स्वरवर्णविकारका उदाहरण भेटिन्छन् भने व्यञ्जनवर्णविकार अन्तर्गत पञ्चमवर्ण, तवर्गको चवर्ग, दन्त्यको मूर्धन्य आदि आदेश विधान गर्ने नियमसूत्रहरू व्यवस्थित गरिएका छन् ।

१ एकीभाव :-

पाणिनिको "एकःपूर्वपरयोः" सूत्रझैं यहाँ "अथैकमुत्तरश्च" सूत्रको अधिकारमा पदान्तीय र पदादि स्वर वर्णको स्थानमा एउटै स्वरवर्ण आदेश गर्ने प्रक्रियालाई एकार्थीभाव भनिएको हो र यस अन्तर्गत एघार सूत्रद्वारा सवर्णदीर्घ, एकार, ओकार, ऐकार, औकार, आर् र आल्को विधान गरिएको छ । सि सवर्णे दीर्घम्, कन्ठ्यादिवर्ण एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रम् र उवर्ण ओकारम्, सन्ध्यक्षर ऐकारौकारौ सूत्रका कार्यहरु पाणिनीय व्याकरणका सवर्णदीर्घ, गुण र वृद्धि गर्ने सूत्रहरू अकः सवर्णे दीर्घ, आद् गुणः र वृद्धिरेचिसँग तुलनीय छन्। आरमृकारोऽपृक्तात् र लृकारश्चाल्कारम् सूत्रले क्रमशः आर् र आल्को विधान गरेकाछन् भने पाणिनीय व्याकरणमा "वृद्धिरेचि" सूत्रद्वारा नै यिनको कार्य गरिने हुँदा छुट्टै सूत्रको अध्ययन भएको पाइँदैन। वैदिक एवं लौकिक संस्कृतका अतिरिक्त तत्सम नेपाली शब्दमा पनि उपर्युक्त सवर्णदीर्घ, गुण र वृद्धिका विद्यालय, सूर्योदय, सदैव जस्ता उदाहरणहरू पाइन्छन्।

२) अन्तस्थीभाव :-

स्वरवर्ण पछाडि भएमा अकण्ठ्यस्वर इ, उ का ठाउँमा अन्तस्थवर्ण य्, व् आदेश हुनुलाई अन्तस्थीभाव भनिन्छ। अन्तस्थीभाव गर्ने "स्वरे भाव्यन्तस्थम्" कात्यायनको सूत्र पाणिनिको यण्गर्ने सूत्र "इको यणचि" सँग तुलनीय छ। नेपालीमा अत्यधिक, स्वागत जस्ता अधिकांश तत्सम शब्दमा र जिस्क्याइ, ठूल्यामा, आवत, गवैया, धावन्ती जस्ता अन्य शब्दमा पनि अन्तस्थीभाव सन्धिको प्रयोग भएको पाइन्छ।

३) अयादिभाव :-

सन्ध्यक्षर अर्थात् ए, ओ, ऐ र औ का स्थानमा क्रमशः अय्, अव्, आय्, आव् आदेश हुनुलाई अयादिभाव भनिन्छ। अयादिभाव विधान गर्ने "सन्ध्यक्षरमयवायावम्" सूत्रको कार्य पाणिनिको "एचोऽयवायावः" सूत्रसँग तुलना गर्न सकिन्छ। नायक, गायक जस्ता तत्सम नेपाली शब्दमा पनि अयादिभावको प्रयोग भएको पाइन्छ।

४) अभिनिधानभाव :-

एकार र ओकारपछि रहेको अकार पूर्वरूप हुनुलाई अभिनिधानभाव अर्थात् पूर्वरूपता भनिन्छ। वाजसनेयी प्रातिशाख्यमा पच्चीस वटा सूत्रहरूमा अभिनिहित (पूर्वरूप) सन्धिको अध्ययन भएको छ। ती मध्ये प्रमुख मानिने "एदोद्भ्यां पूर्वमकार" सूत्रको कार्य पाणिनिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"एङः पदान्तादति" सूत्रसँग तुलनीय छ । यस सन्धिका उदाहरण नेपालीमा पाइदैनन् ।

५) तवर्गको विकार :-

चवर्ग पछाडि भएमा तवर्गको स्थानमा चवर्ग हुन्छ भने शकार पछाडि भएमा सकारका स्थानमा शकार हुन्छ । यस्तो कार्य गर्ने "तकारवर्गश्चकारवर्गे चकारवर्गम् र शकारे च" दुईसूत्र पाणिनिको "स्तोः श्चुना श्चुः" सूत्रसँग तुलनीय छन् । यस सन्धिका उदाहरण लौकिक संस्कृतमा पनि प्रशस्त भेटिन्छन् । नेपालीमा भने पाइदैनन् ।

६) नति :-

"दन्त्यस्य मूर्धन्यापत्तिर्नति" अर्थात् दन्त्यवर्ण त, थ, द, ध, न, स का ठाउँमा क्रमशः ट, ठ, ड, ढ, ण, ष हुनुलाई नति भनिन्छ । वाजसनेयी प्रातिशाख्यमा नतिको विधान गर्ने सूत्रहरूको संख्या ४० छ । नतिको कार्य पाणिनिको "ष्टुनाष्टुः" सूत्र र षत्व तथा णत्व गर्ने सूत्रहरूसँग तुलनीय छ । लौकिक संस्कृतमा नतिका प्रशस्त उदाहरणहरू पाइन्छन् । नेपालीमा चाहिं प्रत्यक्ष रूपमा प्रयोग नभेटिए पनि तत्सम शब्दनिर्माणको प्रक्रिया बुझ्ने सन्दर्भमा यसको प्रयोग अनिवार्य देखिन्छ ।

७) पञ्चम वर्ण :-

स्पर्श वर्ण पछाडि भएमा पूर्ववर्ती स्पर्शवर्ण परवर्ती वर्गको पञ्चमवर्णमा परिणत हुन्छ । पञ्चमवर्ण विधान गर्ने "स्पर्शे परपञ्चमम्" सूत्रको कार्य पाणिनिको "अनुस्वारस्य ययि परसवर्णः" सूत्रसँग आंशिक रूपमा तुलना गर्न सकिन्छ । तत्सम नेपाली शब्दमा पनि पञ्चमवर्ण प्रयोग भएका उदाहरणहरू प्रशस्त पाइन्छन् ।

वास्तवमा प्रातिशाख्यग्रन्थ हरू नै वैदिक व्याकरण हुन् । वैदिक व्याकरणमा अध्ययन गरिएका सन्धि लगायत अन्य कतिपय पक्षहरू लौकिक संस्कृत व्याकरण हुँदै नेपाली व्याकरणसम्म आइपुग्दा समेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वीकार्य हुनपुगेका छन् ,भन्ने कुरालाई उपर्युक्त सूचनात्मक अध्ययनले देखाएको छ। त्यसैले भाषा र व्याकरणको अध्ययन अनुसन्धानका सन्दर्भमा प्रातिशाख्यग्रन्थहरूले विशेष महत्त्व राख्दछन् । सन्धिको आधुनिक अध्ययन तथा वर्गीकरणका सन्दर्भमा सन्फोर्ड स्क्यान नामक विद्वान्द्वारा सन् १९७३ मा आएर वाजसनेयी प्रातिशाख्यमा अध्ययन गरिएका लोप, आगम, वर्णविकार र प्रकृतिभाव सन्धिलाई नै समर्थन गर्नुले पनि सन्धिको समसामयिक अध्ययनका दृष्टिले प्रातिशाख्य ग्रन्थहरूमा वाजसनेयी प्रातिशाख्यको विशेष स्थान र महत्त्व रहेको देखिन्छ ।

सन्दर्भकृति सूची–

१. कात्यायन—वाजसनेयिप्रातिशाख्यम्

२. पाणिनि—अष्टाध्यायी

३. मोहनराज शर्मा—शब्दरचना र वर्णविन्यास ।

मोतीरामको संझनामा

माधवप्रसाद चालिसे

उप-प्राध्यापक (साहित्य)

ह. ज. वि. पी. जनकपुर

हे मोती ! युगका प्रवर्तक बनी साहित्य उद्यानमा
गुञ्ज्यौ कोकिल झैं मनोहर गला खोल्दै गयौ कानमा
तिम्रा ती सुकुमार शब्दहरूमा मिल्छन् मिठा व्यञ्जन
कस्तो भावमयी अलौकिकसुधा लोभिन्छ झन् झन् मन

१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली वन बागभित्र रसिला भाषा र साहित्यका
रोप्यौ वृक्ष नयाँ, नवीन रसिलो बन्दै गयो वाटिका
आए मग्मग गद्यपद्य फुलका बास्ना यहीं बागमै
मौरीले मधुरो पिए रस सुधा सङ्गीतमा मस्त भै ।

२

जो प्राचीन निधिप्रभा चहकिलो भित्रै लुकेको थियो
त्यो तिम्रो अथक प्रयास पछि यो आदर्श बन्दै गयो
ऐले घन्किरहेछ गाउँघरमा पाई ठूलो आदर
तिम्रा संस्मरणीय कार्य सहजै विर्सेर विर्सिन्छ र

३

भानूकै जगमा मनोहर कला भाषा र साहित्यका
चौतारी वलियो बनाउँछु भनी ढुङ्गा कुँद्यौ शब्दका
राख्यौ चट्ट मिलाउँदै जति सक्यौ ऐले बन्यो छाहरी
सारा प्राणि अटाउँछन् मधुरिमा वर्षन्छ अङ्गै भरि

४

नेपालीहरूका करोड मुटुको प्राणै भए तापनि
ढुङ्गा सम्म रसाउने हृदयको संगीत बोले पनि
हाम्रा भानु कतै थिए समयको अज्ञात छायामुनि
देखायौ प्रमिभा प्रभात रविको आलोक संजीवनी

५

जो रामायण आदिकाव्य कविको साहित्य मीठो थियो
तत्त्वज्ञान र धर्म राम रसमा राम्रै भिजेको थियो ।
त्यो प्राचीन अमूल्य सम्पत्ति कतै थन्की रहेको थियो
छापी सुम्पिदियौ अगाडि जुन त्यो संस्कार हाम्रो भयो ।

६

हामीले जसलाई आदिकविको सम्मान गर्छौं झुकी
बुझ्छौं ती कृतिबाट हामि सहजै आफ्नै स्वयं ढुकढुकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो तिम्रो अथक प्रयास पछिको आनन्ददायी फल
पायौं राम रसायनामृत यही साहित्यको शीतल

७

आफै काव्यरथी वनी रथ तिमी सम्पूर्ण साहित्यको
हाँक्यौ काल सुहाउँदो हृदय जो जित्तै गयौ लोकको
त्यो तिम्रो प्रतिभा सबैतिर मिठो संगीत भै गुञ्जियो
औंसीको निशिमा पनि चहकिलो ज्योति वनी चम्कियो ।

८

त्यै तिम्रो जगमा इंटाहरू थपी साहित्यको सुन्दर
जो निर्माण गरे लिई कलमको छीनो वडे मन्दिर
शिल्पीका करमा परी अझ कुनै साहित्य सानो घर
होला विश्व अटाउने महल यै सौन्दर्यको सागर

९

★★

"के गर्नु हुन्छ अपघात थला थलामा"

केशव प्रसाद खतिवडा
शास्त्री द्वितीय वर्ष
ह. ज. वि. पी. जनकपुरधाम

केही कसूर नहुँदै किन आज हाम्रो ।
हत्या हुँदैछ अब उत्तर देउ राम्रो ।।
मारेर ज्यान जनको कति पेट भर्छौ ।
आखीर के छ परिणाम विचार गर्छौ ।।१।।

हाम्रै निमित्त सब शास्त्र विधान आए ।
दुष्कर्म फेरि नरले किन यो चलाए ?।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोझै हिंडे पनि कतै परवाट गोली ।
खान्छौं कठोर सित निस्कन जान्छ चोली ।।२।।

व्याधा भयौ तिमिहरू अनि घुम्न फिर्न ।
पाइन्न ढुक्क सित देश विचार गर्न ।।
आनन्द पूर्वक कहीं पनि वस्न हुन्न ।
इच्छा वमोजिम कहीं पनि घुम्न हुन्न ।।३।।

बच्चाहरूसित वियोग हुँदा कसोरी ।
तिम्रो अडिन्छ मन ? दुःख हुँदा विजोडी ।।
मार्छौं कतै शिशुहरू कहिं वावु आमा ।
के गर्नु ? हुन्छ अपघात थला थलामा ।।४।।

आफ्नै समान अरुका पनि वाल-बच्चा ।
सम्झे त निश्चय थियो निज धर्म सच्चा ।।
स्वार्थी भयौ तर सवै नररूप धारी ।
सत्ता लिने क्षणिक स्वाद लियौ विचारी ।।५।।

गोली र वाण मुटुमा जव लाग्दछन् त्यो ।
पीड़ा असह्य हुन जान्छ सहिन्न त्यस्तो ।।
मर्छौं अचानक त्यहीं अनि ता वियोग ।
बच्चाहरूसित भई हुन जान्छ शोक ।।६।।

मार्छौं कतै शिशुहरू अनि हामिमाथि ।
आई वियोग दुःख पर्दछ त्यो न जाति ।।
यो घातवाट नर हो, कति लाभ मिल्छ ।
हाम्रो भने सकल जीवन नै सकिन्छ ।।७।।

अन्याय यो नगर हे नर ! विन्ति गर्छौं ।
हाम्रो पुकार सुन विन्ति र पाउ पर्छौं ।।
पाऊँ खुशीसित सदा यसवीच खेल्न ।
चाँडै हटोस् सकल दुःख र कष्ट झेल्न ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब हामीले..............

विपीराज दहाल
[शास्त्री द्वितीय वर्ष]
ह० ज० विद्यापीठ, जनकपुर

भावनाका कुराहरूमा रुमल्लिने होइन
वास्तविकता चियाउने वेला आएको छ,
मुटु छुने कुराहरूको आडमा नलागी
देख्न सकिने कामहरू गर्नुपरेको छ।

राष्ट्र र राष्ट्रियता खतरामा परेको छ भनी
कालो विज्ञापन गर्दै हिंड्ने होइन,
निकास दिने उपायहरूको खोजी गरी
केही गरेर देखाउने बेला आएको छ।

पूर्खाहरूको वीरताको गाथा होइन
आफ्नै समयको साँचो कथा भन्नुपर्छ,
अंग्रेजहरुको कामको आडमा नाक फुलाउने होइन
आफ्नो अस्तित्वको खोजी गर्ने बेला आएको छ।

अर्काको वहकाउ र लहैलहैमा लाग्ने होइन
आफूलाई चिनेर यथार्थको धरातलमा उभिनुपर्छ,
अनि
शासकका महत्वाकांक्षा र भाषणका फुल बुट्टे शब्दभन्दा माथि उठेर
राष्ट्र र राष्ट्रियताको पक्षमा एकजुट हुनुपरेको छ।

एउटालाई मारेर अर्को हाँस्ने होइन
यहाँ काँधमा काँध मिलाई अघि बढ्ने बेला आएको छ,
काला सेता तथा चुच्चे-थेप्चे सबै मिलेर
देश विकासमा अघि वढ्नुपरेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुट्टा तानेर अगाडि जाने प्रवृत्ति छाडेर
स्वस्थ प्रतिस्पर्धाको वातावरण सृजना गर्नु परेको छ,
अर्काको असफलतामा ताली पिट्ने होइन
अब, पछि परेकाहरूलाई डो-याउने बेला आएको छ ।

समग्रमा—
हिमाल र तराई जुट्नुपरेको छ,
पहाड र मधेश मिल्नुपरेको छ
'अनेकतामा एकता नेपालीको विशेषता'
सुनाउने होइन देखाउने बेला आएको छ ।

*

सिन्धुली गौरव

सुजाता दहाल
(शास्त्री प्रथम वर्ष)
ह० ज० विद्यापीठ, जनकपु

सुरक्षित भई बसेको छ महाभारतको काख
सयकडौं खोला खोल्सा सयकडौं पाखा
हज्जारौं छन् पशु पंक्षी यसको आड भित्र
सबको रक्षा गर्ने विश्वास कस्तो छ पवित्र ॥१॥

हिउँ पनि पर्छ कतै कतै गर्मी हुन्छ
लम्बाइ चौडाइ कति भनौं एघार जिल्ला छुन्छ
यसको आडमा सुनकोशी छङछङाउँदै बग्छ
महाभारत अरू धेरै नदी जन्माउँछ ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुनार खेती कति राम्रो देशमै नम्वर एक
अरूखाले फलफूलमा नि लिन्छ यसले टेक
कोइलीको गीत सँगै मयूरको नाच
सवैखाले वन्यजन्तु दिन्छन् यिनको साथ ॥३॥

चुरे सँग जोडिएका साना ठूला फाँट
भञ्ज्याङ र चौतारीको कति राम्रो छाँट
वनपाखा पखेरामा रूख लता बुटा
फुल्छन् फल्छन् वसन्तमा पलाउँछन् ठुटा ॥४॥

अंग्रेजका सेनाहरू यहाँवाटै भागे
उपनिवेशको सपना पनि त्यहींवाट त्यागे
सिस्नाको पोलाइ अनि अरिङ्गालको चिलाइ
किन सक्थे खप्न अंग्रेज नेपालीको हनाइ ॥५॥

अनेक छन् जात जाति अनेक छन् संस्कृति
मिलिजुलि वस्छन् सबै यहाँ छन् जे जति
ऐतिहासिक महत्व र प्राकृतिक सौन्दर्य
यसमा हाँस्न खेल्न पाउने हामी धन्य धन्य ॥६॥

हरिदासको दुःखद अन्त्य

श्री दुर्गाप्रसाद घिमिरे
(उप-प्राध्यापक)
ह० ज० वि० पी०, जनकपुर

आज कृष्णा गन्डकी र रिडी खोलाको दोभानमा लाश जलि-रहेको छ। वास्तवमा आज सर्वभक्षीका रुपमा दन्किरहेको अग्निले कृष्णा गण्डकी र रिडी खोलाको संगमस्थलको जलप्रवाहमा रक्तिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश दिइरहेको छ । चितामा दन्किरहेको रातको त्यस अग्निले देखो मानिसको मनमा कता कता डरलाग्दो स्थिति र जीवन प्रतिको क्षण भंगुरतालाई झल्काइ रहेको छ । रातको २ बजि सकेको हुन्छ, दुई भाइ छोराहरू र केही छिमेकी मलामीहरू सुँक्क-सुँक्क रूदै आफ्ना बाबु र हितैषीको लाश जलाइरहेका छन् । निष्ठुरी कालले कसलाई छोडेको छ र हाम्रा बुवालाई छोड्थ्यो भन्दै छोराहरू मलामी सँग गुन गुनाएको सुनिन्छ । उनीहरूको प्रत्येक वाणीमा रोदनको आवाज मिसिएको हुन्छ ।

सूर्यग्रहणको समय पारी कुरुक्षेत्रमा स्नान गर्न जाने हरिदासको इच्छा रहेको हुन्छ । धेरै पहिले देखि नै जाने मानसिक संकल्प लिए पनि उनको इच्छा पूरा भएको हुदैन । सन्तानका नाममा मनोज र सरोज दुई छोराहरु मात्र हुन्छन् । उनीहरु वयस्क भइसकेकाले घरजम पनि गरिसकेका हुन्छन् । त्यसै अवधिमा हरिदासले आफ्ना छोरा-हरुलाई आफ्नो प्रवल इच्छा हुँदा हुँदै पनि कुरुक्षेत्रको तीर्थस्नान गर्न नपाएको सुनाउछन् । वाल्यावस्थामा नै आमाको परलोक भएको कारण मातृस्नेहवाट वञ्चित हुन बाध्य भएका ती छोराहरु पितृभक्ति-लाई नै सर्वस्व ठानी वाबुको इच्छा पूरा गराउने अठोट गर्दछन् । ७०, वर्ष नाघि सकेका वाबुको इच्छा कल्याणदायी इच्छा, नेपाली श्रद्धालु भक्तहरुले गर्दै आएको इच्छा किन छिटै पूरा नगर्ने भनी दुबै भाइले सल्लाह गरी खर्चको व्यवस्था समेत मिलाउँछन् ।

फागुन महिनाको सूर्यग्रहणको अवसर पारी कान्छो छोरा सरोजले वावु हरिदासलाई कुरूक्षेत्र लैंजान्छन् । त्यहाँ सूर्यग्रहण नुहाउने हरूको ठूलो भीड़ लागेको हुन्छ । सूर्यकुण्डमा र ब्रह्मसरोवरमा स्नान गर्नेहरू दुई तीन दिन अघि देखि नै मेला भर्न त्यहाँ आउने गर्छन् । सूर्यग्रहणमा कुरूक्षेत्रको स्नान निकै चर्चित रहेको पाइन्छ भने लाखौंको संख्यामा मानिसहरूको घुइचो लाग्छ । पुण्यात्मा श्रद्धालु धनाढ्यहरूले आवास र भोजनको समेत व्यवस्था फिरी गराएर यात्रुहरुलाई सेवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुऱ्याएको देखिन्छ। त्यस्तै त्यहाँका स्नान गर्ने सरोवरहरुमा सिढ़ी निर्माण गरी व्यवस्थित गरिएको हुनाले पनि यात्रीहरुलाई स्नान गर्न कुनै समस्या पर्दैन। ठाउँ-ठाउँमा पेयजल र शौचालको व्यवस्था गरी यात्रीहरुलाई सक्दो सुविधा दिने प्रयास गरिएको पाइन्छ। सूर्यग्रहणका दिन सरोज र हरिदास पनि त्यहीं सूर्यकुण्डमा स्नान गर्न पुग्दछन्। दुबैले प्रारम्भिक सूर्यग्रहण स्नान गरेपछि नजीकै रहेको ब्रह्म सरोवर तर्फ लाग्दछन्। दुबै बाबु छोराले आश्चर्य मान्दै ब्रह्म सरोवरको विशालता र इतिहासका सम्बन्धमा त्यहाँका एक तीर्थयात्री साथी सँग प्रश्न गर्छन्। त्यसपछि त्यस सरोवरको लामो इतिहास भएको कुरा वताउँदै ती साथीले उत्तरमा भन्छन्—"महाभारतकालीन अवस्थामा भीमसेन र दुर्योधनको गदायुद्ध त्यहीं नै भएको र युद्ध हुदा हुँदै भीमसेन सँग हार्ने स्थिति आएपछि दुर्योधन त्यसै सरोवर भित्र लुकेको हुन्छ। पछि भीमसेनले आफ्नो अस्त्र गदा घुमाएर जल आलोडन गर्दा घुमेको जलको वेग सँगै दुर्योधन माथि निस्कन्छ। त्यसपछि भीमसेनले अवसर छोपी उसको जंघा तोडिदिन्छन् र अन्त्य गरिदिन्छन्। त्यस अवस्था देखिको लामो इतिहास वोकेको यस तलाउको नाम ब्रह्म सरोवर हो।"

महाभारतकालीन इतिहास वोकेको विशाल सरोवरमा स्नान गर्न पाएकोमा वृद्ध हरिदास अति नै प्रफुल्ल देखिन्छन्। आफ्नो एउटा कान्छो छोरो सरोज वाहेक अरू त्यहाँ कोही नभए पनि सबै तीर्थयात्री हरू आफ्ना साथी जस्ता लाग्छन्। कता कति नेपाली भाषा वोल्ने साथीहरु भेटिए पनि धेरै जसो हिन्दी वोल्ने साथीहरु फेला परेकोले उनलाई लागेको थियो हामी धेरै टाढाको तीर्थ गर्न आएका छौं भनेर। कतै साधुहरुको घुइचो देखिन्छ भने कतै भजनमण्डलीले भजन घन्काइ-रहेको सुनिन्छ। कतै व्यापारका लागि सजाइएका सामग्रीहरू देखिन्छन् यी सबै कुराहरुले गर्दा दुबै वावु छोरा हर्षले गद्-गद् हुन्छन्।

त्यस्तो मेलाको भीड़मा सुखद पक्षका साथै केही दुःखद पक्षहरू पनि साथ साथै रहेका हुन्छन्। दुई जना नेपाली तीर्थयात्री वृद्धाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यारो मुख लगाएर आफ्ना पतिहरू भीडमा अलमलिएको हुनाले खोजी गर्दै घुमिरहेका हुन्छन् । पति वियुक्ताहरुको कारुणिक वचन सुनेपछि के गर्ने भनी दुःखी बन्दै हरिदासका बाबु छोरा आफ्नो बाटो लाग्छन् । अलि पर गए पछि एउटा बालक हराएर खोज्दै गरेकी आमालाई देखी हरिदास र सरोज पनि केही खिन्न जस्ता बन्छन् । सरोजले हिन्दी भाषा बोल्न जाने पनि हरिदासलाई भने जाता है, गरता है, भन्ता है, जस्ता शब्दहरु प्रयोग सन्दर्भमा आउँछन् तर हिन्दी नेपालीको मिश्रित रूप जस्ता देखिने शब्दहरुको प्रयोग गर्दछु भन्ने उनलाई के थाहा ? कति युवाहरुले स्वयंसेवकको भूमिका निर्वाह गर्दै मानिस हराएमा माइकबाट बोलाई सहयोग गरिदिने काम पनि गरेका हुन्छन् ।

सूर्यग्रहण नुहाउन गएका हरिदास र सरोज त्यस्तो भीड़मा पनि उत्साह र उमङ्गका साथ घुमिरहन्छन् । त्यसै बखत दुई छोडुवा साँढेहरुले आफ्नो बलको प्रदर्शन गर्दा "साढेको जुधाइ बाच्छाको मिचाइ" भने झैं त्यहाँका तीर्थयात्रीहरू भागाभागमा पर्दछन् । "हुलमुलमा जीउजोगाउनु अनिकालमा बीउ जोगाउनु" भन्ने उखान सम्झद ज्यान बचाउन दगुर्दा मानिस माथि मानिस परेर कति घाइते बन्न पुग्दछन् । हरिदास र सरोज त्यस भीड़मा घाइते त हुदैनन् तर छलिन्छन् र सरोजले हरिदासलाई खोज्ने प्रयास गर्दछन् । पिताले पनि पहिले सरोज भएको ठाउँतिर खोजी गर्छन् सरोज त्यो ठाउँबाट उत्तरतिर पिताको खोजीमा गएका हुन्छन् । त्यसैले ती दुबै बाबु छोरा अलमलमा पर्दछन् । सरोजले आफ्ना वृद्ध पिता त्यो भीड़मा छलिएको हुनाले सूर्यकुण्डका वरिपरि घुमेर स्नान गरिरहेका वृद्ध व्यक्तिहरुको अनुहारमा आफ्ना बाबुको अनुहार खोजिरहन्छन् । नदेखे पछि हरिभजनमा लागेका कीर्तन मण्डली तिर भेट्न सक्छु कि भन्ने ठानी जहाँ-जहाँ कीर्तन भजन भएको हुन्छ, त्ययाँ त्यहाँ खोज्छन् तर केही उपाय लाग्दैन । त्यसपछि माइकबाट खबर गर्न लगाउछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो भीड़मा वाबुको आगमनको प्रतीक्षामा वसेका सरोजका आँखा पाट्टिन्छन् तर वाबु सँग भेट हुन सक्दैन। दिनको १२ वजे तिर बाट अलमलिएका आफ्ना वावु ५ वजे सम्म भेट न भएको हुनाले "किं कर्तव्य विमूढः" जस्तो भएर भीड़मा घुमिरहन्छन् । त्यहाँका अरू यात्रीहरू विस्तारै-विस्तारै आ-आफ्ना गन्तव्य तर्फ फर्किन लाग्छन् । आफ्ना पिताको अत्तो पत्तो केही नलागेको हुनाले सरोज ब्रह्मसरोवरको डिलमा गई टुक्रुक्क बस्दछन् । उनले मात्र १० मिनेट जति आराम गरेका हुन्छन्, त्यसैबेला तीर्थयात्रीहरू हतार-हतार दगुर्दै पर बजार बाटो सम्म पुग्दछन् । त्यहाँबाट मानिसहरूको कोलाहलपूर्ण ध्वनि सुनिन्छ। मानिसहरूको भीड़ एक कठ्ठा भएको देखी सरोजको मनमा हराएका वाबु नै केही विपत्तिमा पर्नु भयो कि ? भन्ने शंका लाग्छ। गएर यथार्थ बुझ्दा ट्रकको ब्रेक फेल भई बाटो काट्दै गरेका हरिदास-लाई चक्काले कुल्चिएको हुन्छ। परलोकको बाटो समाई सकेका वावुको शरीर देखी सरोजले निकै शोक गर्छन् ।

हाँसेर सुखका साथ, हिंडेथ्यौं तीर्थ गर्न हा !
आज यस्तो दु:खी बन्दै, रूदैछु पितृशोकमा ॥

एकातिर बाबुको लाश तेर्सिएको र अर्कोतिर छोरो पुर्पु रोमा हात राखेर करुण क्रन्दन गरिरहेको देख्दा लाग्थ्यो संसारमा त्यो भन्दा अरू ठूलो दु:खद स्थिति के हुन सक्छ र ? तीर्थ गएर आफ्नो संकल्प पूरा गर्ने इरादा बोकेका हरिदासले सधैका लागि तीर्थयात्रा गरिरहेका जस्तो भयो भन्दै रोइरहेका सरोजलाई त्यहाँका स्थानीय व्यक्तिहरूले ठूलो मानवीय सहयोग गर्छन् । फलस्वरूप सरोजले आफ्ना वाबुको लाश रिडी पुर्‍याउन सफल हुन्छन् ।

नेपालका गुल्मी, पाल्पा, स्याङ्जा, अर्धाखाँची जस्ता जिल्ला-हरूको निकटवर्ती तीर्थका रुपमा रहेको रिडीमा आफ्ना वावुको शरीर पुर्‍याउन पाएकोमा सरोज पनि शोकाकुल अवस्थावाट कर्तव्य तर्फ अघि बढ्छन् । उनले आफ्ना दाजु र छिमेकीलाई खबर गरी वोलाउछन् रातको १० वजे तिर आइपुगेका मनोज र छिमेकीहरू पनि अन्त्येष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यमा तल्लीन भएर लाग्छन् । चिताको अग्नि जलिरहेको बेला सरोज ले तीर्थयात्राको वर्णन र घटित घटना सबै थाहा दिइसकेका हुन्छन् । त्यसैबेला एक मलामीले समय सोद्धा मनोजको ध्यान घडी तर्फ पुग्दछ । घडीमा तीन वजिसकेको हुन्छ । त्यो कुरा सबैले चाल पाउँछन् र हतार हतार कार्य सम्पन्न गर्ने तर्फ सक्रिय वन्छन् ।

उता ऋशीकेश भगवान्को मन्दिरमा आरति गरेको सुनिन्छ । मन्दिरको वाहिर तर्फ झुण्ड्याइएको ठूलो घण्टाको आवाजले रिडीको बजार, वगर सबै तिर थर्काउँछ । त्यसै आवाजका साथ-साथ वजार-वासी स्नान गर्न गङ्गातर्फ लस्कर लागेको देखिन्छ । सरोज, मनोज र मलामीहरू आत्मा ईश्वर र जीवन मरण सम्वन्धी कुरा गरिरहेका हुन्छन् । आयु, कर्म, धन, विद्या र मृत्यु यी पाँच कुराहरू प्राणीहरुले गर्भैदेखि लिएर आएका हुन्छन् भन्ने नीतिमा लेखिएको छ । आज हामीले हरिदासको मृत्यु विदेशमा भयो भनी चिन्ता गर्नु उचित छैन । जे हुन्छ, लेखिएको नै हुन्छ, भन्दै एक विद्वान् मलामीले सबैलाई सम्झाइ रहेका हुन्छन् ।

त्यसैबेला भक्तजनहरू कीर्तन गर्दै ऋशीकेश मन्दिर तर्फ जान रिडी खोलाको फड्के तरिरहेका हुन्छन् । भगवान्को दर्शन गरिसकेपछि एक जना भक्तले लामो समय सम्म तीर्थस्नान गरेर रिडी वसेका हरिदासको कुरुक्षेत्रमा मृत्यु र रिडीमा नै अन्त्य संस्कार भइरहेको खबर सुनाउछन् । थाहा पाउनेहरू मध्ये हरिदासलाई चिन्नेहरु समवेदना प्रकट गर्न किनार तर्फ लाग्दछन् भने नचिन्नेहरू यस्तै हो दैवको लीला "आउनु जानु चलिरहन्छ" भनी अफसोच प्रकट गर्दछन् ।

सर्वभक्षीका रुपमा दन्किरहेको अग्निले बिस्तारै-बिस्तारै लालिमा लाई जलवाट आफूमा नै समाहित गर्न लागेको जस्तो देखिन्छ । पूर्ववा सूर्यले मन्दगतिमा विस्तारै-बिस्तारै अन्धकारलाई लखेटि रहेका हुन्छन् आज पनि सरोजको कारुणिक विलाप सम्झदा मलाई नरमाइ लाग्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसद

नीलकण्ठ भट्टराई
सहायक प्रशासक
ह. ज. वि. पी. जनकपुर

हामी हौं संसद तल्लो माथ्लो,
पश्चिम उत्तर हेर्दै छौं
फर फर पार्दै चञ्चल झण्डा
सत्य असत्य खोज्दै छौं।
(१)
शिरमा घुम्दै हेर्छन् झण्डा
मस्तक भित्र के के भो
सुन्दर देशको गरिमालाई
बोक्ने पेटमा के के भो
(२)
सूर्य चन्द्र चक्षु खोली
हामी भित्रै हेर्दै छौं
सन्तति हाम्रा सांसद ज्यू को
चरित्रलाई कोर्दै छौं
(३)
इतिहास हाम्रो लामो छ
आकृति हाम्रो सानो छ
वैभव हाम्रा ठूला छन्
चुहुने धेरै दुला छन्
(४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास :—

पन्द्रमा हामी जन्मियौं
दांजु र भाइ एकै साथ
सबको बाढी पसेर
दाजुलाई पा-यो एकै गाँस

(५)

म माथि आयो दायित्व
समस्त परिवारको
दु:ख र कष्ट कटाएँ
धारिलो तरवारको

(६)

तीन सुन्ना वर्ष रमाएँ
गरेर ठूलो चयन
शान्तिको ज्योति फिजाएँ
तैपनि शान्ति भएन

(७)

जन्मियो फेरि अर्को भाइ
छयालीस लाग्दैमा
राहु र केतु जुटेछन्
जन्मिदाको वेलैमा

(८)

सौता धेरै भित्रिए
नकटा आँखा तर्दछन्
सबैले यौटै उद्योग
घरवारी वेच्ने गर्दछन्

(९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमुना :—

बनेथे पुर्खा नमुना
साधना शान्ति औतारी
विशाल काया रचेर
न्यायको एउटै चौतारी
(१०)

फेरि :—

काखी मुनि छोपेर
पुराना देउता बोकेर
दम्पति दुवै रमाई
गरौं है भन्दै कमाइ
(११)

पुऱ्याए कोही विदेश
बिना पासै भगाई
आए ती फेरि फर्केर
सुनका गन्जी लगाई
(१२)

वन्दैछन् केही नमुना
गाईलाई वोको बनाई
सर्वोच्च माथि बसेर
दामिलो झण्डा समाई
(१३)

बन्दैछन् कोही नमुना
छोरीलाई छोरो बनाई
सासुकी छोरी साथैमा
गिद्धका टाउका ठड्याई
(१४)

समय सालमा उर्लेर
वहदो हावा चिनेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैभन्दा महङ्गो
पजेरो गाडी किनेर
(१५)

कोही वने नमुना
सांसद भत्ता जोडेर
रोष्टम कुर्सी तोडेर
पजेरो गाडी छोडेर
(१६)

वन्दुक वारुद जोडेर
जनताको टाउको फोडेर
वन्दैछन् अझै नमुना
घरको भाडा छोडेर
(१७)

अझै :—
देख्तै छौं अझै नमुना
देशका सम्पूर्ण कुनामा
वलिष्ठ साँढे जुदाई
वाच्छाको ज्यान लिएको
(१८)

कलिको आयु छोपेर
सत्यको सागर पौडेको
म माथि मुद्दा लगाऊ
भनेर आफै दौडेको
(१९)

यी हाम्रा आँखा उघारी
हेर्दछौं अझै विचारी
भविष्य कति लामो छ
शङ्कर जीको सामु छ।
(२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्तिको आग्रह

घनश्याम घिमिरे
शास्त्री द्वितीय वर्ष
हजारी जनक विद्यापीठ

नेपाल आमा दुई सन्तान आज
किन अमेल भो
न कोही जित्ने न कोही हार्ने
यो कस्तो खेल हो
गोला वारुदले त्यो तिम्रो छाती
हा ! कति थर्किन्छ
कोमल तिम्रो त्यो सानो मुटु
हा ! कति चर्किन्छ
नेपाल आमा ती तिम्रा आँशु
आँखैमा सुकेछ
अहिंसा भन्ने त्यो तिम्रो सन्तान
गर्भ मै चुकेछ
हे आमा ! तिमी नरोउ अब
भक्कानु फोरेर
ती तिम्रा सन्तान आउदैछन् चाँडो
हतियार छोडेर
हे बुद्ध ! तिमी अशान्त भयौं
लौ चाँडो उठन
दुःखका आँशु शान्तिका दूत
लौ चाँडो पुछन
वलमा भन्दा धेरै नै ठूलो
विचारमा शक्ति छ
शान्तिका लागि हे पशुपति !
सबैको भक्ति छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी न जानु पर्ने गयौ

सन्तोष कुमार ठाकुर
उ० म० द्वि० वर्ष
ह० ज० विद्यापीठ, जनकपुर

जानत गयौ राजा धर्ती छाडी गयौ
कसले देखछ भोक र प्यास कसले दिन्छ माया ।

थोरै दिनका रहेछौ राजा छिटै छोडी गयौ
त्यसैले त सबैलाई रुवाएरै गयौ ।

त्यस दिनको कालरात्री कहाँवाट आयो
त्यसैले त प्राणप्यारा तिमी कहाँ गयौ ।

यो धर्तीका प्राणीलाई लाग्यो ठूलो चोट
राजा माथि कसले ग-यो यत्रो विश्वासघात ।।

चाँडै जानु रैछ राजा चाँडै जानु रैछ
त्यसैलै त यति मीठो माया भाको रै छ ।

नारायणहिटी राज दरवारमा भयो अव शून्य
तिमी अव गइ हाल्यौ कसले वुझ्ने मर्म ।

राजा तिमी वीरेन्द्रको बैकुण्ठमा वास
नेपाल र नेपालीको माया स्नेह साथ ।

विष्णु लक्ष्मी भनी सवले ठूलो आदर गर्थे
राजा रानी भनी यहाँ सबै मरि मेट्थे ।।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो महत्त्वपूर्ण मत प्रकट गर्ने वा गर्न पाउने व्यवस्थालाई प्रत्यक्ष प्रजातन्त्र भनिन्छ ।

प्राचीन कालमा प्लेटो, अरस्तुको पालामा ई. पू. ४०० वर्ष पहिला यूरोपकै देश ग्रीक यथेन्स, स्पार्टा, क्रिट, कोरिनथ लगायत अन्य केही देशमा प्रत्यक्ष प्रजातान्त्रिक व्यवस्था थियो । शासनका प्रत्येक कार्यमा जनताहरू आफै उपस्थित भएर आफ्नो मत प्रकट गर्ने गर्दथे । मानौं त्यसैको धरोहरको रूपमा आज २४०० वर्ष पछि पनि यूरोपकै एक सानो देश स्विट्जरलैण्डले त्यही प्रजातन्त्र, खास प्रजातन्त्र, अर्थात् प्रत्यक्ष प्रजातान्त्रिक व्यवस्थालाई अंगाली रहन सक्नु सबैका लागि विशेष चासोको विषय भएको छ ।

वर्तमान समयमा राष्ट्र-राज्यको निर्माण जनसंख्याको आधिक्यता र नागरिकहरूको व्यस्तताले गर्दा प्रत्यक्ष प्रजातन्त्र संभव नभएको पाइन्छ । आज सम्म संयुक्त राष्ट्रसंघको सदस्यता समेत नलिएको स्विट्जरलैण्डमा प्रजातन्त्रका निम्न उपकरण (तरीका वा माध्यम) द्वारा नागरिकहरूलाई देशको शासनमा प्रत्यक्ष सहभागी गराउने व्यवस्था गरिएको छ ।

(१) लोक सभा :-

स्विस नागरिकहरूले आ-आफ्ना कैण्टनहरूमा प्रत्यक्ष प्रजातन्त्रको पहिलो खुड्किलो मानिने स्थानीय सभाको माध्यमबाट लोकसभाको निर्माण गर्दछन् र शासन कार्यमा भाग लिन्छन् । जुन जुन कैण्टनहरूमा लोकसभाको व्यवस्था छ ती ती कैण्टनहरूका २१ वर्ष पूरा पुगेका वयस्क नागरिकहरू यस सभाका सदस्य हुन्छन् । यसको वार्षिक बैठक हुन्छ र कार्यविधि केन्द्रीय व्यवस्थापिकाको जस्तै हुन्छ । यसले जनताको राजनैतिक अधिकार, प्रादेशिक अखण्डता र संविधानको स्वरूप निर्धारण गर्दछ । कानूनको निर्माण, कर निर्धारण, ऋण र अनुदान स्वीकार गर्ने, कार्यपालिका र न्यायाधीशको निर्वाचन इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यहरू गर्दछ। यो पूर्ण संप्रभु हुन्न। यसका अधिकारहरू अलग अलग कैण्टनहरूमा अलग अलग प्रकारका हुन्छन्। लोकसभाको माध्यमबाट प्रत्यक्ष प्रजातन्त्रको सदुपयोग कैण्टनहरूमा मात्र हुन्छ केन्द्रमा हुँदैन।

(२) जनमत संग्रह :–

संवैधानिक प्रश्न बारे जनताको राय बुझ्न अपनाइने प्रक्रियालाई जनमत संग्रह भनिन्छ। जस्तै हाम्रो देश नेपालमा २०३६ साल जेष्ठ १० गते श्री ५ वीरेन्द्रद्वारा नेपालमा नेपालका जनताले सुधारिएको पञ्चायती व्यवस्था चाहन्छन् कि वहुदलीय व्यवस्था भन्ने विषयमा जनताको राय बुझ्न जनमत संग्रह गर्ने घोषणा गरे अनुसार २०३७ साल वैशाख २० गते जनमत संग्रह भएको थियो। त्यस्तै स्विट्जरलैण्डमा व्यवस्थापिकाले पारित गरेका संवैधानिक प्रश्नका विधेयक वा विषयमा जनइच्छा बुझ्न निर्वाचन वा अन्य तरिकाबाट मत संग्रह गर्ने पद्धति अपनाई वहुमतको इच्छानुसार त्यसलाई स्वीकृति वा अस्वीकृतको लागि केन्द्रमा पहिलो र कैण्टनमा प्रयोग गरिने दोस्रो विधि जनमत संग्रह हो। यो २ प्रकारको हुन्छ।

(अ) अनिवार्य जनमत संग्रह,

(आ) वैकल्पिक जनमत संग्रह,

(अ) अनिवार्य जनमत संग्रह :–

स्विस संविधानको आंशिक वा पूर्ण संशोधन वा परिवर्तन सम्वन्धी विषयका कुनै पनि विधेयकलाई जव सम्म जनमत संग्रह द्वारा समर्थन गराइदैन तव सम्म त्यो पूर्ण भएको मानिदैन र देशमा लागू गरिदैन। त्यहाँको संविधानमा भनिएको छ कि –संघको संशोधित संविधान वा उसको कुनै पनि संशोधित अंश तव मात्र लागू गर्न सकिन्छ जव मतदान गर्ने स्विस् नागरिकहरूको वहुमत तथा राज्यहरूको वहुमतले त्यसलाई स्वीकार गर्दैनन्" अर्थात् संविधानमा तव सम्म कुनै संशोधन गर्न सकिदैन जब सम्म जनमत संग्रहद्वारा त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संशोधनलाई स्वीकार गरिदैन।

संशोधन गर्दा त्यो विषय वस्तुलाई दोहोरो समर्थन मिल्नु पर्छ, जसमा पहिलो हो सम्पूर्ण मतदाताहरूको स्पष्ट वहुमत र अर्को सम्पूर्ण कैण्टनहरू मध्ये धेरै जसो कैण्टनहरूको वहुमतद्वारा समर्थन पाउनु आवश्यक छ। जनताको वहुमत र कैण्टनहरुको वहुमतको प्रक्रियालाई हामी दोहोरो समर्थन भन्न सक्छौ। दश पूर्ण कैण्टन तथा एक अर्ध कैण्टनमा साधारण कानूनको लागि पनि जनमत संग्रह गरिन्छ। अन्य कैण्टनहरुमा लोकसभाको व्यवस्था छ। अन्य आठ कैण्टन र एक अर्ध कैण्टनमा साधारण कानूनको सन्दर्भमा ऐच्छिकरुपमा व्यवस्था गरिएको छ।

(आ) वैकल्पिक जनमत संग्रह :–

स्विट्जरलैण्डका सम्पूर्ण कैण्टनलाई लागू हुने प्रकृतिका अध्यादेशहरू जनमतसंग्रहका लागि जनता समक्ष प्रस्तुत गरिन्छ। प्रस्तुत गर्नका लागि मतदान अधिकार पाएका ३०,००० नागरिक या ८ कैण्टनका ३०,००० स्विस नागरिकहरूले यस्तो जनमत संग्रह गर्ने माग गर्न सक्छन्। यस्तो माँग कुनै कानून (अध्यादेश) भएको ९० दिन भित्र गरिसक्नु पर्छ।

व्यवस्थापिकाले सबै जनतालाई लागू हुने कानून तथा विभिन्न सन्धिहरू जस्तै संघीय (केन्द्रीय) सरकारले अन्य देशहरू संग १५ वर्ष वा अनिश्चित काल सम्मको लागि गरिने सन्धिहरूमा जनमत संग्रह गर्नु पर्ने भन्ने विषयका सम्पूर्ण कानूनमा जनमत संग्रह गरिन्छ र सबैमा लागू नहुने भन्ने विषयका कानून वा अध्यादेशमा जनमत संग्रह गरिदैन। कहिले कांही कुनै-कुनै विषय (जस्तै वजेट) मा व्यवस्थापिकाले सबैमा लागू नहुने भनेर घोषणा गरी जनमत संग्रहको झंझटवाट वचाउन पनि सक्छ।

[३] आरम्भक :–

संवैधानिक विषयका प्रश्नहरूमा मात्र जनताको राय वा मत बुझ्न अपनाइने प्रारम्भिक अवस्थालाई प्रारम्भक, आरम्भक वा उपक्रम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ । स्विस नागरिकहरूलाई यो आरम्भकको माध्यमबाट त्यहाँको साधारण कानून बनाउने वा संशोधनको लागि प्रस्ताव गर्ने अधिकार छैन । यसको प्रयोग केवल संवैधानिक विषयमा मात्र गर्न सकिन्छ । संवैधानिक संशोधनका लागि व्यवस्थापिकालाई ५०,००० जनताले ६ महिना भित्र हस्ताक्षर गरी संशोधन प्रस्तावको पूरा प्रारुप तैयार गहेर सदनमा दिनु पर्छ र सो प्रस्तावमा त्यहाँका दुबै सदनले सो विषयमा जनमत संग्रह गर्ने घोषणा गर्दछन् ।

[४] प्रत्यावर्तन (Recal) :-

जनताहरूका प्रतिनिधि जो निर्वाचन द्वारा चुनिएर व्यवस्थापिका, न्यायपालिका, कार्यपालिकामा पुगेका छन् ती व्यक्तिहरूले जनइच्छा बमोजिम काम नगरेमा वा नेपालमा जस्तै भ्रष्ट, अनुत्तरदायी बनेमा त्यहाँका प्रतिनिधिहरूलाई जनताले फिर्ता बोलाउनलाई प्रत्यावर्तन भनिन्छ र फिर्ता बोलाइएका पदाधिकारी वा प्रतिनिधिको स्थान मा पुनः जनताले निर्वाचन द्वारा अन्य व्यक्तिहरूलाई पदासिन गराउन पाउने व्यवस्था छ । नेपालमा पहिला पञ्चायती व्यवस्थाको संविधान अनुसार प्रतिनिधिले आफ्नो उत्तरदायित्व राम्रो सग वहन नगरेमा जनताले प्रत्याह्वान गर्न सक्ने व्यवस्था सैद्धान्तिक रूपमा थियो तर व्यवहारमा त्यो कहिल्यै लागू भएको पाइएन । हालको संसदीय व्यवस्था को संविधानमा चाही प्रत्याह्वान वा प्रत्यावर्तन केहीको पनि व्यवस्था गरिएको छैन, तर स्विट्जरलैण्डमा सैद्धान्तिक र व्यवहारिक दुबै सुचारु ढंगले चलेको छ ।

प्रत्यक्ष प्रजातन्त्रको समर्थनमा तर्क :

प्रत्यक्ष प्रजातन्त्रले गर्दा स्विस नागरिकहरूको अन्तर हृदयमा स्वाभिमान र आत्मगौरवको भावना जागृत भएको पाइन्छ । उनको हृदयमा हामी आफै आफ्नो देशमा शासन गरिरहेका छौं, संविधान र कानून बनाउदछौं, संशोधन गर्दछौं । शासन कार्यका विभिन्न अंगमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाग लिन पाइरहेका छौं भन्दै गौरवको अनुभूति गर्दछन् । प्रत्यक्ष प्रजातन्त्रमा कुनै पनि विषयको अन्तिम निर्णायक भूमिका जनतामा हुने हुँदा सरकारका कुनै पनि अंग निरंकुश हुन पाऊँदैनन् । समय-समयमा विधेयकहरूको समर्थन वा विरोधमा लोकसभा, जनमत संग्रह र आरम्भकको माध्यमवाट राजनीतिक चहल-पहल भैरहेको हुन्छ जसले गर्दा जनतामा राजनैतिक प्रशिक्षण भैरहन्छ । सरकारमा पनि उत्तरदायित्वको भावना वढी हुन्छ र नेपालमा जस्तैं लाउडाकाण्ड, वैंक डलरकाण्ड वा भनौ टनकपुर, पञ्चेश्वर काण्ड जस्ता डरलाग्दा देशलाई दीर्घकालीन रुपमा "असर पुऱ्याउने नकारात्मक कार्य गर्नवाट सरकार वच्दछ । प्रजातन्त्रको शुद्धरुप यही हो र यस्तो व्यवस्था पाउनु एक वरदाननै माने पनि हुन्छ । वर्तमान समयमा यसलाई लागू गर्न जहाँ तहाँ संभव छैन किनभने धेरै जनसंख्या ठूला देश अशिक्षित जनता, जातीय विभेदता, आर्थिक असमानताको ठूलो खाढल इत्यादि-को उपस्थितिमा यो व्यवस्था संभव र सफल हुन गाह्रो हुन्छ ।

विरोधमा तर्क :-

प्रत्यक्ष प्रजातान्त्रिक व्यवस्थामा निर्णायक अधिकार जनतामा हुने हुँदा तत्काल लागू गर्नु पर्ने ऐन कानून लागू हुन सक्तैनन् जसले गर्दा देशको स्थिति विग्रन सक्छ साथै यसले गर्दा व्यवस्थापिकाको स्थान गौण हुन पुग्दछ । सम्पूर्ण जनताले सही पक्षमा मतदान गर्न सक्छन् भन्ने कुन निश्चितता हुंदैन किन भने समाजका टाठा-वाठा मानिसले सीधा-सादा मानिसलाई प्रभावित गारेर मत तान्न सक्छन् । यो व्यवस्था धेरै खर्चिलो र उत्तरदायित्वमा समेत कमी हुने सम्भावना रहन्छ ।

तर यो व्यवस्थाको विरोधमा जे जस्ता तर्कहरू प्रस्तुत गरेता पनि स्विट्जरलैण्डका जनताहरूले प्रत्यक्ष प्रजातन्त्रको नमूनालाई जोगाई राख्न सक्षम भएका हुंदा त्यहाँका जनतालाई धन्यवाद नदिइ रहन सकिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्विट्जरलैण्डमा प्रत्यक्ष प्रजातन्त्र सफल हुनाका कारणहरू :-

स्विट्जरलैण्ड यूरोपको एक सानो देश हो । त्यहाँको जनसंख्या पनि धेरै थोरै छ । त्यहाँका जनता कुशल, शिक्षित जागरुक र कर्तव्यनिष्ठ छन् । धेरै जसो मध्यमवर्गीय जनसंख्या छ । सामाजिक विभेदता छैन अर्थात धनी गरिबको खाडलको दूरी धेरै कम छ । त्यहाँ गत ७०० वर्ष देखि प्रत्यक्ष प्रजातन्त्रको परंपरा चलेको र सो परंपरालाई कायम राख्न त्यहाँका जनता कटीवद्ध रहीरहनु इत्यादि कारणले स्विट्जरलैण्डमा प्रत्यक्ष प्रजातन्त्रको व्यवहारिक नमूना प्रदर्शित भएको पाइन्छ ।

*

चिन्तनको परिधिमा 'हिटलर र यहूदी' उपन्यास

नारायण चालिसे
उप-प्राध्यापक
ह. ज. वि. पी. जनकपुर

'हिटलर र यहूदी' उपन्यास प्रसिद्ध आख्यानकार विश्वेश्वर प्र० कोइराला (१९७१-२०३९) द्वारा लेखिएको उपन्यास हो । यो उपन्यास पढेपछि कोइरालालाई मानवतावादी दृष्टिकोणले प्रभावित व्यक्तित्व भनेर नै चिन्नु पर्छ । यो मोदिआइन पछिको दोस्रो उपन्यास हो जहाँ उपन्यासकारले उपनिषद्,गीता र महाभारत आदिको पौराणिक प्रसङ्गलाई उठाएर मानवताको पक्षमा विचार व्यक्त गरेका छन् । मोदिआइन र हिटलर र यहूदीले वैचारिक समानता राख्दछन् । दुबै उपन्यास उपनिषद्, गीता, पुराण, महाभारत जस्ता पूर्वीय दर्शन र वाङमयहरुको अध्ययन पश्चात् लेखिएका र आध्यात्म दर्शन सम्वन्धी कोइरालाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारका निष्कर्षका रूपमा आएको कृतिहुन् भन्ने बुझिन्छ । अरुले गीता दर्शनवाट के प्राप्त गरे कुन्नि तर उपन्यासकारलाई गीताले कुनै सकारात्मक प्रभाव दिन सकेन । सवैले माने जस्तो कोइरालाले 'गीता' लाई त्यो आदर्श ग्रन्थको रूपमा पाउन सकेनन् । वरु उनी भित्रको मानवीय अहंलाई गीताको कर्मयोगको उपदेशले व्युँझाइदियो । फलस्वरूप महाभारतको धर्मयुद्धलाई कोइरालाले नरसंहारको रुपमा देखे । अनि देखे मानवीय विधि व्यवहारमा वलात् ईश्वरारुढ गर्न खोजिएको ईश्वरीय दासताको क्रूर रूप । त्यसैले महाभारतको युद्धलाई मानवजातिको रक्त रंजित इतिहासको रुपमा व्याख्या गरे । यिनै कुराहरूलाई मोदिआइन र 'हिटलर र यहूदी' उपन्यासमा अभिव्यक्त गरेका छन् कोइरालाले । कोइरालाको मानवतावादी भावनालाई कदर गरेर पनि सो धारणालाई उपनिषद् गीता वा पुराणमा वर्णित विवरणलाई आड लिएर गरिएको व्याख्या प्रति भने पूर्ण समर्थन गर्न सकिदैन । अवश्य पनि महाभारतको कथा कुरुक्षेत्रको महासमरको विवरणले व्याप्त छ अनि गीताले उक्त सामरिक यथार्थलाई कर्मयोगको रुपमा व्याख्या गरेको छ ।युद्धको भयावह वातावरण र तत्कालिक दारुण दृश्य कसैको निम्ति पनि दर्शनीय र प्रिय वस्तु होइन, तथापि युद्ध सँग सम्वद्ध कतिपय आन्तरिक पक्ष भने सर्वथा नकार्न मिल्ने हुदैनन् । हाम्रो हिन्दू आर्य सभ्यताका अनुयायीहरु जो गीतावाट अनुप्राणित छन् सवै यसको गूढतामा यसरी प्रभावित रहने थिएनन् गीतालाई उहिल्यै जलाइनु पर्थ्यो, आदर्श ग्रन्थको रुपमा पूजिन हुदैनथ्यो । यसो भनेर महाभारतको महासमरका त्रुटिहरु प्रति आँखा चिम्लिने चेष्टा भने अवश्य होइन अविजीतको यात्रामा उत्तेजित वनेका शक्ति सम्पन्नहरुका अहंकारले उब्जाएका विकृतिहरु मानव सभ्यताको निम्ति सधैं चुनौती वन्दै आएका कुराहरूमा मेरो सहमति छ । उपन्यासकारको प्रस्तुत उपन्यासमा अभिव्यक्त गीता दर्शन सम्वन्धी मान्यता र उपन्यासकारका मानवताको पक्षमा अभिव्यक्त दुवै विचार मानव जातिको सम्वर्द्धन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकासमा प्रेरकहुन पर्दछ । युद्ध मानवताको हितमा कदापि हुदैन भन्ने कट्टर अभिमत कोइरालाका यी उपन्यासवाट जाहरे हुन्छ ।

प्रस्तुत उपन्यासको महत्वपूर्ण कथ्य मानवतावादी धारणा नै हो । प्रथम र द्वितीय विश्वयुद्धले जर्जर पारेको विश्व मानव सभ्यता र लाखौं निर्दोष मानिसको संहारले थिल्थिलिइएको मानव मस्तिष्कले निकास खोज्ने सन्दर्भ नै उपन्यासकारको प्रस्तुत अभिव्यक्ति हो । मानवताको कुनै देश हुदैन, जात धर्म एवम् सम्प्रदायको नाराले पनि मानवताको सीमा निर्धारण गर्न सक्दैन । "वसुधैव कुटुम्बकम्" मानवताको उद्घोष गर्ने विश्वजनीन मान्यता हो । युद्धको विभीषिका, आक्रमण, सार्वभौमिक अतिक्रमण, आतंक, नरसंहार षडयन्त्र र राज-नीतिक क्रियाकलापहरूले विश्वमानवलाई विध्वंसको घानमा पारेकाले सारा मानव जातिमा विसंगतिको सिर्जना गराउँछ । यस भयावह स्थिति वाट मानव जातिले आफ्नो श्रेष्ठत्वको प्राप्तिको निम्ति जीवनमा संगतिको अपेक्षा गर्दछ विभिन्न विसंगतिहरूलाई आत्मसात गर्दै आएको मानिस जाति युद्धविभीषिका, सन्त्रास, अभाव र आक्रमण आदिको विरुद्ध असंगति भित्र संगतिको अन्वेषण गर्न थाल्छ । फलस्वरुप मानिस अस्तित्वको पक्षमा उभिने चेष्टा गर्दछ । त्यतिखेर जतातत‍ै विद्यमान असंगतिहरूको विरुद्ध उसलाई संघर्ष गर्ने उर्जा स्वरूप प्राप्त वैचारिक धारणाहरु नै मानवतावादको स्थापनाका प्रयासहरू हुन् । यहाँ प्रयुक्त उपन्यासकारका धारणाहरू यसै मान्यताका उपज हुन् । समग्र विश्व मानव सभ्यतामा कलंकको टीका वनेका शक्ति सम्पन्न शासकहरुका आडम्बरी अहंकारले उब्जाएका महासमरहरुका विकृत रुपलाई नजिकै-वाट हेर्ने चेष्टा नै प्रस्तुत उपन्यासको पनि सार हो । हितको अर्थमा गरिएका भनिएका कुनै पनि युद्धहरु मानवताको पक्षमा हुदैनन् र भएका पनि छैनन् । युद्धले कसैको जय कसैको पराजय गर्नु भन्दा पनि समस्त मानवजातिको पराजय नै युद्धको निष्कर्ष वन्ने गरेको छ । युद्धले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरौं स्वदेश चिन्तन

चन्द्रकान्त कोइराला 'रौतेली'
उत्तरमध्यमा द्वितीय वर्ष
हिं० ज० विद्यापीठ जनकपुर

हटाऔं मनका मैला गरौं स्वदेश चिन्तन ।
गरौं स्वदेशको रक्षा लागौं राष्ट्र वढाउन ॥
गरौं चिन्तन आफैंमा विश्वसामु उठाउन ।
सबै भाइ मिले हामी हुन्छ राष्ट्र अखण्डन ॥
॥१॥
राष्ट्रको हितका निम्ति जुट्नलाई जरुर छ ।
हामी आफैं मिले मात्र विश्व वन्धुत्व वन्दछ ॥
हामीमा चाहना छैन घुसपैठ लुकाउन ।
स्वदेशीहरू चाहन्छन् वैरीलाई धपाउन ॥
॥२॥
गरौं है राष्ट्र उत्थान विश्व सामु चिनाउन ।
हामीमा लक्ष्य छ यौटै राष्ट्रभाव वढाउन ॥
गरौं आरम्भ आजै नै राष्ट्र शक्ति वढाउन ।
हामी जुटौं न भाइ हो चारै कुना उठाउन ॥
॥३॥
हामी जगौं न नेपाली विश्वलाई वचाउन ।
गरौं न शुभ सङ्कल्प स्वच्छ देश बनाउन ॥
जगाइ तनमा शक्ति राष्ट्र भक्ति गरी रहौं ।
हटाइ देशका वोझ हामी उच्च सदा वनौं ॥
॥४॥
हामी स्वदेशीमा आज खाँचो छ ऐक्यता हुन ।
रहेका देशका मैला दुराचार हटाउन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी भित्र लुकेका छन् राष्ट्रभक्ति र पौरख ।
अनादिकालको हाम्रो इतिहास छ गौरव ॥
॥५॥
रीसराग हटाएर वनौं है आत्म निर्भर ।
पुरियोस् राष्ट्रको खाल्डो भन्छ स्वदेश गौरव ॥
उन्नति देशका निम्ति लगाऔं सव यो मन ।
हटाऔं मनका शंका गरौं स्वदेश चिन्तन ॥
॥६॥

★

उपहार

अन्जना घ ष्ठ
उत्तरमध्यमा द्वितीय वर्ष
ह० ज० विद्यापीठ, जनकपुर

चन्द्रमाको न्यानो किरण संगै
हृदयको अन्तर कुनावाट प्रस्फुटित
चार अक्षरको मात्र एक शब्द
'उपहार' मेरा प्यारा साथीलाई ।

आँखाका कोषहरूवाट हुँदै हृदय माझ
रंगिएका ममताका कणहरू द्वारा
शुभ घडीको शुभ क्षणमा सफलताका
शब्दहरू मेरा प्यारा साथीहरूलाई ।

अस्फूट यो मुहारवाट झल्केर
कैयौं शब्दहरू माझ अल्झदै
र कैयौं शब्दहरू विच चिल्लेटी खेल्दै
रसाएका उपहारका शब्दहरू सबै साथीहरूमा ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'हत्या हिंसा र आतंक रोक्न जीवन होम्दछौं'

जनार्दन भट्टराई 'त्रियुगेली'
शास्त्री प्रथमवर्ष
ह. ज. वि. पी. जनकपुर

शान्त नेपाल देशैमा गौरवान्वित वन्दछौं
अनि हामी विदेशैमा झलझलाकार वन्दछौं ।
लाग्दैनौं कहिल्यै हामी विश्व आतंक मार्गमा
संयुक्त राष्ट्रको संघ छ हाम्रो विश्व माझमा ॥
(१)
बुद्ध जनक सीताको हो शान्तिमय देश यो
तर शान्ति समीपैमा आतंक कसरी भयो ।
अझ भन्नुपरे देखि अशान्ति किन दिन्‌दिन
भयो किन यहीं आज नरसंहार छिन्‌छिन ॥
(२)
बम बारुदको गन्ध नेपाल भरि फैलियो
अनि आतंकको आगो डढेलो भइ सल्कियो ।
हत्या हिंसा र आतंक शान्त नेपालमा भयो
हाम्रो शान्ति कहाँ भाग्यो मित्रता झन् कहाँ गयो ॥
(३)
बुद्धको शान्तिको धाम आज दुःखित वन्दछ
नेपालीत्व वचाउँन आफैं सङ्कट भोग्दछ ।
हाम्रा वीरमहाराजा तिर्माता देशका पनि
पृथ्वीनारायणै ज्यादै रून्छन् देश डुब्यो भनी ॥
(४)
राष्ट्रपिता उनै हाम्रा त्रिभुवन सधैं यहाँ
रुन्छन् देश नियालेर मन बुझ्दैन लौ जहाँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि रुन्छन् उही हाम्रा वराहा कौशिकी तिर
उनकी वाम अङ्गीमा बढेको छ भन्नै पिर ॥

(५)

हे मुक्तिनाथ के हेर्छौ विभत्स देश जो भयो ?
तिम्रो शान्त थियो भाव आज खोइ कहाँ गयो ?
सुदर्शन थियो तिम्रो चक्र धर्म बचाउँने
त्यही आज कहाँ भाग्यो न भागे किन सोँचने ?॥

(६)

चन्द्रशेखर के हेर्छौ हे शम्भु ! किन चूप छौ ?
शक्ति त्रिनेत्रमा तिम्रो छ भने सङ्कट रोकिद्यौ ।
तिम्रा ती रीसका खानी दुर्वासा पनि खै कहाँ
देखेका छौ भने आजै पठाइद्यौ छिटै यहाँ ॥

(७)

किनकि अहिले मात्रै उनी आए भने यहाँ
दुराचार छिटै भाग्ला लम्कलान् सत्यमार्गमा ।
बताउ गणका स्वामी अशान्ति कसरी भयो ?
थाहा छैन तिमीलाई भने मौनरहे भयो ॥

(८)

सक्दैनौं भन हे देवी देवता, जसरी पनि
गर्छौ कोशिस आफैं नै देशहाम्रै त हो भनी ।
माया र ममता हामी देशवासीहरू सबै
यही मुलुकको गर्छौ सम्मान पछि सम्म नै ॥

(९)

समस्या देशको मात्र हैन हाम्रो भन्नैं त हो
लाग्छौं स्वदेश रक्षामा बिग्रयो देश भनी अहो ।
संकटापन्न नेपाललाई हामी बचाउँछौं
हत्या हिंसा र आतंक रोक्न जीबन होम्दछौं ॥

(१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदुपदेश

भोला ठाकुर
उ० म० द्वि० वर्ष
ह० ज० विद्यापीठ
जनकपुर

समयमा विद्यालय जांऊ ।
कक्षामा शान्त बस ।
उच्च लक्ष्य राख ।
नराम्रो शब्द नबोल ।
कक्षामा दिएको काम गर ।
आत्म विश्वास राख ।
असल संगत गर ।
एक आपसमा सहयोग गर ।
समयको सदुपयोग गर ।
नबुझेको सोध ।
गुरुहरूलाई आदर गर ।
कक्षा नछोड ।
आत्म सम्मान बचाऊ ।
नियमको पालन गर ।
अनुशासित बन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष प्रजातन्त्रको प्रतीक स्वीट्जरलैण्ड

भेषराज अर्याल

उप-प्राध्यापक (रा. शास्त्र)

ह. ज. वि. पी. जनकपुरधाम

सुन्दरताको दृष्टिमा पृथ्वीकै स्वर्ग मानिने स्विट्जरलैण्ड यूरोपको केन्द्र भूमिमा अवस्थित छ। यसका छिमेकी देशहरूमा इटाली, फ्रान्स, जर्मन र अष्ट्रिया पर्दछन। जर्मन फ्रेञ्च र इटालियन मूलका नागरिकहरू प्रमुख निवासी रहेता पनि अन्य जाति, भाषा, धर्म तथा भौगोलिक विविधताले युक्त स्विट्जरलैण्डका सम्पूर्ण जनतामा प्रवल राष्ट्रिय एकताको भावना पाइन्छ। भूतकालमा थुप्रै यूरोपेली युद्धहरू तथा विश्व युद्धमा समेत तटस्थताको नीति अवलम्बन गर्न सफल भएको यो भूपरिवेष्ठित मुलुक विश्वकै पहिलो प्रत्यक्ष प्रजातान्त्रिक र गणतन्त्रात्मक मुलुक हो। गण[1]तन्त्रको इतिहासमा यसको सं. रा. अमेरिका जन्मनुभन्दा५००वर्ष पुरानो इतिहास छ। यस देशको राजनैतिक व्यवस्थामा प्रत्यक्ष प्रजातान्त्रिक आधारमा अध्यक्षात्मक तथा संसदीय व्यवस्थाको मिश्रितरूप त्यहा देख्न पाइन्छ। स्विस् महासंघ विश्वको सबै भन्दा सानो संघीय राज्य भएता पनि यसमा १९ वटा संप्रभु क्यान्टनहरू र ६ वटा

१—देशको शासन-प्रणाली जो स्थानीय तह देखि केन्द्रको उपल्लो तह सम्मनै जनता द्वारा निर्वाचित प्रतिनिधिहरुबाट सञ्चालित हुँने रा. व्यवस्था जसलाई जनतन्त्र पनि भनिन्छ। नेपाली वृहद् शब्दकोष
„ त्यस्तो शासन व्यवस्था जसको प्रमुख व्यक्ति जनता द्वारा चुनिएको होस्। निर्वाचित राष्ट्रप्रमुख राष्ट्राध्यक्ष हुने व्यवस्था जस्तै, भारत, अमेरिका, फ्रान्स। **Oxford Adv. Learner's Dictionary of current English.**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्ध क्यान्टनहरू छन् । (अर्थात् जम्मा २२ वटा संप्रभु राज्यहरू छन्) यी स्विस् क्यान्टनले प्रत्यक्ष प्रजातन्त्रको फाइदा लिएका छन् र त्यसको संरक्षण संवर्धन गर्नमा सबै जागरूक छन् । स्विट्जरलैण्डको प्रत्यक्ष प्रजातन्त्रको बारेमा भन्नु भन्दा पहिला प्रजातन्त्रको अर्थ तथा परिभाषाका वरेमा संक्षिप्त परिचित हुनु उचित हुनेछ ।

प्रजातन्त्रको अर्थ :—

प्रजातन्त्रको ठिक अंग्रेजी शब्द Democracy हो । यो शब्द ग्रीक (यूनानी) भाषाको Demos र Kratia शब्द मिलेर बनेको हो । जसमा Demos को अर्थ जनता र Kratia को अर्थ शासन हुन्छ । यसरी शब्दको आधारमा पनि Democracy भनेको प्रजातन्त्र (प्रजाको + तन्त्र = प्रजातन्त्र) हो भन्ने कुरा प्रष्ट हुन्छ ।

परिभाषा :—

हेरोडोडस :—प्रजातन्त्र त्यो शासनको नाम हो, जहाँ राज्यको सर्वोच्च सत्ता जनतामा रहेको हुन्छ ।

अब्राहमलिंकन:—प्रजातन्त्र भनेको त्यो सरकार हो जो जनताको होस्, जनताको लागि होस् र जनताद्वारा सञ्चालन गरिएको होस् ।

सिले :—प्रजातन्त्र शासनको त्यो स्वरूप हो जसमा प्रत्येक व्यक्तिको हिस्सेदारी रहेको हुन्छ ।

लर्ड ब्राइस :—प्रजातन्त्र शासनको त्यो रूप हो जसमा शासनाधिकार विशेष श्रेणीका व्यक्तिहरूमा नभई समाजमा रहेका सम्पूर्ण समुदायका व्यक्तिहरूमा निहित रहेको हुन्छ ।

माथि उललिखित परिभाषाहरू मध्ये अब्राहमलिंकनको परिभाषालाई सर्वमान्य परिभाषको रूपमा लिन सकिन्छ, त्यसकारण प्रजातन्त्रमा वहुसंख्यक जनताको सहभागिता रहने हुँदा प्रजातन्त्रलाई जनतन्त्र वा जनताको शासन पद्धति भनिन्छ । उक्त प्रजातन्त्रलाई २ भागमा विभाजन गर्न सकिन्छ । जसमा—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) अप्रत्यक्ष प्रजातन्त्र,

(ख) प्रत्यक्ष प्रजातन्त्र,

(क) अप्रत्यक्ष प्रजातन्त्र :–

वर्तमान समयमा विश्वमा धेरै प्रजातान्त्रिक देशहरू विद्यमान छन् । ती मध्ये प्रमुख रूपमा अमेरिका, वेलायत, जापान, भारत, फ्रान्स, जर्मन तथा नेपाल आदि देशहरू पर्दछन् । तर यी देशहरूमा जुन प्रजातान्त्रिक व्यवस्था छ त्यो प्रत्यक्ष (शुद्ध) नभएर अप्रत्यक्ष (अशुद्ध) प्रजातन्त्र हो । जनताले ४/५ वर्षमा एक पटक प्रत्यक्ष निर्वाचन मार्फत जनताले आ-आफ्नो मत व्यक्त गरेर आफ्ना प्रतिनिधिहरू छान्दछन् र ती प्रतिनिधि मार्फत व्यवस्थापिका र कार्यपालिका निर्माण हुन्छ । शुरु शुरुमा त ती प्रतिनिधिहरूले मतदाताकै इच्छा, आकांक्षा अनुरूप काम गर्ने आश्वासन दिन्छन् तर पछि गएर भ्रष्ट, स्वार्थी र निरंकुश बन्दछन् उदाहरणको लागि हाम्रै देश नेपालका केही प्रतिनिधि तथा मन्त्रीहरूको हामी प्रत्यक्ष शिकार भएका छौं ।

आज-भोलि प्रजातान्त्रिक देश मानिने उक्त देशहरूमा सिद्धान्ततः जनताको सरकार जनताको लागि हो तर जनता द्वारा सञ्चालित छैन किन भने प्रत्येक जनताले कानून वनाउँदा, कुनै सन्धि संझौता गर्दा वा देशको कुनै महत्त्वपूर्ण कार्य गर्दा प्रत्यक्ष मत प्रकट नगरी आफ्ना प्रतिनिधिहरुद्वारा गर्दछन् त्यस कारण उक्त देशहरूमा प्रजातन्त्रको शुद्ध रूप छैन वा भनौं जनताद्वारा प्रत्यक्षरूपमा संचालित प्रजातान्त्रिक व्यवस्था छैन ।

(ख) प्रत्यक्ष प्रजातन्त्र :–

जुन प्रजातान्त्रिक व्यवस्थामा वालिक नागरिकहरूले आवश्यक परेको समय र विषयमा कुनै निश्चित ठाउँमा जम्मा भै नीति नियम तर्जुमा गर्ने, योजना तथा कानून निर्माण गर्ने, शासनका महत्त्वपूर्ण पदाधिकारीलाई नियुक्त गर्ने, परराष्ट्र मामिला संग सम्वन्धित संझौतामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्माउने शान्ति मूर्दा शान्तिमात्र हो यसले कहिल्यै मानव जातिमा शान्ति र उन्नति ल्याएको छैन चाहे त्यो धर्मको नाममा गरिएको युद्ध होस् या जातिको नाममा वा राष्ट्रको नाममा। युद्ध भयानक त्रासदी हो, यो तिरस्कार योग्य छ भन्ने आन्तरिक सत्यलाई उपन्यासमा अभिव्यक्त गरिएको छ।

'हिटलर र यहूदी' उपन्यासमा जातिगत युद्धको चर्चा छ। यो युद्धमा आर्य मानिसको हिटलरले आफ्ना तमाम विरोधी यहूदी जातिलाई आफ्नो सम्प्रदायको घोर निन्दक बाधक तत्व ठानेर विश्व वाट नै यहूदी (अनार्य) जातिलाई सखाप पारेर निस्कण्टक वन्ने चेष्टामा गरिएको भयानक नरसंहारको रुपमा परिणत भएको कलंकित घटनाकोरुप लिएको छ। कसैको सर्वथा उन्मूलन (पतन) मा नै आफ्नो उत्थान ठानेर गरिएको प्रस्तुत महासमर हिटलरको अमानवीय व्यवहारको उत्कर्ष चेष्टा हो। समर्थवान व्यक्ति शत्रुको पतनमा मात्र आफुलाई सुरक्षित ठान्नु वहादुरी होइन वरु आफ्नो नैतिक वौद्धिक सामर्थ्यले विपक्षीलाई पराजित गराएर मन जितेर शासन गर्नु नै महानता हो। शक्तिले कब्जा गरेको समर्थन दिगो र प्रशंसा योग्य वन्न सक्दैन, वरु वीरताको उपहासको रुपमा यस्ता गतिविधिहरुलाई लिनु पर्ने हुन्छ। अतिवादी चेष्टा सदैव निन्दयीय हुन्छ। लाखौं यहूदी-लाई ग्याँस च्याम्वरमा पोलेर आर्जेको हिटलरको कीर्ति आज विश्व मानव समुदायमा एउटा घिन लाग्दो दुष्कर्मको पर्याय वनेको छ र स्वयं हिटलरको नाम इतिहासका पानामा नरसंहारी राक्षसका रुपमा अंकित भएको छ।

इतिहासको विद्यार्थी नभएका कारण र इतिहासवारे त्यति गहिरो जानकारी नभएकाले समग्र युद्धवारे नकारात्मक दृष्टि राख्ने अधिकार मलाई छैन। हिटलरका सकारात्मक योगदान र यहूदीका नकारात्मक पक्षवारे पनि त्यति भन्न सक्ने अवस्था छैन। अर्को शब्दमा यहाँ कसैको पक्ष विपक्षमा ओकालत गर्नु भन्दा पनि संवेदित मानसि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कताको कारण जर्मनको युद्धमा मानव जाति माथि भएको अत्याचार र दुर्व्यव्यवहारले गर्दा विश्व मानव जातिमा उर्लेको मानवतावादी भावनाको द्योतक रूपमा नै यस्ता विचार आउने गर्दछन् । त्यसैको प्रतिफल हो हिटलर र यहूदीमा अभिव्यक्त मानवतावादी भावना । कुनै मुलुकवाट विस्थापित नागरिकले आफ्नो राष्ट्रिय अधिकार र जातीय उत्थानवारे आफैले वोल्छ । उक्त कथनमा रहेको पीडा, व्यथा र यथार्थको साक्ष्य अर्को व्यक्ति वन्न सक्दैन । यहूदीहरूले अरव इजरायल र पेलेष्टाइन आदि राष्ट्रमा आफ्नो साम्राज्य खड़ा गरेर उनीहरूलाई राष्ट्रवाट धपाएर अरवहरूलाई स्वदेशवाट उखाडेर फ्याकिदिएका व्यथा पनि कर्म मर्मस्पर्शी कहाँ छन् र ? यो कुरा हामीले वोल्न सक्दैनौं यो कुरा सोध्न लेवनानी पत्रकार मिस मार्गरेट संग जानु पर्दछ । उसले यो व्यथा र पीडालाई आफ्नो घाइते छातीमा वोकेर हिडेकी छ । "अरवका लाखौ मानिसलाई निर्मूल गरेर, उनीहरुलाई आफ्नो थलोवाट धपाएर वेघरवार तुल्याएको अत्याचारका प्रति तिमीहरू आँखा चिम्लन्छौ । इजरायल, अनगिन्ती अरवहरूको लाशमा साम्राज्यवादीहरूले आफ्नो दुष्ट उद्देश्यका लागि स्थापित गरिएको हो । पेलेष्टाइन जसलाई आज उनीहरू इजरायल भन्दछन् अरब देश हो । विदेशी हुन् यहूदीहरू त्यहाँ एउटा विदेशीजातिले अरवहरूलाई आफ्नो स्वदेशवाट उखाडेर वाहिर फ्याकिदिएका छन्……" (पृ. ५) । जसरी मिस मार्गरेट उत्तेजित हुन्छे त्यही डेविड (अन्तर्राष्ट्रिय यहूदी संगठनको प्रतिनिधि) लाई सोध्नु पर्दछ यहूदी जातिको पीडाको कथा । "जुन जातिले हालै हिटलर युगको पछिल्लो तीन चार वर्ष मै आफ्ना साठी लाख सदस्यलाई नरनारी, आवाल वृद्ध आफ्नै आँखाका अगाडि भट्टीभित्र खरानी भएको देख्यो त्यसको कुनै पनि प्रतिनिधिले भनेको कुराले हृदयमा स्वीकृतिको ध्वनि उठाउँछ" (पृ. ४) उपन्यासकार नितान्त एकाङ्गी दृष्टिकोण राखेर हिटलरको विरुद्धमात्र खनिएका छैनन् । उनी त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केवल यो अत्याचारवाट आहत छन् चाहे जसरी गरिएको होस् त्यो मानव जाति प्रतिको ज्यादतीले तर्सेका छन् ।

"म किन यहूदीहरुको यातनाले काँतर हुन्छु ? किन अरवमा असंख्य नागरिकहरूको विचल्लीले व्यग्र ? दिन डेविडले मलाई पगाल्छ ? किन मार्गरेटले मोहित ? भगवान ! पूनाकी यहूदीको आज रात खाली नजावस् । लेबनानकी उदर नर्तकीले ग्राहक सून्य हुन नपरोस्....... । (पृ. ८) यसरी उपन्यासकार मानवताले द्रवीभूतभएका छन् । मानव जाति प्रतिको आस्थाले विभोर भएका छन् । मानवीय आस्था विश्वास र अस्मिता माथिको निर्मम आक्रमणले मर्माहत भएका छन् । 'हिटलर' यहाँ प्रतीत मात्र हो निमित्त मात्र हो उपन्यासकार प्रवृत्तिले तर्सेका छन् र असहमति जनाएका छन् । थियोडोराको दर्दनाक प्रेम प्रसंगले उपन्यासकारको मनलाई पोलेको छ । असमयमै हिटलरको क्रूरसेनाको शिकार वन्न पुगेकी इल्जेको वाध्यताले चिसिएका छन् । खोरण्डो सिपाहीका विकृत अनुहारले तर्सेका छन् ग्याँस च्याम्वरमा आलु पोलिए झैं पोलिएका नर नारी वालक बृद्धका चित्कारले झस्किएका छन् हिटलरको घातक अनुहारले क्रुद्ध भएका छन् र मानवीय भावनाले उद्वेलित वन्न पुगेका छन् ।

मानवीय समवेदनाले आर्द्र वनेका उपन्यासकारले हिटलरको नरसंहारी युद्ध र कुरुक्षेत्रको धर्मयुद्धलाई समान नजरले हेर्न पुग्छन् । युद्धको अर्थमा समान भए वाहेक कुरूक्षेत्रको युद्ध र १९३९-१९४५ का विश्वयुद्धमा अन्य समानता भेटिदैनन् । युद्धको नाममा निर्दोष वाल वृद्ध नरनारीको एक विहान पारेर ग्यास च्याम्वरमा आलु पोले जस्तो मानव शरीर पोलेर विजयोन्मादमा रम्ने हिटलरको युद्धले सम्पूर्ण मानवीय संरचनालाई ध्वस्त पार्ने मात्र कार्य गरेको छैन निर्ममता र क्रूरताको जीउदो नमुना नै वन्न पुगेको छ । अवश्य पनि युद्धहरू उद्देश्यले लडिन्छन् र परिणाम पनि उद्देश्यमूलक र ठोस सकारात्मक उपलब्धी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूलक हुनु पर्दछ। रहरले उत्तेजनाले वा सीमित शक्तिको प्रभुत्व स्थापनाको निम्ति गरिएका युद्धहरू कदापि सोद्देश्य युद्ध हुदैनन् र तिनीहरूको परिणाम पनि सदैव निन्दनीय नै हुन्छ र हुनुपर्दछ। विजयको उम्मादले मातिएर कुनै एक जाति, सम्प्रदाय र राष्ट्रको विरुद्ध संप्रभूता कायम गर्ने कुत्सित कर्मको पर्याय वनेर चिनिएको हिटलरको विश्वविजेता अहम्को पछाडि कुनै पनि स्वस्थ कामना थिएन भन्ने कुरा युद्धले छोडेका भयानक त्रासदी युक्त डामहरूले सिद्ध गरेर देखाएका छन्। जुन अनाचार र अत्याचारको विवरण दिइएको छ त्यो किमार्थ धर्म युद्धको अवधारणा भित्र पर्दैन। हिटलरका सिपाहीहरूले सिंगै नगरलाई कब्जा गर्थे। त्यहाँका निर्दोष नर नारी वालक, बृद्ध, रोगी, डाक्टर वकिल, प्राध्यापक, प्रेमी प्रेमिका सबैलाई आफ्नो अधीनमा पारेर आफुलाई काम लाग्ने सुन्दर नवयौवना युवतीहरूलाई आफ्नो र आफ्ना सिपाहीहरूको यौन पिपाशा शान्त गर्ने कार्यमा लगाइन्थ्यो। साना वाल वालिकाका टाउकाहरू कलात्मक पेन्टिङ्ग गरेर सोकेसहरूमा सजाएर राखिन्थ्यो। नारीका हातखुट्टा सुन्दर अंगहरूलाई काटेर महिलाको शरीरको छालावाट जुत्ता वनाएर हिटलरका सिपाहीहरूले आफ्ना प्रेमिकाहरूलाई उपहार पठाउँथे, नारीका सुनकेस्रा रौंहरूलाई काटेर तिनका रौंवाट निर्माण गरिएका कम्मलहरू युद्धवन्दीहरूलाई पठाइन्थ्यो र अन्य काममा आउन नसक्ने जातिलाई ग्यास च्याम्वरमा लगेर एकै क्षणमा खरानी पारिन्थ्यो। सुन्न पनि डरलाग्ने यस्ता विभत्स विवरणहरू हिटलरको महासमरका कटु सत्य घटनाहरू हुन्। यसरी दुराचारमा उत्रेर लडिएको विश्वयुद्धको घोर भर्त्सना गर्न लायक युद्धको नाइके हिटलरले आफुलाई स्वर्गको अधिकारी वन्न पाउँ भनेर गरिएको तर्कलाई उपन्यासकारले महाभारतका नायक कृष्णको कर्म सँग तुलना गर्नु लाई कसै गरी पनि सहमति जनाउन सकिन्न।

युद्धका नियमहरूलाई यदाकदा गल्तीले पालन नगर्नु वाहेक महाभारतमा यस्तो अत्याचार गरिएको छैन। सम्पूर्ण न्यायिक आधार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू र मानवीय विधि व्यवहारहरूमाथि नै प्रश्न उठेको समग्र रूपले अनाचारमा उत्रेको कौरव प्रवृत्ति माथिको युद्ध हो कुरूक्षेत्रको लडाइँ। सत्य र न्यायको पक्षमा असत्य र अन्यायका विरुद्ध धर्म स्थापनाको निम्ति ग रएको महाभारतको युद्धलाई समग्र मानव जातिको हित र उत्थानको अर्थमा लिइएको छ।

ऐतिहासिक महाकाव्य महाभारत र उपनिषद्हरूलाई आधार मानेर रचना गरिएको श्रीमद्भागवत् गीता यी सबै खाले विवादवाट मुक्त रहने ग्रन्थ हो। पुराणहरूका विषयमा प्रशस्त विरोधाभासहरू भेटिएका छन् टिप्पणी गर्न सकिन्छ र ठाउँ ठाउँमा पुराणका कथाहरू अतिरञ्जित छन्, खन्डन योग्य छन् प्रश्न गर्न सकिन्छ। अत्यन्त छोटो (थोरै) मा घेरै रहस्यहरूको जानकारी गराउने ग्रन्थ गीतालाई अभूत-पूर्व मानिको छ। त्यतिमात्र होइन प्रस्तुत ग्रन्थ समय सापेक्ष व्यवहा-रिक र मानवोपयोगी ग्रन्थको रूपमा पनि चिनिन्छ। गीताको विशि-ष्टता र उपादेयताको व्याख्या त्यत्तिकै व्यापक र विशाल पनि छ। गीताले कर्मयोग ज्ञानयोग र भक्तियोगको वारेमा विशद कुरा उठाएको छ। आत्मविश्वास, अन्धविश्वास, कर्मवीरता, कर्मयोग धार्मिक अस्तित्ववाद, भौतिक अस्तित्ववाद, मानववाद आदि बारेमा पनि विशद् चर्चा गरेको छ। केवल कुरुक्षेत्रको युद्धमा श्रीकृष्णले अर्जुनलाई सुर्याएको प्रसंग मात्र गीता होइन। यो त केवल कर्म क्षेत्रबाट पलायन नहुन र मानवीय कर्मलाई पूरा गर्न अग्रसर हुने सन्दर्भमा आइलाग्ने असजिला परिस्थितिहरूमा निर्णय गर्न सक्ने सामर्थ्यको वारेमा दिइएको उदाहरण मात्र हो। मानव धर्म-लाई कुनै निहीत स्वार्थले वसीभूत भएर गरिएको दुष्कर्मका विरूद्ध सत्य र न्यायको पक्षमा निर्भिक भएर अघिवढ़न र वहुजन हिताय आवश्यकता परे स्वजनहरूका विरूद्धपनि न्यायिक धर्म युद्ध गर्नु पाप होइन वरू मानव कर्तव्य समेत हो। त्यसैले संपूर्ण विकृति र विसं-गतिहरूलाई नष्ट गरेर स्वस्थ समुन्नत समाजको निर्माणका खातिर युद्ध पनि कर्म हो र अपरिहर्य कर्म पनि हो। कर्तव्यबाट विचलित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएर धर्मभीरू वा कर्म भीरू वनेर अन्याय सहनुलाई कुनै पनि अर्थमा मानवता मान्न सकिन्न। पतिकूलपरिस्थितिमा आफ्नो वुद्धि विवेक संयम र धर्मलाई नगुमाएर न्याय पूर्वक कुनै कर्म गरिन्छ भने त्यसलाई पाप वा दुराचार मानिंदैन। त्यसैले हे अर्जुन मोहको वसमा परेर यदि तिमीले अन्यायी कौरव प्रवृत्तिका विरूद्ध न्यायिक युद्धको घोषणा गर्दैनौ भने तिम्रो स्वार्थ कौरवहरूको भन्दा पनि निकृष्ट स्वार्थ वन्न जान्छ। यसो भनेर शक्तिको आडमा नरसंहार गरेर आफ्नो संप्रभुता कायम गर्ने भन्ने मेरो सल्लाह होइन। सांसारिक नियम र विधान भन्दा भिन्न तिमी पनि छैनौ म पनि छैन र कोही पनि हुन सक्दैन र यदि कसैले यो अनिवार्यता र अपरिहार्यतालाई बुझ्न पालन गर्न र व्यवहार गर्न चाहादैन गर्दैन भने त्यसको नियतमा दोष छ, त्यो सजायको भागी हुन जान्छ। त्यसमा न्याय अन्यायको कुरा उठाएर विधानलाई अपमान गर्ने अधिकार कसैको हुँदैन भन्ने न्यायिक संविधानको रूपमा गीता दर्शन आएको छ।

यो अर्थमा कृष्णलाई नरसंहारको नायक मानेर हिटलरले कृष्णको दाँजोमा उठ्नलाई गरेका तर्कहरू सर्वथा खण्डनयोग्य छन्। कृष्ण दुराचारी नायक होइनन् जसले जसरी पनि जीत्ने नाउँमा सम्पूर्ण यहूदी जातिको उन्मूलन गरेर निष्कण्टक शासन गर्ने सल्लाह हिटलर-लाई दिन उद्यत रहुन्। गीतामा कहीं कतै पनि युद्धको अनुशासन मानवीय धर्मलाई तोडेर विजयोन्मादको गीत गाउन अर्जुनलाई सुर्याएका छैनन्। युद्धको धर्म नै आफ्ना विपक्षी समूहका हरेक साम-रिक षड्यन्त्रहरूलाई परास्त गरेर आफ्नो पक्षमा विजय हासिल गर्नु हो। यस मानेमा कुरूक्षेत्रको समरमा युद्ध विहित यन्त्रहरूलाई पालन गरिएको छ र शत्रुलाई परास्त गरिएको छ। त्यतिखेर संख्यात्मक र गुणात्मक क्षति पनि बेहोर्नु परेको छ। लाखौं कौरव पक्षीय सेना-हरूलाई मृत्युको महानिद्रामा सुताउनु परेको छ तर कुरूक्षेत्रमा पाण्डव पक्षवाट मारिएका शत्रु सेनाहरूको विवरण त्यति निन्दनीय वनेको छैन। धेरै मानिसको मृत्युमा उत्पन्न हुने मानवीय करूणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवश्य पनि जन्मिन्छ र जन्मेको पनि छ। यसमा विजेता पक्षमात्र न भएर पराजित पक्षपनि उत्तिकै जिम्मेवार हुन्छन्। युद्धको परिस्थिति र वाध्यतानै प्रमुख कारक तत्व भएर आएको हुन्छ। युद्धका कारक तत्व जति अपवित्र र कलुषित हुन्छन् त्यति नै त्यसको परिणति पनि भयानक त्रासदी युक्त हुन्छ। यहूदी जातिको उन्मूलन र विश्व विजेताको अहं पालेर सम्राटको सपना देखेर युद्धका मर्यादा र सीमालाई उलंघन गरेर रणभूमिमा उत्रेको हिटलरले सधैं दायाँ हातमा जर्मन भाषामा अनुदित गीताको ग्रन्थ वोकेर गीताको अपमान गरेको छ। जसरी पनि युद्ध गर र जीतेर शासन गर भन्ने उद्देश्य लिएर हिड़ने उपदेश गीता दर्शनले दिंदैन। उपन्यासकारले गलत व्यक्तिको हातमा गीता थमाएर अपव्याख्या गर्ने अधिकार हिटलरलाई दिएका छन्। हिटलरले गीतालाई काखी च्यापेर ईश्वरसंग प्रतिवाद गर्छ, आफूलाई कृष्णसँग तुलना गर्छ र स्वर्गको अधिकारी वन्न पाउने दावा गर्छ। राजनीतिकर्मीहरूकालागि गीता भरपर्दो ग्रन्थ भए पनि र अनेकौं किसिमका शंशयवाट मुक्त गर्ने ग्रन्थ भए पनि हिटलरले बुझे जस्तो जीत्नकोनिम्ति मानवधर्म विपरीत कर्म गर्न उक्साउने खालको शंशयको निर्मूलता गीताको मर्म अवश्य होइन। भोग तिरष्कृत छ, भोगको नाममा गरिने कर्म तिरष्कृत छ, कर्मको मार्गमा व्यवधान भई आउने दया माया, करूणाहरू तिरस्कृत छन् तर मानव जातिवाट दया, माया, करूणा जस्ता भावको सर्वथा त्याग नै महानता हो भन्ने अर्थ यसको होइन अनि हिट्लरले व्याख्यागर्दैमा यहूदी जाति प्रति गरिएको अन्यायलाई हिट्लरको स्थित:प्रज्ञको नमुना मान्न किमार्थ सकिंदैन।

यसरी मानवता र धर्म सम्वन्धी धेरै रहस्यमय कुराको चर्चा यस उपन्यासमा गरिएको छ। धर्म सम्वन्धी केही रूढ मान्यताहरू संशोधनीय भए पनि सम्पूर्ण आध्यात्मिकदर्शनलाई अनादर गर्न मिल्दैन। उपन्यासकारका केही धारणाहरू स्वागत योग्य रहेपनि सबै विचार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई पूर्वीय मान्यताको आलोकमा सत्य देख्न सकिदैन । जे होस् उप-न्यासकार स्वयं राजनीतिक व्यक्तित्व भएका र मानवीय मूल्य र यान्यता प्रतिको उनको स्पष्ट धारणा रहेकाले केही विमतिहरूलाई मानवताको नजरले सकारात्मक मान्नु पर्ने देखिन्छ । युद्ध समस्याको समाधान र शान्तिको पर्याय होइन जो कोहीवाट पनि यस्ता कर्म हुन्छन् भने ती मानव जातिको निम्ति अहितकर नै हुन्छन् । समन्वय नै युगीय खाँचो हो, अहिंसा नै धर्म हो भन्ने तथ्यलाई उपन्यासकारले पालन पोषण गर्न चाहेको बुझिन्छ ।

*

हाम्रो संस्कृत भाषा

झरिराज कापले
उ. म. द्वितीय वर्ष
ह. ज. वि. पी. जनकपुर

संस्कृत जननी हाम्री संस्कृतै छ मनोहर ।
तै पनि मूर्खले भन्छन् मृत भाषा वरावर ।।
हाम्रो अस्तित्व राखेर संस्कृत लम्किदै छ है ।
विचारेर कोही भन्छन् संस्कार कुन हो त खै ।।
हामी संस्कार त्याग्दैनौं संस्कार द्विज तुल्य छ ।
संस्कृत त्यागने मानिस सानो कृमि समान छ ।।
हाम्रो राष्ट्रिय भाषामा संस्कृत मातृ तुल्य छ ।
हाम्रो अस्तित्व खोजीमा संस्कृत गुरु तुल्य छ ।।
विर्सिन्छ संस्कृत त्यस्ले जस्ले मातृत्व विर्सियो ।
पश्चिमी सभ्यता तर्फ वली जस्तै त तेर्सियो ।।
सारा ब्रह्माण्ड भाकेर प्रार्थना गर्छ है म त ।
संस्कृत सजिलै उम्कियोस् आफ्नो आरोपवाट ल ।।
विश्वको वोलीमा पैले संस्कृतै हो पितामह ।
अन्य भाषा तथा भाषी यसैका सन्तति सव ।।
सारा शास्त्र अडेको त्यो संस्कृत चिरजीवी छ ।
मृत भाषा भन्नेलाई यही यौटा सुझाव छ ।।
यसैमा सकल ज्ञान यसैमा सव पूर्ण छ ।
प्राचीन व्याकरणै यस्को प्राचीन संस्कृति पनि ।
सम्पूर्ण धर्मको सार आर्य संस्कार हो यही ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवको सम्झनामा

विक्रम राज भण्डारी
उ. म. द्वितीय वर्ष
ह. ज. वि. पी. जनकपुर

आँखाको तारा थियौ हृदयको राजा
समाज सेवी देउता थियौ जनताको राजा
छाडी गयौ १९ गते जेष्ठ विरहको आँशु
देउता विनाको भक्त भएछौं, कसरी हामी बाँचौं
खोला नाला सबै सुके वनपाखा रोई
हृदय मै वज्रपात राष्ट्र शोक भई
रूदैछन् अपाङ्गहरू कहाली लाग्दो खडेरीमा
वृद्धाहरूको लाठी भाचियो अन्तिम हजुरको विदाइमा
आमा बुवा कसलाई भन्ने मनको व्यथा कसरी पोखने
स्वार्थी यो दुनियाँमा भगवान् अर्को कसलाई रोजने
हाम्रा राजा त्यागी थिए रानी थिइन् ममताकी खानी
भुलेर कसैको चित्त नदुखाउनेले
हे ! दैव आज किन हुनु पऱ्यो खरानी
कस्तो हजुरको रीति प्रभु ! कस्तो तपाईको नीति
यस्तो विजोक न पार्नु अरू कसैलाई प्रभु ! मेरो छ विन्ती
चाँदनी शाहको त्याग र उपदेश सम्झी दिन्छौं
ज्योति पंखा उज्याली सबै नेपाली शीर
निहुराई दिन्छौं आज हार्दिक श्रद्धाञ्जली ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दु:खबाट बच्ने उपाय

जनक पोखरेल
उ. म. द्वितीय वर्ष
ह. ज. वि. पी. जनकपुर

दु:खवाट वच्ने एउटा मात्र उपाय छ, त्यो हो जे भए पनि खुशी रहने स्वभाव राख्नु पर्दछ। सदा मनमा यो भावना राख्नपर्छ कि हे परमात्मा म जे भएपनि आपत्ति मान्दिन, मलाई जसरी राख्नु हुन्छ म त्यसरी नै तपाईंको इच्छा मानेर खुशी रहन्छु। म आफ्नो कार्य गर्छु तपाई आफ्नो कर्म गर्नु। तपाई जव मलाई केहि काम गर्नवाट रोक्नु हुन्न र म आफ्नो मनमानी गर्छु भने म तपाईलाई कसरी रोक्न सक्छु। यस प्रकारको भावनाले तिमीलाई दु:ख र मानसिक पिडावाट बचाउन सक्छ। जस्तो अवस्थामा पनि खुशी रहन सिक्नु पर्दछ। यदि तिमी धनी छौ र तिम्रो धनले अरूको उपकार हुन्छ भने त्यो अवस्थामा तिमी आफूलाई खुशी मान। यदि तिमी धनी नभएर गरीब छौ भने तिमी यो सोच कि धनी मानिस जस्तो हजारौ चिन्ता जिम्मेवारी र डर जस्तो वोझ तिमीमा छैन भन्ने खुशी मान। यदि तिमी प्रख्यात छैनौ भने यो सोचेर खुशी मान कि, तिमी मानिसहरूको इर्ष्या, द्वेष, शत्रुता र स्पर्धावाट वचेका छौ। यति सव कुरा भन्नुको तात्पर्य यो हो कि यदि तिमी चाहन्छौ भने हर परिस्थितिवाट उसका राम्रा खुशीहरू ग्रहण गरेर सुखी रहन सक्छौ र दुखवाट वच्न सक्छौ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्म

ध्रुवराज आचार्य
उत्तर मध्यमा प्रथम वर्ष
ह० ज० वि० पी० जनकपुर

हामी गरीवको दुःख कस्ले हेर्छ ?
हेरे आफै हो वन्धु ! नहेरे भोकै मर्नु पर्छ ।
गरीब छौं दुःखी अनि वालवच्चा छन् साथमा ।
श्रीमती र आमावाबु सवै आफ्नै हातमा ।।
खेतवारी केही छैन गरी खाऊँ भन्दा ।
काम कतै पाईदैन वालवच्चा रुँदा
छोरा छोरी रुन थाल्छन् पेट रित्तो वनी ।।
वुवा जान्छन् धनीका सामु ऋण पाउँ भनी ।।
शोषकी र सामन्ती हुन् साहु फर्की टेढिन्छन् ।।
ठगी खान नपाउँदा भित्र भित्रै जुर्मुरिन्छन् ।।
विन्ती गर्छौं प्रभु मालिक काम पाऊँ भनी ।
सामन्त मालिक भन्छन् भोलि आइज भनी ।
यता उता छट्पटायो काम छैन कतै ।
छोराछोरी जोइ भोकै मर्छन् वरा कठै ।।
काम नपाई चारैतिर भौतारिदै हिंड्दा ।
कस्ले हेर्छ तीनलाई यता उता गर्दा ।।
माननीय मन्त्री आउँछन् पजेरोमा चढी ।
भाषण दिन्छन् गाउँघरमा स्तरीय वनी ।।
खोला नभएको ठाउँमा पूल हाल्छु भन्छन् ।
दीन हीनलाई रोजगारी दिलाउँला भन्छन् ।।
गरीव जान्छन् माननीय नमस्कार भनी ।
माननीय रिसाउँछन् साइत विग्र्यो भनी ।।
भोटको वेला गरीवको पाउ ढोग्न आउँछन् ।
यति वेला साइत विग्र्यो भनि रिसाउँछन् ।।
कतै डुल्दै जाँदा पनि काम नपाउनु ।
के गरीवको ज्यान हैन भोक भोकै मर्नु ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"पहिरो जान्छ"

शिवराज उपाध्याय
उत्तरमध्यमा द्वितीय वर्ष
ह. ज. वि. पी. जनकपुर

पहिरो जान्छ कमजोर माटोहरूमा
जान्छ पहिरो कमजोर बाटोहरूमा
कमजोर पहाड एवं ढिस्काहरूमा पहिरो जान्छ ।
मनोरम दृश्यहरूलाई डर छ
सुन्दर घरआँगन र खेतवारीहरूलाई भय छ ।
त्रास छ एवं कोलाहल पनि
पहिला गाउँवस्ती नगरलाई
पहिरोको चालचुल थाहा थिएन
वनविनाश, वर्षा र भू–क्षय
रहेछन् पहिरोका प्रिय वस्तुहरू
एक दिन मानिसको भविष्य वगायो
एकदिन आस्था राजनीतिक एवं इमान्दारिता पनि
वगायो, एकदिन विश्वास पनि
सत्य, न्याय, नैतिकता र स्वतन्त्रता पनि
वगायो, कुनै दिन अस्तित्व र समय पनि
त्यसै वेला पहिरो जानै पर्छ र गयो पनि
यो मेरो मान्यता हो ध्रुवसत्य अडान पनि ।
आखिर कमजोर वस्तुहरूमा नै पहिरो जान्छ
गल्छ, ढल्छ र सड्छ लड्छ थाहा नै छ सबैलाई
कडा पत्थरहरूमा कहिल्यै पनि पहिरो जादैन र गएन पनि
न त कठोर पहाडहरूमा नै
न त वलिया ढिस्काहरूमा नै पहिरो जान्छ ।
जुन रहन्छ सधैं अडिग स्थिर
अर्थात वाध्यता केवल वाध्यता
धनी केवल धनी हुदै जान्छ
गरीव केवल गरीवीमा धकेलिदै जान्छ
त्यसै वेला पहिरो जानै पर्छ गयो पनि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिमोहन झा

देवीकान्त लाल कर्ण
उप-प्राध्यापक (मैथिली)
ह. ज. वि. पी जनकपुरधाम

मैथिलीमे विशाल पाठकक वर्गक तैयार करवामे, एकर साहित्यकें भाषान्तरमे सम्मान देअयवमे तथा एकर लोकप्रियता वढयवामे, आधुनिक कालमे जँ ककरो एक गोटाकें श्रेय देल जायत तँ ओ होयताह प्रोफेसर हरिमोहन झा। वस्तुतः यैह अपन रंग विरंगक रचना सँ रूढ़ि पर कठोर प्रहार कऽ मिथिलाक जड़ता कें भंग कयलनि तथा हिनकें उपन्यास कथा सभसँ प्रेरणा लऽ मिथिलाक ललना लोकनि समाजकें विकाशमे अपनाके समर्थ प्रमाणित कयलनि। योग्यपिता पं० जनार्दन झा "जनसीदनक" सुयोग्य पुत्र प्रो० हरिमोहन झा मैथिली साहित्यमे एक नवीन विधा–व्यंग्य–क सृष्टि कयलनि तथा खट्टर ककाक तरंगक रचना कऽ तकरा पुष्टी कऽ देलनि।

हिनक जन्म वैशाली जिलाक कुमर वाजितपुर गाममे १८ सितम्वर १९०५ ई० कें भेलनि। ई अत्यन्त मेघावी छात्र छलाह तथा दर्शन शास्त्रक विद्वान। पहिने पटनाक बी० एन० कालेज, पुनः पटना कालेज, तदनन्तर पटना विश्वविद्यालयक स्नाकोत्तर विभागमे अध्यापन कयलनि। दर्शन शास्त्रक विभाध्यक्षक पदसँ सेवा-निबृत भेलाक वादो पाँच वर्ष धरि विश्वविद्यालय-सेवा आयोगक **Research Professor** रहलाह। हिनक निधन २३ फरवरी १९८४ ई० कें दरभंगामे भऽ गेलनि।

हिनक लेखन-कार्य कहियो रूकल नहि। मृत्युक समयसँ किछु दिन पूर्व धरि ई आतमकथा लिखैत रहलाह जे पछाति जीवन-यात्राक नामसँ प्रकाशित भेल। हिनक विशिष्ट मैथिलीक सेवा कारणें पटनाक मैथिल गोष्ठी द्वारा १९८३ ई० मे एक गोट विशाल अभिनन्दन-ग्रन्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिनका समर्पित कयल गेल। दीर्घ आकारक ५१८ पृष्ठक ओहि अभि-नन्दन-ग्रन्थमें एकानबे रचनाकारक १०६ गोट रचना संकलित अछि।

हिनक प्रकाशित कृति अछि—कन्यादान- १९३३ द्विरागमन १९४३ उपन्यास : प्रणम्य देवता १९४५ रंगशाला १९५० कथा संग्रह खट्टरककाक तरंग १९४९ व्यंग्य : चर्चरी १९६० विविध जीवनयात्रा १९८४ आत्मकथा। एकर अतिरिक्त संगृहीत ११ कथाक संग्रह "एकादशी"क नामसँ सेहो प्रकाशित भेल अछि। हिनक अनेक पोथिक अनेक संस्करण भेल अछि।

उपन्यास आ कथा तँ ई लिखबे कयलनि—एकांकी, प्रहसन, निबन्ध, कविता आदि अन्यान्यो विधापर ई विलक्षण रचनाक सृष्टि कयलनि।

रूढ़ि अन्धविश्वास तथा धार्मिक कर्मकाण्ड पर हिनक काव्य मे कटू किन्तु रोचक हास्य भेटैत अछि। आओर तेँ हिनका आर्य समाजसँ प्रभावित कहल जाइत अछि यद्यपि व्यक्तिगत जीवनमे हिनका पर आर्य समाजक कोनो स्पष्ट छाप दृष्टिगोचर नहि होइत अछि।

हिनक काव्यक भाषा सरल, प्रवाहपूर्ण ओ हृदयग्राही अछि आओर तेँ जतेक वेसी लोकप्रियता हरिमोहन झाकेँ अपन समयमे प्राप्त भेलैन्हि ततेक कोनो अन्य कविकेँ नहि भेटि सकल। हिनक कन्यादान उपन्यास पर अपन मत प्रकट करैत डा० जयकान्त मिश्र कहलैन्हि अछि—The storydoes not reveal the real reason of the popularity of Harimohan jha. His strong propaganda in favour of educating girls on western lines, indeed, excited criticism and he treedto gusti feed his impartiality in the preface to its sequel Dwiragman.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दहेजक विकृति

सुधाकर चौधरी
सहायक प्रशासक
ह० ज० विद्यापीठ, जनकपुर

हम अपना आँगन में बैसल टेबुल क्लोथ वनवैत छलहु तखने वाहर सँ हमरा मायके आवाज दैत वेल्हवाड़वाली काकी आँगनमें प्रविष्ट भेली। हमर माय पटिया दैत बैसवाक आग्रह कयलखिन्ह। पटिया पर बैसैत ओ हमरा माय सँ कहलखिन्ह ऐ हरिपुरवाली कनियाँ कालिह शिवरात्रि छैक तैं हेतु विचार होइत अछि जे यदि अहाँ सँग चलितहुँ तऽ वावा कपिलेश्वर नाथक दर्शन कय अवितहुँ। हमर माय वाजलि हँ ऐ वहिन कहिया सँ हमरो मन लागल छल चलथु वावाक दर्शन कय आवी। ई वात सव सुनि हमरो जयवाक इच्छा भेल। हम माय के कहलियन्हि तोरा सवहक संगे हमहुँ जायव। माय चुप्पे छलि तावत वेल्हवाड़वाली काकी झट दऽ बजली, हँ त चलने संगे जयबे तऽ हमरो सबहक मोटरीके उसासे होयत। हमरा देखा-देखी हमर भौजी सेहो जयवाक लेल माय सँ आज्ञा लेलनि। वेल्हवाड़वाली काकी कालिह भोरहरिया में जयवाक प्लान वनाकऽ चलि गेलीह। सोम दिन रति-गरे उठिकऽ हम सव बिदा होयबाक लेल तयार भेलहुँ। उम्हर सँ वेल्हवारवाली काकीक सँग हमर बहिना आओर टोलक आर लोक सब तैयार भेल अएलि। सब गोटे पैदले विदा भेलहुँ। भोर होइत-होइत कपिलेश्वर स्थान पहुँचलहुँ। सव गोटे धर्मशालाक ओसारा पर बैसि सुस्ताय लगलीह। किछु कालक वाद वेल्हवारवाली काकी वजलीह हे ऐ कनिया सब सँ पहिने हमरा विचार सँ स्नान कय वावाक दर्शन कय लिअऽ तखन निश्चिन्त सँ बैसि आराम करब। कपसिया वाली काकी सेहो हँ में हँ मिलबैत उठि कऽ पोखरि दिश विदा भेलीह। सव आदमी पोखरि में जाऽ कऽ नीक जकाँ स्नान कयल। तकर पश्चात वावाक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शनक लेल सव गोटे फुल बेलपत्र आऽ अछिन्जल लय गीत गवैत मंदिर मै प्रविष्ट भऽ पुजा कयलन्हि । पुजाक वाद सव गोटे मंदिर में नचारी गावय लगलीह । हम तावत मंदिर सँ वाहर आवि मंदिरक आगा में फुल वेचऽ वाली लग ठाढ़ भए प्रतिक्षा करैत छलहुँ तावत एकटा नवयुवक वावाक मंदिर में दर्शन करवाक लेल जयबाकाल हमरा दिशि तकैत भितर दर्शनार्थ गेलाह । निकलवाकाल हमरा पुछलनि गीत गाइन सव अहींक गामक छथि हम मुड़ी डोलवैत कहलियनि हँ । ओ हमरा सँ पुनः प्रश्न कयलनि अहाँक घर कुन गाम अछि । हम लजाइत कहलियनि मोहनपुर, सुनि ओ चल गेलाह । किछु कालक वाद सव गोटे पुजा कय मंदिर सँ वाहर अएलीह सव के विचार भेलन्हि जे भोजन सेहो कइए लेल जाय । चुरा, अचार आऽ नुन सव गोटे गामे सँ लायल रहथि दही आऽ जलवी किनि सव गोटे प्रपन्न भऽ भोजन कयलनि । भोजन कयलाक वाद चादरि ओछा सव गोटे किछु काल आराम कयलनि । तत्पश्चात सव आदमी धिया पुता लेल सनेश किनवाक लेल वजार दिश विदा भेलहुँ । वजार में घुमवाकाल मंदिर में भेंट भेल युवक संग एकटा आर आदमी हमरा लोकनिक आगा-पाँछा करैत छल । एना आगा पाँछा करैत देखि बेल्हवाड़वाली काकी नहुँए सँ वजली ई छौरा सव केना आगा-पाँछा करैत छैक । ताहि पर हमर भौजी झट दऽ टोन दैत वजली, हमरा सभहक आगा पाँछा कियक करत बुझना जाइत अछि जे ओ सव बुच्ची दाई के देखि कऽ मड़राइत छनि मुरझायल फुल पर कहीं भमरा वेसैत छैक । लाल काकी दही में सही करैत वजली से वात तऽ ठीके कहैत छियैक जकर भाग्य मे बुचिया लिखल होयतैक ओ वावाक वड़ सेवा केयने होयत । अहि तरहें सुर्य डुबवा सँ पहिले गाम विदा भेलहुँ । दोसर दिन साँझ में वावुजी अफिस सँ आवि मायके वजेलखिन्ह हे ऐ कहाँ छी, माय घरे में सँ वजलीह की कहैत छी चुल्हा निपि रहल छी । एम्हर कनि आउ तऽ, कोन एहन आवश्यकता परि गेल । आयव तखन ने कहव । माय आवि की कहैत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छी। आइ आफिस में एकटाऽ नवयुवक आयल छल। ओ हमरा सँ वुचिया के विवाहक सम्वन्धमें पुछैत छल। हम कहलियैक पैसा कौरीक अभाव अछि तय हेतु आगा साल देखल जयतैक। ओ के छल से तऽ चिन्हवे नहि कयलियैक। एहन के छल किएक गेल छल ई शंका मन में उठल अछि। माय वजली ओहिना कोई शुभचिन्तक आयल छल होयत।

दोसर दिन भोरे-भोर दूटाऽ नवयुवक वाबुजी के खोजैत दलान पर पहुँचलाह। वाबुजी के कहलखिन्ह अपने सँ किछु काज अछि तय हेतु अएलहुँ अछि। वावुजी जल आनि कऽ दैत हाथ पैर धोवाक लेल आग्रह कयलखिन्ह। हाथ पैर धोलाक वाद शरवत तथा चाह पिलन्हि। तत्पश्चात् वाबुजी पुंछलखिन्ह आव कहु की काज अछि। ओहिमें सँ एकटाऽ युवक वजलाह अपने सँ हम काल्हि आफिस में किछु पुछवाक दुस्साहस कयने छलहुँ ताहि लेल क्षमाप्रार्थी छी। किएक त विना चिन्हा परिचय के ककरो निजी मामिला में हस्तक्षेप केनाई ठीक नहि। वाबुजी कहलखिन्ह नहि नहि कोनो अधलाह वात थोरे पुछलहुँ, परन्च अहाँक गेलाक वाद हमरो शंका अवश्य लागल जे कोनो अपरिचित व्यक्ति एना किएक पुछलक। नवयुवक वजला हँ तय हेतु हम ओकर स्पष्टीकरण देवाक लेल आयल छी।

शंकर वावुक वचवा जयमन्त जे सम्प्रति वी० ए० अंग्रेजी मे कय रहल छथि। विद्यार्थी पढवा में केहन छैक से आर० के० कालेज में जाऽ कऽ पता लगायल जा सकैत अछि। जमीन जाल सेहो पर्याप्त छन्हि, पिता एरिगेशन विभाग में कार्यरत छथिन्ह। लड़का भाई में एकसरे छैक।

जयमन्त अपनेक वचिया सँ आदर्श विवाह करय चाहैत छथि। पिता किछु गाँई गुँई कयलखिन परन्च जयमन्त कहलकनि जे जँ हम विवाह करब तऽ ओही लड़की सँ नहि तऽ विवाहे नहि करव वरु ब्रह्मचर्य व्रतक पालन करव। तय हेतु वंश रक्षार्थ आऽ वेटा के ब्रह्मचर्य व्रतक कठोर व्रत सँ वचयवाक लेल अपनेक स्वीकृतिक हेतु हमरा दुनु गोटे के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पठौलनि अछि। अपनहुँ के अहि सँ निकगर काज आदर्श भेटव कठीन अछि। अपने सँ हमर सवहक आग्रह अछि जे शंकर वावुक निवेदन के स्वीकार कय लेल जाय। वावुजी दू दिनक वाद मधुवनी में आवि शंकर वावु सँ भेट करवाक आश्वासन दैत हुनका लोकनि सँ विदा लेलाह।

दुई दिनक वाद मधुवनीक काली मंदिर में बड़क पिता आऽ हमर वावुके वीच में गप्प-सप्प भेलनि। वावुजी नम्र भाव सँ कहल- खिन्ह अपने जे दया हमरा उपर कयल तकरा लेल हमर परिवार जीवन पर्यन्त ऋणी रहत। ई अपने की कहैत छी हमरा एकटाऽ वालक छथि हुनक खुशिए हमर खुशी अछि। अहि प्रकारें विवाहक दिन तय भेल। सात आदमी सँ विवाह करयवाक लेल अएलाह। शुभ मुहुर्त में विवाह सम्पन्न भेल। हमहुँ नव नव आशाक संग विवाह वेदी पर सँ उटलहुँ,। पतिक संग कोहवर में नाना प्रकारक हास्य विनोदक विच सात दिन वितल आऽ सातमे दिन दुइरागमन भऽ कऽ हम अपन सासुर अएलहुँ हमरा देखि सासुर में सव खुशी भेल सव हमर सुन्दरताक गुणगान करैत रहल आऽ हम सुनि आनन्दित होइत रहलहुँ। समय वितैत गेलैक। किछु वर्षक वाद हमरा वेटी जन्म लेलक। हमर बेटीक जन्म पर कोई खुशी नहि छल।

किछु दिनक वाद सँ पतिक व्यवहार में सेहो अन्तर बुझना जाय लागल। हमरा प्रति आव हुनकर पहिने जकाँ आकर्षण नहि रहल जे पहिने हमर सौन्दर्यक वर्णन करैत काव्य वनबैत छल ओहो कवि आव खिन्न जकाँ रहैत छलाह। एम्हर किछु दिन सँ परिवारक सदस्य सभक व्यवहार मे सेहो निरस्ता बुझना जाइत छल। सासु, ननदि जखन तखन उलहन दैत वजैथि। अहाँक वाप हमरा बेटा के किछु नहि देलक। कम सँ कम एकटा मोटर साइकिल आऽ टि० भीं० सेहो नहि देलक। अहाँक वाप महा धरकट छथि। सव सुनि मनहिमन कानि कऽ मनक पीरा वाहर करवाक प्रयास करी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समय बितैत गेलैक हमर पति बी० ए० पास कय घरे पर बैसल छलाह किएक तऽ नौकरी में जयबाक लेल घुस चाहैत छलैक। पिता घुस देबाक लेल ससुर सँ मांगि कऽ लयबाक लेल कहैत छलखिन्ह। पति हमरा कहलनि जे अहाँ अपना बाबु सँ एकटाऽ मोटर साइकिल आ एकटाऽ टी० भी० के दाम मांगिकऽ लाउ। हम अपना पिताक परिस्थिति देखि मंगवाक साहस नहि जुटा सकलहुँ। एक महीनाक बाद पुनः नैहर सँ सासुर अएलहुँ। सासुर में परिवारक सब सदस्य अपन मांग के बारे में हमरा सँ पुछऽ लागल। हम सबहक मुँह तकैत रहलहुँ जबाब देवाक साहस नहि कऽ सकलहुँ। किछु समय बितल पुनः हमरा-पर पहिनहि जकाँ दबाब पऱ्य लागल। पति महोदय पुनः नैहर तक पहुँचा गेलाह। नैहर में बर साहस कऽ-कऽ एक दिन अपना माय सँ सासुरक मांगक सम्बन्ध में कहलियैक। माय बाबुजीके कहलखिन्ह। बाबुजी अपन आऽ हमर विकट परिस्थिति देखि निस्तब्ध भऽ गेला परन्च हुनक आँखि सँ जल श्राव होइते रहल। हम सासुर नहि जयबाक लेल बाबुजीसँ निवेदन कएल किएक तऽ ओहि ठाम मानव दानव भऽ गेल अछि। बाबुजी बिना किछु बजने उठि गेलाह। प्रातः भोरे ओ हमर सासुर जाऽ कऽ ओहि ठाम सब सँ आरजु-विन्ती कय मोटरसाइक-लक दाम देबा में असमर्थता व्यक्त करैत कहलखिन्ह जे किछु दिनक समय देल जाय। हम खेत बेचि कऽ टी० भी० के दाम दऽ देब। बाबुजी के अएलाक बाद हम पुनः सासुर गेलहुँ। ओहि ठामक परिवारक सदस्य सभक व्यवहार देखि हृदय डेरायल रहैत छल। कालिह घर में किछु कहा सुनि भऽ गेल छल। राति भुखले सुतऽ गेलहुँ। किछु समय पश्चात पति आऽ हुनक माय आबि हमरा देह पर मटिया तेल ढारि देलनि। हम हरवडा कऽ उठलहुँ तावत सलाइयक काठी हमरा भस्म करबाक लेल तैयार भऽ गेल। हम चिचियाय लगलहुँ हमर चिचिएनाई सुनि परोसक लोक सब दौड़ि कऽ जबरजस्ती हमरा घर मे ढुकल परन्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तावत तक हम बेहोश भऽ गेलहुँ । जखन आँखि खुजल तऽ हम अपना के दरिभंगा अस्पताल में बेड पर परल देखलहुँ ।

जे भ्रमर हमर देह रुपी फुल के आगा-पाछा मरराइत छल ओ भ्रमरा आई बाघ बनि हमरा खयबाक लेल तैयार छल । हाय रे दैब ! मैथिल ललनाक सुधि कहिया लेबैक ।

*

आजुक दिन

विमलेन्द्र कुमार उपाध्याय
उ० म० द्वितीय वर्ष
ह० ज० वि० पी० जनकपुर

आजुक दिन हमरा सभहक वड निक अछि ।
आजुक दिन हमरा सभहक बड खराब अछि ॥
आजुक दिन आहाँ सभहक वड परेशानी अछि ।
आजुक दिन आनन्द मे अछि ॥
आजुक दिन हमरा सभहक वढ अनमोल अछि ॥
आजुक दिन हमरा सभहक वड लाभ दायक अछि ॥
आजुक दिन वड दिवाना अछि ।
अजुक दिन वहुत परवाना अछि ॥
आजुक दिन वहुत हमदर्दीकें अछि ।
आजुक दिन वहुत मस्ताना अछि ॥
ताहिलेल इ दिन वहुत दिलदार अछि ।
ताहिलक इ दिन वहुत सुहावन अछि ॥
आजुक दिन हमरा सभहक वड निक अछि ।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जो मरि जो"

अमरकान्त ठाकुर 'अमर'
शास्त्री द्वितीय खण्ढ
ह. ज. विद्यापीठ, जनकपुर

पेटमे पेट सटल,
टउआयल जँका ढार,
पेटमे भुख सँ दर्द भेल
आङ्गन जा बैसली कोन्ह मे।

माय पिताअयल जका
हम भुखाअयल जँका
घरक दशा उदास जका
हम कोन मुँह सँ मँगियौ।

दशा केहन अछि
देखि कानि रहल छी,
छी हम अबोध, नबालक
केनादुन लागिरहल अछि।

भुखे हमरा मुँह में पानि नहि
माय सेहो हमरा दिस घुरैत नहि
हमरा दुर्दशाके भगवान बुझि नहि
की हमरा सभहक विवस्ता नहि ?

हन्डि कराही सुखाअयल
देखि किछु नहि फुराअयल
आ धैर्य राखि बजनौ माय भूईक
ओ नहि ओकर दुःख बाजिउठल
जो मरि जो !

बोल सुनि झुमिगेन्हुँ
अहि रीतमे भुलिगेनौ
भुके माइट मे मिल गेनौ
अहि ठामक दशा सभ जानि गेनौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य आओर न्याय

विजयन्त झा 'पप्पु'
उ. म. द्वितीय वर्ष
ह. ज. वि. पी. जनकपुर

"मनुष्य जब तागत लगबैय"
"पत्थर पाइन बइन जाइय"

अर्थ :—अहां कोनो काम करब त उ काम पूरा हो जाएत ।

सत्य आ न्याय के लेल संघर्ष करू ।
सत्य आ न्याय के लेल मरू ।
सत्य आ न्याय के लेल साथ रहु ।
सत्य आ न्याय के लेल जिबैत रहु ।
सत्य आ न्याय के लेल करू ।
सत्य आ न्याय के लेल मरू ।
ककरो अहित नै करू ।
अन्याय के बाट (रास्ता) छोरू ।
अन्यायी के साथ नै रहु ।
शान्ति के मार्ग चुनुँ ।
शान्ति के मार्ग मे अहाँ आओर सभक, शान्ति होएत ।

[शान्ति मे जीवन सुख अइछ]

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आहाँ सोचु

संजय कुमार झा
उ० म० द्वितीय वर्ष
ह० ज० वि० पी० जनकपुर

कि कहुँ हम कोना कहुँ ।
किछु आहाँ स्वयं सोचु आहाँ ॥
किछु हम किछु आहाँ ।
के छैथि ओ स्वयं सोचु आहाँ ॥
छी हम छी हम आहाँ छी गम ।
ओ छथि संजय स्वयं सोचु आहाँ ॥
ककरा सं पुछु हम ।
हुनका सँ पुछु आहाँ स्वयं सोचता ओ ॥
दिल अछि परेशानी ।
आहाँ छी दिवानी ॥
ओ छथि परवानी ।
स्वयं सोचु आहाँ ॥
कि कहु हम कोना स्वयं छथि ।
ओ भिम कहू हम स्वयं सोचू आहाँ ॥
दिन वितैय आहाँके देखि ।
राती वितैय आहाँक नैन देखि ॥
किछु हम स्वयं सोच आहाँ ।
दिल आहाँक बैइमान अछि नैन आहाँक ।
चमत्कार अछि किछि हम स्वयं सोचु ।
कि कहु हम कोना कहू आहाँ ॥
स्वयं सोचु संजय ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्म योग र लक्ष्य

भानु कोइराला
शास्त्री तृतीय वर्ष
ह. ज. वि. पी. जनकपुर

आएका छौं हामी संसारमा वनी दुई दिनका पाउना ।
मानव लीला सफल पारी विदा हुन्छौं यो संसारमा ॥

वास्तवमा आन्तरिक कल्याणको निम्ति अध्यातम योग द्वारा हामी चित्तशुद्धि गर्दछौं र चित्तशुद्धिकै माध्यमद्वारा हामी आफ्नो लक्ष्यमा पुग्न सफल हुन्छौं। आफ्नो लक्ष्यमा पुग्नु नै अध्यात्म योग हो भन्ने हामी धर्मशास्त्रमा पाउछौं । आफ्नो गन्तव्य स्थानमा पुगेर दुःखको निवृत्ति गर्नु नै अध्यात्म योग हो । यो जीवनको वन्धन अनि मोक्षको कारण नै मन हो । जव मानिस विषयमा आशक्त भएर नै हामीलाई वन्धन को कारणमा पु-याउछ र हामीलाई वन्धनको कारण हुन्छ अनि परमात्मामा अनुरक्त भएर दत्तचित्त भएर काम ग-यो भने मात्र हामी लक्ष्यको अथवा मोक्षको पराकाष्ठामा पुग्दछौं ।

जुन समयमा हामी यो शरीरमा आलस्यको कारणद्वारा काम, क्रोध, लोभ आदि विकारदेखि टाढा हुन्छौं भने मात्र हामी मुक्त एवं शुद्ध हुन्छौं । त्यसै कारण हामी यो विषयमन ती दुवै छुटेर मुक्त एवं शुद्ध रुपमा आउछ । जो मनुष्य दयालु समस्त देहधारीहरूलाई शत्रु-भाव नगर्ने शान्त सरल स्वभाव अनि सत्पुरुषको सम्मान गर्नेवाला हुन्छ, वास्तवमा त्यही भगवानमा अनन्य भाव द्वारा प्रेम गर्दछ । त्यो मानव आध्यात्म योग द्वारा लक्ष्यको पराकाष्ठामा पुग्दछ । लक्ष्यमा पुग्न भावको आवश्यकना पर्दछ । जस्तै :— पुराणमा पाइन्छ एक अम्वरिष नाम गरेका व्यक्ति थिएँ । ऊनले भाव द्वारा वा अध्यातम योग द्वारा भगवानलाई पनि आफ्नो अधीनमा राख्न सफल भएका थिए । भगवानले पनि भन्नु भएको छ यदि जो कोही आफ्नो लक्ष्यमा अडिग भएर काम गर्दछ त्यस भक्तको पराधीनमा हुन्छु । जस्तै (अहं भक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराधीनः) भन्नु भएको छ ।

त्यस्ता अनन्य भक्तलाई जहाँ नै भएपनि जे गरेपनि कुनै प्रकारको कष्ट आउँदैन र सत्पुरुषको समागम द्वारा विभिन्न ज्ञानविषयक कुराहरू गुन्जने गर्दछन् । अध्यात्म योगद्वारा लक्ष्य मार्गको क्रमशः विकास हुदै जान्छ । प्रकृतिको गुणदेखि उत्पन्न भएका शब्दादि विषयक सुखादिको वैराग्ययुक्त ज्ञानवाट लक्ष्यमा समाहित हुन्छ । जसको चित्त एकमात्र अध्यात्म योगमा लागेको छ भने त्यस्ता व्यक्तिलाई वेदविहित कर्ममा लागेको विषयादिको ज्ञान गराउनेवाला (कर्मेन्द्रिय एवं ज्ञानेन्द्रिय) यी दुबै प्रकारमा भगवानको सद्यमुक्ति अहेतुकि साधना हो भनेर भनेको पाइन्छ । विभिन्न विषयादिमा आफ्नो ध्यान नलगाइकन आफ्नो कर्म लक्ष्य हेतु अनुसार आफूले आफ्नो कर्तव्यतालाई पूरा गर्नु एउटा लक्ष्यको उत्कर्षमा पुग्नु नै मानवजीवन हो । अध्यात्मयोग द्वारा सार्थक वनाउनु नै हाम्रो प्रमुख भूमिका रहन्छ । लक्ष्यमा पुग्नु मानवजीवनको दायित्व हो र कर्ममा रम्नु नै मानव जीवन सार्थक हो भन्दै यो लेखन क्रियालाई विराम दिन्छु ।

'जयतु संस्कृतम्' ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो "व्यथा" तिमीप्रति

विष्णुप्रसाद पोड्याल
शास्त्री प्रथम वर्ष
ह. ज. वि. पी. जनकपुर

झर्कोलाग्छ रीस उठ्दछ क्रूर हुन्छु म ।
तिम्रा वाक् प्रतीकका भावहरू सुन्दा ॥
तिरस्कार गरूँ जस्तो लाग्दछ मलाई ।
तिम्रो कुरीति र कुलतलाई विचार गर्दा ॥
मुख बिम्ब नदेखुँ झैं लाग्दछ मलाई ।
तिमीले गरेका सच्चा यथार्थता केलाउँदा ॥
जीवनमा गन्नुना गरूँ झैं लाग्दछ मलाई ।
तिम्रा अन्तरात्माका कण-कण छुट्याई हेर्दा ॥
बम बारूद देखि डर लाग्दछ मलाई त ।
तिमी समयानुकूल हेरी हिड्न न सक्दा ॥
तिम्रो आडम्बरी देखी दिक्क लाग्छ मलाई ।
तिमीले नर साधुमाथि जाई लागेको देख्दा ॥
दिक्क लागि वाक्क गरूँ जस्तो लाग्छ मलाई ।
तिम्रो उछृङ्खलताको वाणी ध्वन्यात्मक हुँदा ॥
मूल नीति रत्ति नजान्ने जस्तो लाग्छ मलाई ।
तिमीले अवसरवादीहरूलाई न चिन्दा ॥
विश्वमा अमरत्व हुन्नौं जस्तो लाग्छ मलाई ।
तिमीले हत्या हिंसा र अत्याचार गरेको देख्दा ॥
नेपालको अस्तितत्व मेटिएझैं लाग्छ मलाई ।
तिमी झैं नरभक्षी उन्मत भएको देख्दा ॥
मुख वन्द गरी आँखा नखोलुँ झैं लाग्छ मलाई ।
तिमीले दीन, हीनलाई रुग्ण पारेको देख्दा ॥
प्रभुले जन्म नदिउन् जस्तो लाग्छ मलाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही नगर

देवराज उपाध्याय
उत्तर मध्यमा द्वितीय वर्ष
ह. ज. त्रि. पी. जनकपुरधाम

एक दिन सखाप पार्न सक्छ आगोले
नराख सुकेका पात पतिङ्गरहरू
घरमा वन जङ्गलबाट ल्याएर
तिमीलाई मार्न सक्छ हिंसक पशुपन्छीले
नङ् पन्जा अनि चुच्चोले
या मर्न सक्छ आफै पिंजराको कैदले
सुन्दर पुतलीले पनि दृष्टि खोस्न सक्छ
अन्धकार संसार वनाएर
नराख आँखामा काँडाहरू
न विझाउने भए पनि
न छोप परेलीको ढक्कनीले
सुन्दर फूल नै भए पनि
एकदिन तिमीलाई कसैले लाश बनाउन सक्छ
तिम्रो तातो रगतलाई जमाउन सक्छ
त्यसैले नगर्नु विश्वास आधुनिक मानवहरूको
नराख्नु प्रचण्ड गर्मीमा हिउका टुक्राहरू
जसले तिमीलाई गलाई दिन सक्छ
नगर्नु मानमर्यादा घेरै अरूलाई
ससैंले तिमीलाई दास वनाउन सक्छ
नगर फूलमालाले पूजा आधुनिक मानवहरूलाई
कहिल्यै ऊ देव होइन दानव पनि वन्न सक्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदेख सपना सधैं रातिमा
त्यसले तिमीलाई रोगी वनाउन सक्छ
नहेर अनुहार सधैं ऐनामा
कसैले ईर्स्या गर्न सक्छ

नगर झुटो आश्वासनको भाषण
भोलि जनताले विश्वास गर्दैनन् तिमीलाई
न गर हत्या हिंसा र अत्याचार
जनताले त्यसको प्रतिकार गरिदेलान् तिमीलाई
नमार वन्दुकका गोलीले हाम्रा दाजु भाइहरूलाई
उनी थिए कतिका लठ्ठीका साहारा र सिउँदोहरू पनि

त्यसैले म भन्छु केही नगर
जसले गर्दा हाम्रो शान्ति खलवलियोस्
भर्खर जन्मेका वच्चाहरूले
स्वतन्त्र रूपमा सास फेर्न पाओस्
सवैले माया ममता
र सुख समृद्धि पाओस्
त्यसैले केही नगर
केही नगर ।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माजीलाई चिठ्ठी

देवीप्रसाद न्यौपाने

शास्त्री प्रथम वर्ष

ह. ज. वि. पी. जनकपुर

श्री परमपूजनीय ब्रह्माजो सादर नमस्कार।

विशेष :—खवर के भने तिम्रो त्यो फुलेको दाह्रीले र निदाएको आँखाले सृष्टि गरेका प्राणी मनुष्य खुब तितर बितर भएका छन्। तिमीले प्रयोगशालावाट फालेका मानवलाई पुनः नियाल्दा के फरक छैन ? यदि छ भने किन चुप ? तर गल्ती मानवको होइन तिम्रो हो, तिम्रो केवल तिम्रो मात्र। त्यसैले त तिमी बोल्दैनौ। बाटामा हिंडेका युवतीहरूको लुगा लगाइ हेर मात्रै लाज छोपेका छन्। केटाहरू हेर कानमा कुण्डल र कपाल पालेका छन्। केटीहरूले सबै फालेका छन्। शान्तिको देश वनायौ तर कदर गर्न सकेनौ र पनि ध्यान र ज्ञानमा मग्न छौ। दिन दिनै मान्छे मारामार गर्छन्, काटाकाट गर्दछन् त्यो पनि लीलामा सीमित छ होला तिम्रो। तिमी सोचौला र भनौला ज्ञानीको वास अज्ञानीको नास तर कस्ले पाप ग-यो र कसलाई नास ग-यो छुट्याउन सकिएन। हिजो रामेको छोरा काले दुई वर्षको नपुग्दै अज्ञात वन्दूक धारीको गोलीले तिम्रो शरणमा प-यो। के पाप ग-यो त्यसले ? किन मग्न छौ ? तिमी भन्दथ्यौ "मेरो बोली वन्दूकको गोली वरावर को हो" तर के काम लाग्ला त तिम्रो वोलीको विचार गर त ! यो पनि नभनेका होइनौ तिमीले मेरो सृष्टिमा जो बादक वन्छ उ मर्छ त्यसैले म तिम्रो बादक हुन्न। तर यो भन्न सक्छु ब्रह्मा मूर्ख हो उसले जे सृष्टि गर्न पनि सक्छ चाहे त्यो मानव होस् या दानव मूर्ख होस् या पटमूर्ख।

साँच्चै भन्नुपर्दा तिमीलाई सृष्टि गर्न नै आउदैन। ब्राह्मणका छोराले संस्कृत पढेर के विगारे र तिमीले दूत पठाई टुप्पी र जनै काटो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगायौ । "तिमी भगवान्को पूजा गर्नु पर्छ भन्दथ्यौ" तर मन्दिरको पुजारीलाई खतम गर्छौ किन ? ब्रह्मा किन ? जवाफ देऊ मौन भई नवस । तिमी सक्दैनौ र जान्दैनौ भने म सिकाउँछु । आऊ तिमी आसन छाडेर । युवतीलाई अगाडि पछाडि लगाई आफ्नैं चरित्रको परिचय दिन्छौ । तिम्रा ती नातागत प्रयोगशालाका वीर्यहरूबाट जानी नजानी कति भूल गर्न लगायौ । तिमीलाई तिम्रा हिंसक दूतहरूले दाजुभाइ-माथि कस्तो परिबन्द लगाएका छन् । बाबुको क्रिया गर्न बसेको छोरा-को हत्या र क्रिया गर्न नपाउने भन्ने नियम तिम्रै मुखारविन्दबाट उच्चारण गऱ्यौ रे हो मेरो प्रश्न छ यो ?

जोगी ब्रह्मा तिमीलाई सृष्टि गर्नमन छ भने आँखा चिम्लेर होइन हेरेर गर । के थाहा निदाएको बेलामा जे पायो त्यही गरेका हौ कि ? आमाको छातीमा बन्चरो र बन्दूक अनि बम गोला बारुद फ्याक्दै छौ । पढ्न न जान्नेलाई हाकिम बनाउँछौ । गरिबको लागि कानून छ भन्छौ र धनीको लागि खै त ? कतिको सिन्दुर पुछ्यौ, कतिको दूध खोस्यौ, कतिको आमा, बाबु, भाइ, छोराछोरी अनि स्वास्नी पनि खोस्यौ बिचाऱ्यौ तिमीले । तिमीत मापा का पो रहेछौ । तिमीलाई त्यो आसनबाट हटाउन सकिन भने म तिम्रो ....होइन ।

राजधर्मीको कुरा गरौं त्यहाँ तिमीले भ्रष्टाचारी, घुसखोरी, चोरी, गुण्डागर्दीको तछाड् मछाड् थुपाऱ्यौ र आफू पन्सियौ । जनता भुलाउने फिलिम बनायौ । युँ युँ हिरोनीहरू अंग प्रदर्शन गर्दछन् । केटाहरू दङ्ग पर्दछन् । ओठमा ओठ जुधाएका तिनलाई कालले कुत्कुत्याएका के हेर्नु ? त्यस्तो फिलिम सक्छौ भने बन्द गराउ होइन भने नग्न गराऊँ हामी एक हातले ताली बजाउँन तत्पर छौं । पाखण्डी, पातकी र अल्पबुद्धि भएका ब्रह्मा बुद्धिमान् बनाउँ हामीलाई झुट्टो आश्वासन नदेऊ । तिम्रा पछि पछि हामी लाग्न तयार छौं । नारीलाई आफ्नो वासनाको साधन मात्र नबनाऊँ । यो भन्न खोजेको होइन मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पराधीनः) भन्नु भएको छ।

त्यस्ता अनन्य भक्तलाई जहाँ नै भएपनि जे गरेपनि कुनै प्रकारको कष्ट आउदैन र सत्पुरुषको समागम द्वारा विभिन्न ज्ञानविषयक कुराहरू गुञ्जने गर्दछन्। अध्यात्म योगद्वारा लक्ष्य मार्गको क्रमशः विकास हुदै जान्छ। प्रकृतिको गुणदेखि उत्पन्न भएका शब्दादि विषयक सुखादिको वैराग्ययुक्त ज्ञानबाट लक्ष्यमा समाहित हुन्छ। जसको चित्त एकमात्र अध्यात्म योगमा लागेको छ भने त्यस्ता व्यक्तिलाई वेदविहित कर्ममा लागेको विषयादिको ज्ञान गराउनेवाला (कर्मेन्द्रिय एवं ज्ञानेन्द्रिय) यी दुबै प्रकारमा भगवानको सद्यमुक्ति अहैतुकि साधना हो भनेर भनेको पाइन्छ। विभिन्न विषयादिमा आफ्नो ध्यान नलगाइकन आफ्नो कर्म लक्ष्य हेतु अनुसार आफूले आफ्नो कर्तव्यतालाई पूरा गर्नु एउटा लक्ष्यको उत्कर्षमा पुग्नु नै मानवजीवन हो। अध्यात्मयोग द्वारा सार्थक बनाउनु नै हाम्रो प्रमुख भूमिका रहन्छ। लक्ष्यमा पुग्नु मानवजीवनको दायित्व हो र कर्ममा रम्नु नै मानव जीवन सार्थक हो भन्दै यो लेखन क्रियालाई विराम दिन्छु।

'जयतु संस्कृतम्'।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो "व्यथा" तिमीप्रति

विष्णुप्रसाद गोड्याल
शास्त्री प्रथम वर्ष
ह. ज. वि. पी. जनकपुर

झर्कोलाग्छ रीस उठ्दछ क्रूर हुन्छु म ।
तिम्रा वाक् प्रतीकका भावहरू सुन्दा ॥
तिरस्कार गरूँ जस्तो लाग्दछ मलाई ।
तिम्रो कुरीति र कुलतलाई विचार गर्दा ॥
मुख बिम्व नदेखुँ झैं लाग्दछ मलाई ।
तिमीले गरेका सच्चा यथार्थता केलाउँदा ॥
जीवनमा ज्ञनुता गरूँ झैं लाग्दछ मलाई ।
तिम्रा अन्तरात्माका कण-कण छुट्याई हेर्दा ॥
वम वारूद देखि डर लाग्दछ मलाई त ।
तिमी समयानुकूल हेरी हिड्न न सक्दा ॥
तिम्रो आडम्वरी देखी दिक्क लाग्छ मलाई ।
तिमीले नर साधुमाथि जाई लागेको देख्दा ॥
दिक्क लागि वाक्क गरूँ जस्तो लाग्छ मलाई ।
तिम्रो उछृङ्खलताको वाणी ध्वन्यात्मक हुँदा ॥
मूल नीति रत्ति नजान्ने जस्तो लाग्छ मलाई ।
तिमीले अवसरवादीहरूलाई न चिन्दा ॥
विश्वमा अमरत्व हुन्नौं जस्तो लाग्छ मलाई ।
तिमीले हत्या हिंसा र अत्याचार गरेको देख्दा ॥
नेपालको अस्तित्व मेटिएझैं लाग्छ मलाई ।
तिमी झैं नरभक्षी उन्मत भएको देख्दा ॥
मुख वन्द गरी आँखा नखोलुँ झैं लाग्छ मलाई ।
तिमीले दीन, हीनलाई रुग्ण पारेको देख्दा ॥
प्रभुले जन्म नदिउन् जस्तो लाग्छ मलाई ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही नगर

देवराज उपाध्याय
उत्तर मध्यमा द्वितीय वर्ष
ह. ज. वि. पी. जनकपुरधाम

एक दिन सखाप पार्न सक्छ आगोले
नराख सुकेका पात पतिङ्गरहरू
घरमा वन जङ्गलवाट ल्याएर
तिमीलाई मार्न सक्छ हिंसक पशुपन्छीले
नङ् पन्जा अनि चुच्चोले
या मर्न सक्छ आफै पिंजराको कैदले
सुन्दर पुतलीले पनि दृष्टि खोस्न सक्छ
अन्धकार संसार वनाएर
नराख आँखामा काँडाहरू
न विझाउने भए पनि
न छोप परेलीको ढक्कनीले
सुन्दर फूल नै भए पनि
एकदिन तिमीलाई कसैले लाश बनाउन सक्छ
तिम्रो तातो रगतलाई जमाउन सक्छ
त्यसैले नगर्नु विश्वास आधुनिक मानवहरूको
नराख्नु प्रचण्ड गर्मीमा हिउका टुक्राहरू
जसले तिमीलाई गलाई दिन सक्छ
नगर्नु मानमर्यादा धेरै अरूलाई
ससैंले तिमीलाई दास वनाउन सक्छ
नगर फूलमालाले पूजा आधुनिक मानवहरूलाई
कहिल्यै ऊ देव होइन दानव पनि वन्न सक्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदेख सपना सधैंरातिमा
त्यसले तिमीलाई रोगी बनाउन सक्छ
नहेर अनुहार सधैं ऐनामा
कसैले ईर्स्या गर्न सक्छ

नगर झुटो आश्वासनको भाषण
भोलि जनताले विश्वास गर्दैनन् तिमीलाई
न गर हत्या हिंसा र अत्याचार
जनताले त्यसको प्रतिकार गरिदेलान् तिमीलाई
नमार बन्दुकका गोलीले हाम्रा दाजु भाइहरूलाई
उनी थिए कतिका लठ्ठीका साहारा र सिउँदोहरू पनि

त्यसैले म भन्छु केही नगर
जसले गर्दा हाम्रो शान्ति खलबलियोस्
भर्खर जन्मेका बच्चाहरूले
स्वतन्त्र रूपमा सास फेर्न पाओस्
सबैले माया ममता
र सुख समृद्धि पाओस्
त्यसैले केही नगर
केही नगर

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्माजीलाई चिठ्ठी

देवीप्रसाद न्यौपाने
शास्त्री प्रथम वर्ष
ह. ज. वि. पी. जनकपुर

श्री परमपूजनीय ब्रह्माजो सादर नमस्कार।

विशेष :—खवर के भने तिम्रो त्यो फुलेको दाह्रीले र निदाएको आँखाले सृष्टि गरेका प्राणी मनुष्य खुब तितर बितर भएका छन्। तिमीले प्रयोगशालावाट फालेका मानवलाई पुनः नियाल्दा के फरक छैन? यदि छ भने किन चुप? तर गल्ती मानवको होइन तिम्रो हो, तिम्रो केवल तिम्रो मात्र। त्यसैले त तिमी बोल्दैनौ। बाटामा हिडेका युवतीहरूको लुगा लगाइ हेर मात्रै लाज छोपेका छन्। केटाहरू हेर कानमा कुण्डल र कपाल पालेका छन्। केटीहरूले सबै फालेका छन्। शान्तिको देश बनायौ तर कदर गर्न सकेनौ र पनि ध्यान र ज्ञानमा मग्न छौ। दिन दिनै मान्छे मारामार गर्छन्, काटाकाट गर्दछन् त्यो पनि लीलामा सीमित छ होला तिम्रो। तिमी सोचौंला र भनौंला ज्ञानीको वास अज्ञानीको नास तर कस्ले पाप ग-यो र कसलाई नास ग-यो छुट्याउन सकिएन। हिजो रामेको छोरा काले दुई वर्षको नपुग्दै अज्ञात वन्दूक धारीको गोलीले तिम्रो शरणमा प-यो। के पाप ग-यो त्यसले? किन मग्न छौ? तिमी भन्दथ्यौ "मेरो बोली वन्दूकको गोली वरावर को हो" तर के काम लाग्ला त तिम्रो बोलीको विचार गर त! यो पनि नभनेका होइनौ तिमीले मेरो सृष्टिमा जो बादक बन्छ उ मर्छ त्यसैले म तिम्रो बादक हुन्न। तर यो भन्न सक्छु ब्रह्मा मूर्ख हो उसले जे सृष्टि गर्न पनि सक्छ चाहे त्यो मानव होस् या दानव मूर्ख होस् या पटमूर्ख।

साँच्चै भन्नुपर्दा तिमीलाई सृष्टि गर्न नै आउदैन। ब्राह्मणका छोराले संस्कृत पढेर के विगारे र तिमीले दूत पठाई टुप्पी र जनै काटो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगायौ । "तिमी भगवान्को पूजा गर्नु पर्छ भन्दथ्यौ" तर मन्दिरको पुजारीलाई खतम गर्छौं किन ? ब्रह्मा किन ? जवाफ देऊ मौन भई नवस । तिमी सक्दैनौ र जान्दैनौ भने म सिकाउँछु । आऊ तिमी आसन छाडेर । युवतीलाई अगाडि पछाडि लगाई आफ्नैं चरित्रको परिचय दिन्छौ । तिम्रा ती नातागत प्रयोगशालाका वीर्यहरूवाट जानी नजानी कति भूल गर्न लगायौ । तिमीलाई तिम्रा हिंसक दूतहरूले दाजुभाइ-माथि कस्तो परिवन्द लगाएका छन् । वावुको क्रिया गर्न वसेको छोरा-को हत्या र क्रिया गर्न नपाउने भन्ने नियम तिम्रै मुखारविन्दवाट उच्चारण ग-यौ रे हो मेरो प्रश्न छ यो ?

जोगी ब्रह्मा तिमीलाई सृष्टि गर्नमन छ भने आँखा चिम्लेर होइन हेरेर गर । के थाहा निदाएको वेलामा जे पायो त्यही गरेका हौ कि ? आमाको छातीमा वन्चरो र वन्दूक अनि वम गोला वारुद फ्याक्दै छौ । पढ्न न जान्नेलाई हाकिम वनाउँछौ । गरिवको लागि कानून छ भन्छौ र धनीको लागि खै त ? कतिको सिन्दुर पुछ्यौ, कतिको दूध खोस्यौ, कतिको आमा, वावु, भाइ, छोराछोरी अनि स्वास्नी पनि खोस्यौ विचा-यौ तिमीले । तिमीत मापा का पो रहेछौ । तिमीलाई त्यो आसनवाट हटाउन सकिन भने म तिम्रो ··· ···· ···होइन ।

राजधर्मोको कुरा गरौं त्यहाँ तिमीले भ्रष्टाचारी, घुसखोरी, चोरी, गुण्डागर्दीको तछाड् मछाड् थुपा-यौ र आफू पन्सियौ । जनता भुलाउने फिलिम बनायौ । युँ युँ हिरोनीहरू अंग प्रदर्शन गर्दछन् । केटाहरू दङ्ग पर्दछन् । ओठमा ओठ जुधाएका तिनलाई कालले कुत्कुत्याएका के हेर्नु ? त्यस्तो फिलिम सक्छौ भने वन्द गराउ होइन भने नग्न गराऊँ हामी एक हातले ताली वजाउँन तत्पर छौं । पाखण्डी, पातकी र अल्पवुद्धि भएका ब्रह्मा बुद्धिमान् वनाउँ हामीलाई झुट्टो आश्वासन नदेऊ । तिम्रा पछि पछि हामी लाग्न तयार छौं । नारीलाई आफ्नो वासनाको साधन मात्र नवनाऊँ । यो भन्न खोजेको होइन मैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा छोरी (बच्चा) जन्माउन जान्दैनौ । फरिया लगाउदैमा अनि केटा घुमाउदैमा मात्र आइमाई बन्न सकिदैन । नवदुर्गा जस्तो शक्तिशाली सरस्वती जस्तो विद्याधारी र अन्य कुराको पनि ज्ञान हुनुपर्दछ ।

तिमीले "अहिंसा परमोधर्म" भन्ने भनाइ फिजाइ झुट्टो आश्वासन दियौ तर म भन्छु सुन "हिंसा हि परमोधर्म" कस्तो लाग्यो मेरो कुरा । किन भनी प्रश्न गर्छौ भने सुन तिमीले वीर गोर्खालीको छोराहरूलाई अगाड़ि बढ्न नदिई बढ्दा बढ्दै निमोठी दियौ । कति विदेशिन वाध्य तुल्यायौ, कति जंगल पसायौ, कतिलाई वीरगतिको घोषणा गरायौ त्यही त हो । अरु बढ़ता के भनौर तिमी आफै बुझ्नुक छौ । एउटा कुरा के भनेनि तिमीलाई त्यो गोली गठ्ठा वोक्न, कम्फु, कराते अनि तुल बम बाल्टीन बम, प्रेसर बम बनाउन आउदैन थियो कसरी सिकायौ त ? तिमीले आफ्नो निर्णय वदल्नु पर्छ, जप तप बन्द गर्नु पर्छ । म तिमीलाई नसावाल भाङ, धतुरो चरेस आदि धेरै प्रकारका खान्कि पठाउछु । तिमी पनि शिवजी जस्तो नाच्न सिक्छौ र बौलाएर यत्र तत्र सर्वत्र आफ्ना वाणी फिजाउछौ । सखाप पार्छौ सबैलाई राज गर्दछौ आफै जे गर्न मन लाग्छ गर्दछौ ।

मेरो सल्लाह मानेनौ भने नराम्रो हुन्छ यो मेरो तिमीलाई चुनौती भयो ।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितामही प्रति श्रद्धाञ्जलि

माधवप्रसाद पोखरेल 'उदयपुरे'
ह० ज० वि० पी० जनकपुर

छुटेन कैल्यै पनि सम्झना यो,
जाँदैन कैल्यै पनि जल्पना यो ।
मेटेर मेटिन्न प्रगाढ वन्दछ,
कता-कताभित्र मुटु चिसिन्छ ॥१॥

अपार श्रद्धा मनले गरेर,
वस्तैछु माया मुटुमा भरेर ।
प्रत्येक रात्री-दिन सम्झनामा,
वित्दो छ मेरो वय कल्पनामा ॥२॥

सुकेर मेरो तन शुष्क वृक्ष,
सरीछ माता ! रसिलो छ अक्ष ।
मुकुन्दको चाह धरेर नित्य,
त्याग्यौ तिमीले भव यो अनित्य ॥३॥

संसारको वैभव तुच्छ ठान्यौ,
मुकुन्द नै आश्रय एक मान्यौ ।
गोलोकमा कृष्णसँगै रमाई,
वस्यौ तिमी आसन नै जमाई ॥४॥

म देख्छु स्वप्ना जननी ! निशामा
मिल्दैन हा ! दर्शन त्यो दिवामा ।
जो वोल्दछ्यौ स्वप्नमहा रमाई ,
त्यो सत्य पार्छैन् हरिले मलाई ॥५॥

विर्सन्न भन्ने वचन जो दिइथ्यौ,
चटक्क यो हा ! किन विर्सिइछ्यौ ?
हे ! रामरेखा ! जननी रमाऊ,
सौभाग्य मेरो शिरमा थमाऊ ॥६॥

जाही जुही चम्पक श्वेतवेली,
गुलाफ इन्दीवर औ चमेली ।
चढाउदै 'माधव' भक्तिराग,
रात्तिर खोज्दैछु अनन्य भाव ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा छोरी (बच्चा) जन्माउन जान्दैनौ। फरिया लगाउदैमा अनि केटा बुमाउदैमा मात्र आइमाई बन्न सकिदैन। नवदुर्गा जस्तो शक्तिशाली सरस्वती जस्तो विद्याधारी र अन्य कुराको पनि ज्ञान हुनुपर्दछ।

तिमीले "अहिंसा परमोधर्म" भन्ने भनाइ फिजाइ झुट्टो आश्वासन दियौ तर म भन्छु सुन "हिंसा हि परमोधर्म" कस्तो लाग्यो मेरो कुरा। किन भनी प्रश्न गर्छौ भने सुन तिमीले वीर गोर्खालीको छोराहरूलाई अगाड़ि बढ्न नदिई बढ्दा बढ्दै निमोठी दियौ। कति विदेशिन वाध्य तुल्यायौ, कति जंगल पसायौ, कतिलाई बीरगतिको घोषणा गरायौ त्यही त हो। अरु वढ़ता के भनौर तिमी आफै बुझ्नुक छौ। एउटा कुरा के भनेनि तिमीलाई त्यो गोली गठ्ठा वोक्न, कम्फु, कराते अनि तुल बम बाल्टीन बम, प्रेसर बम बनाउन आउदैन थियो कसरी सिकायौ त ? तिमीले आफ्नो निर्णय बदल्नु पर्छ, जप तप बन्द गर्नु पर्छ। म तिमीलाई नसावाल भाङ, धतुरो चरेस आदि धेरै प्रकारका खान्कि पठाउछु। तिमी पनि शिवजी जस्तो नाच्न सिक्छौ र बौलाएर यत्र तत्र सर्वत्र आफ्ना वाणी फिजाउछौ। सखाप पार्छौ सबैलाई राज गर्दछौ आफै जे गर्न मन लाग्छ गर्दछौ।

मेरो सल्लाह मानेनौ भने नराम्रो हुन्छ यो मेरो तिमीलाई चुनौती भयो।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितामही प्रति श्रद्धाञ्जलि

माधवप्रसाद पोखरेल 'उदयपुरे'
ह० ज० वि० पी० जनकपुर

छुटेन कैल्यै पनि सम्झना यो,
जाँदैन कैल्यै पनि जल्पना यो ।
मेटेर मेटिन्न प्रगाढ वन्दछ,
कता-कताभित्र मुटु चिसिन्छ ॥१॥

अपार श्रद्धा मनले गरेर,
वस्तैछु माया मुटुमा भरेर ।
प्रत्येक रात्री-दिन सम्झनामा,
वित्दो छ मेरो वय कल्पनामा ॥२॥

सुकेर मेरो तन शुष्क वृक्ष,
सरीछ माता ! रसिलो छ अक्ष ।
मुकुन्दको चाह धरेर नित्य,
त्याग्यौ तिमीले भव यो अनित्य ॥३॥

संसारको वैभव तुच्छ ठान्यौ,
मुकुन्द नै आश्रय एक मान्यौं ।
गोलोकमा कृष्णसँगै रमाई,
वस्यौ तिमी आसन नै जमाई ॥४॥

म देख्छु स्वप्ना जननी ! निशामा
मिल्दैन हा ! दर्शन त्यो दिवामा ।
जो वोल्दछ्यौ स्वप्नमहा रमाई ,
त्यो सत्य पार्छन् हरिले मलाई ॥५॥

विर्सन्न भन्ने वचन जो दिइथ्यौ,
चटक्क यो हा ! किन विर्सिइछ्यौ ?
हे ! रामरेखा ! जननी रमाऊ,
सौभाग्य मेरो शिरमा थमाऊ ॥६॥

जाही जुही चम्पक श्वेतवेली,
गुलाफ इन्दीवर औ चमेली ।
चढाउदै 'माधव' भक्तिराग,
राखेर खोज्दैछु अनन्य भाव ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजारी जनक विद्यापीठमा कार्यरत प्राध्यापकहरू

सि. नं.	नाम	पद	
१.	प्राचार्य श्री कार्तिकेय झा	प्राध्यापक	
२.	डा० श्री गोविन्द चौधरी	प्राध्यापक	
३.	श्री भीमनाथ 'वियोगी'	प्राध्यापक	
४.	श्री केशवशरण उपाध्याय	उप-प्राध्यापक	
५.	श्री गुरूदयाल चौधरी	"	"
६.	श्री दुर्गा प्रसाद घिमिरे	"	"
७.	श्री भरतमणि सुवेदी	"	"
८.	श्री वीरेन्द्र कुमार लाल कर्ण	"	"
९.	श्री भेषराज अर्याल	"	"
१०.	श्री मिथिलेश कुमार ठाकुर	"	"
११.	श्री शिव प्रसाद निरौला	"	"
१२.	श्री तुरापति पोखरेल	"	"
१३.	श्री देवीकान्त लाल कर्ण	"	"
१४.	श्री विनोद साह	"	"
१५.	श्री माधव प्रसाद चालिसे	"	"
१६.	श्री नारायण चालिसे	"	"
१७.	श्री विजय कुमार दत्त	"	"
१८.	श्री रामहरि कोइराला	"	"
१९.	श्री मति प्रसाद ढकाल	सहायक प्राध्यापक	
२०.	श्री देवनन्दन मिश्र	"	"
२१.	श्री राधा प्रसाद यादव	"	"
२२.	श्री कपिलदेव मण्डल	"	"
२३.	श्री जगन्नाथ रेग्मी	"	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजारी जनक विद्यापीठमा कार्यरत कर्मचारीहरू :

सि. नं.	नाम	पद
१.	श्री सुधाकर चौधरी	सहायक प्रशासक
२.	श्री सुभाष पण्डित	लेखा अधिकृत
३.	श्री नीलकण्ठ भट्टराई	सहायक प्रशासक
४.	श्री कृष्ण प्रसाद निरौला	सहायक प्रशासक
५.	श्री विज्ञान प्रसाद नेपाल	हेड असिष्टेण्ट
६.	श्री उपेन्द्र मण्डल	लेखापाल
७.	श्री राजेन्द्र लाल कर्ण	स्टोर किपर
८.	श्री विश्वम्भर झा	हेड असिष्टेण्ट
९.	श्री नारद प्रसाद सापकोटा	" "
१०.	सुश्री हीरा कुमारी	" "
११.	श्री अनन्त नारायण भट्टराई	टा. कम. 'ग'
१२.	श्री विष्णु प्रसाद घिमिरे	सहायक लेखापाल
१३.	श्रीमती सृजना पोखरेल	असिष्टेण्ट स्टोरकिपर
१४.	श्री विन्देश्वर झा	बुक चेकर
१५.	श्रीमती पार्वती देवी मिश्र	" "
१६.	श्री माधव प्रसाद पोखरेल	" "
१७.	श्री विन्देश्वर राय	चौकिदार
१८.	श्री वोधकृष्ण काफ्ले	पियन
१९.	श्री टेक प्रसाद घिमिरे	चौकिदार
२०.	श्रीमती देवका घिमिरे	बगैंचे
२१.	श्रीमती मञ्जु देवी मेस्तर्नी	कुचिकार

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल प्राध्यापक संघ

ह. ज. वि. पी. एकाइ समितिका पदाधिकारीहरू :

सि. नं.	नाम	पद
१	डा० श्री गोविन्द चौधरी	सभापति
२.	श्री केशवशरण उपाध्याय	उप-सभापति
३.	श्री भेषराज अर्याल	सचिव
४.	श्री विनोद साह	उप-सचिव
५.	श्री शिव प्रसाद निरौला	कोषाध्यक्ष
६.	श्री मिथिलेश कुमार ठाकुर	सदस्य
७.	श्री माधव प्रसाद चालिसे	,,
८.	विजय कुमार दत्त	,,
९.	श्री मति प्रसाद ढकाल	,,

ह. ज. वि. पी. स्वतन्त्र विद्यार्थी यूनियन पदाधिकारीको नामावली

सि. नं.	नाम	पद
१.	सन्तोष कुमार ठाकुर	सभापति
२.	संजय कुमार झा	उप-सभापति
३.	मुकुन्द प्रसाद भट्टराई	सचिव
४.	विमलेन्द्र कुमार उपाध्याय	उप-सचिव
५.	महेश्वर प्रसाद घिमिरे	कोषाध्यक्ष
६.	नवीन कुमार मिश्र	सदस्य
७.	जनक पोखरेल	सदस्य

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu